# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार, असोज १८, २०७५ | Thursday, October 4, 2018 | www.newsofnepal.com | नेसं ११३८ अलागा १० | वर्ष २४, अंक २६८ | पृष्ठ १२ | मूल्य रु १०/–









तस्वीर आफैं बोल्छ : रुकुमपूर्वको सिस्ने गाउँपालिका–४ अमलाचौरमा रहेको खोलामा पुल नहुँदा विद्यार्थी जोखिम मोलेरै वारपार गर्दछन् भने खोला ठूलो भई तर्न नसक्दा विद्यार्थीको पठनपाठनसमेत अवरुद्ध हुने गर्दछ। तस्वीर : धनवीर दाहाल/रुकुम

# सांसद र आयुक्तबीच जुहारी

गंगा बराल, काठमाडौं

सिंहदरबारस्थित प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा निर्वाचन आयोगका प्रतिनिधि र सभासद्बीच बुधबार जुहारी नै चल्यो। सांसदहरूले सभासद् हुन पाउनेलगायतका विषयमा आयोगको क्लस्टर के हो भनेर आयुक्तहरूलाई ग्याखग्याखती पारे भने आयुक्तहरूले आयोगले यो वर्ष ९-९ वटा निर्वाचन गरेर अन्तर्राष्ट्रिय रेकर्ड कायम गरेकाले गिनिज बुकमा नाम लेखाइदिन सभासद्हरूलाई व्यंग्यात्मक जवाफ दिए।

'मैले विश्वकर्मासँग विवाह गरें भने मेरी श्रीमतीले कैले विश्वकर्मा त कैले जनजाति भनेर सांसद हुन पाउने कि नपाउने ? आयोगको क्लस्टरप्रतिको बुझाइ के छ प्रस्ट हुन चाहन्छु' भन्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद् विजय सुब्बाले प्रश्न गर्नुभयो।

उहाँले समानुपातिक निर्वाचन प्रणालीतर्फ छुट्याइएको व्यवस्थाले एउटै व्यक्तिलाई विभिन्न जातजाति र समुदायका नाममा पटक-पटक सांसद बन्ने अवसर मिलेकोप्रति असहमति जनाउने क्रममा उक्त कूटनीतिक प्रश्न राख्नुभएको हो।

सांसद सुब्बाले निर्वाचनको मिति घोषणा भएपछि पनि आयोगको स्वीकृति भन्दै गरिएको जथाभावी सरुवा र बढुवाको आलोचना गर्नुभयो।

आयुक्तद्वय ईश्वरीप्रसाद पौडेल र इला शर्माले सुब्बाको जवाफ दिनुभएन। उहाँको मात्र होइन अरू यस्ता धेरै प्रश्नहरूले पनि उत्तर पाएनन्। आयोगलाई निरन्तर प्रश्न गरेर सांसदले अप्ठेरो पारेका थिए। जवाफ दिने क्रममा सभापति शशि श्रेष्ठले समय कम भएको र अर्को बैठक छ भनेपछि आयुक्तहरूलाई हाइसन्चो भयो।

**'मेरी श्रीमतीले सांसद हुन पाउने कि नपाउने ?'**

**'आयोगको नाम गिनिज बुकमा लेखाइदिनुस् न'**

समितिले आयोगको काम-कारबाही, नीतिगत तथा कानुनी सुधारका बारेमा जानकारी लिन आयोगलाई बोलाएको थियो। आयुक्तहरू आए पनि प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादव बिदामा घुम्न निस्केकाले उपस्थित हुन नसकेको आयोगको जवाफ थियो।

ललितपुर-१ बाट निर्वाचित नेकपाका सांसद नवराज सिलवालले आफूसँग धेरै गुनासा रहेको र प्रमुख निर्वाचन आयुक्तलाई सुनाउने चाहना पूरा नभएको बताउनुभयो। 'मलाई हराउनका लागि जे पनि गरियो, सुनियोजित षड्यन्त्र भए पनि जितिछाडें', सिलवालले भन्नुभयो- 'भइरहेका डीएसपीसहित ४ जनालाई परिवर्तन गरियो, यतिसम्म कि अन्तिममा उम्मेदवारी खारेज गर्नसमेत मेराविरुद्धमा सबै लागिपरे।'

सिलवालले आफूसँग निर्वाचनमा प्रतिस्पर्धा गर्ने नेपाली कांग्रेसका उम्मेदवार उदयशमशेर राणा अर्थराज्यमन्त्री भएकाले निर्वाचनको मुखमा २१ करोड रुपियाँ क्याबिनेटबाट पास गरेर बाटोमा लगानी गरेको समेत बताउनुभयो। सिलवालले उम्मेदवारी दर्ता गर्ने समय ५ बजेसम्म मात्र भए पनि साढे ५ मा आएका उम्मेदवारको पनि मनोनयन गरिएको भन्दै असन्तुष्टि जनाउनुभयो।

बैठकको शुरूमा आयुक्त इलाले आयोगको काम-कारबाही र भावी योजनाबारे प्रकाश पारेपछि सांसदले जिज्ञासा राखेका थिए। आयुक्तहरू शर्मा र पौडेलले सांसदको प्रश्नको जवाफ दिएका थिए। आयोगको जवाफ चित्त नबुझेको भन्दै सांसदले बारम्बार पुरानै प्रश्न गरेका थिए। आयुक्तहरूले आफूले नीति, नियम र कानुन नबनाएकाले सबै दोष दिन नमिल्ने भन्दै उल्टै दलहरूले बनाएको कानुनको आधारमा निष्पक्ष रूपले निर्वाचन गराएकोमा खुसी हुन सांसदलाई आग्रह गरे।

(क्रमशः पृष्ठ ९ मा)

# बर्सेनी २ हजारभन्दा बढीले पढ्छन् चिकित्सा शिक्षा

भगवती तिमल्सिना, काठमाडौं

नेपालमा बर्सेनी २ हजार ३ सय ६० जना विद्यार्थीले चिकित्सा शिक्षा अध्ययनका लागि प्रवेश पाउने गरेको पाइएको छ।

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, काठमाडौं विश्वविद्यालय र बीपी केएचएस धरानमा गरी उल्लिखित विद्यार्थीले उक्त शिक्षा अध्ययन गर्ने गरेका हुन्।

त्रिविमा प्रवेश परीक्षा दिई पास भएका ४ हजार ५ सयमध्ये ५ सय ८५ जनाले एमबीबीएस र १ सय ७० जनाले बीडीएसमा भर्ना पाउँछन्। यसमा स्वदेशी, समानुपातिक, छात्रवृत्ति, विदेशी गरी सबै विद्यार्थीले अवसर पाउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

## एमबीबीएसमा भर्ना नगर्न आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले एमबीबीएसलगायत कुनै पनि विधामा भर्नालगायतका अन्य सबै प्रक्रिया तत्काल अघि नबढाउन अन्तरिम आदेश दिएको छ।

वरिष्ठ न्यायाधीश दीपकराज जोशीको इजलासले चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) को नाममा यस्तो आदेश दिएको हो।

(क्रमशः पृष्ठ ९ मा)

# सर्वोच्चका कर्मचारी आन्दोलित

## मापदण्डविपरीत सरुवा गरिएको आरोप

प्रशान्त वली, काठमाडौं

मापदण्डविपरीत हचुवाको भरमा सरुवा गरिएको भन्दै सर्वोच्च अदालतका कर्मचारीहरू आन्दोलनमा उत्रिएका छन्। सर्वोच्चले आफैंले बनाएको मापदण्ड उल्लङ्घन गरेको कर्मचारीको आरोप छ। सर्वोच्च अदालत प्रशासनले गत सोमबार २ सय ५२ नासु, ११ कम्प्युटर अपरेटर, ९९ डिट्ठा, ४४ तामेलदारसहित ४ सय १८ जना कर्मचारी सरुवा गरेको थियो।

कर्मचारी सरुवासम्बन्धी मापदण्डमा अनुभवका आधारमा विभिन्न तहका अदालतमा सरुवा गर्ने र ऐन नियमविपरीत नहुने गरी महिला, अशक्त, अपाङ्ग र दलित कर्मचारीलाई सकभर दरबन्दी र सम्भव भएसम्म निजहरूले माग गरेको अदालतमा सरुवा गर्नुपर्ने प्रावधान राखिएको छ। उक्त मापदण्डमा काठमाडौं उपत्यकाका अदालतमा कार्यरत कर्मचारीको पारस्परिक सरुवाको निवेदनका आधारमा सरुवा नगर्ने विषयसमेत राखिएको छ।

सर्वोच्चको आधिकारिक ट्रेड युनियन, विभागीय कार्यसमितिमार्फत मुख्य रजिस्ट्रारलाई बुझाएको ज्ञापनपत्रमा माग सम्बोधन नभए आन्दोलनमा उत्रने चेतावनी दिइएको छ। उक्त कार्यसमितिले सरुवा तत्काल सच्याउन माग गरेको छ।

निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन, विभागीय कार्यसमिति सर्वोच्च अदालतका सचिव हरि भट्टराईले सर्वोच्च अदालत प्रशासन र आधिकारिक ट्रेड युनियन तथा राष्ट्रियस्तरका ट्रेड युनियनहरूसमेतको सहभागितामा बनाइएको राप अनङ्कित कर्मचारी सरुवा मापदण्डविपरीत गरिएको नेपाल समाचारपत्र दैनिकसँग बताउनुभयो।

उहाँले भन्नुभयो- 'छलफल त भइरहेको छ। माग पूरा नभए आन्दोलनमा होमिन्छौं।'






# सांस्कृतिक सम्पदा तिब्बतको पहिचान

चिरञ्जीवी मास्के, तिब्बत, ल्हासा

जातीय पहिचान र सांस्कृतिक सम्पदाको संरक्षणले विकास र समृद्धिमा सहयोग पुग्छ कि पुग्दैन ? कतिपयले कला, साहित्य, जाति, भाषा, धर्म, संस्कृति र संस्कारलाई विकास नै ठान्दैनन्। यसको ठीक विपरीत चीनको तिब्बतले भने यिनै कुराहरूबाट विकासको नयाँ सम्भावना पहिल्याएको छ।

छोटो समयमा विकास गरेको तिब्बतले नेपाललगायत दक्षिण एसियाका विभिन्न मुलुकलाई विकास र समृद्धिको नयाँ उदाहरण प्रस्तुत गरेको र यसको श्रेय तिब्बतको जातीय पहिचान तथा कला, संस्कृति, संस्कारलाई जाने तिब्बती अधिकारीहरू बताउँछन्। ल्हासामा रहेको शताब्दीऔं पुरानो पोताला दरबार हेर्न मात्र वार्षिक करोडभन्दा बढी आन्तरिक एवं बाह्य पर्यटक आउने गरेका त्यहाँका अधिकारीहरूको भनाइ छ।



तिब्बत जनकंग्रेसका स्थायी समिति उपाध्यक्ष तथा बाह्य सम्बन्ध एवं विदेश मामिला कार्यालयका सचिव चु चुन्हुयाले सन् २०१२ मा सम्पन्न कम्युनिस्ट पार्टी अफ चाइनाको १८औं राष्ट्रिय कंग्रेसको बैठकपछि पार्टीको कन्द्रीय कमिटी र राष्ट्रपति सी जिन पिङले तिब्बतको विकासका लागि कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण तथा विकासका लागि लिएको महत्त्वपूर्ण निर्णयले विकास र समृद्धिमा तिब्बतले फड्को मारेको बताउँछन्।

जातीय, भाषिक र सांस्कृतिक सम्पदाहरूको माध्यमबाट पर्यटनलाई प्रमुख प्राथमिकता दिएको तिब्बतले वार्षिक साढे दुई करोड पर्यटक भित्र्याउने गरेको चु चुन्हुयाको भनाइ छ।

करिब ३० लाख जनसंख्या भएको तिब्बतको मुख्य आय स्रोत नै पर्यटन भएको उहाँले बताउनुभयो। चीनको केन्द्रीय सरकारले तिब्बतमा शिक्षालाई आधारभूत मानव अधिकारका रूपमा व्याख्या गर्दै शिक्षित जनताले आर्थिक र सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् भन्ने मान्यता लिएकै कारण करिब ६ वर्षको अन्तरालमा सामाजिक, सांस्कृतिक, भौतिक तथा आर्थिक विकासमा तिब्बतले फड्को मार्न सकेको तिब्बती अधिकारीहरूको भनाइ छ।

ल्हासासहित तिब्बतमा ६ वटा उत्कृष्ट शहर छन्। ७४ वटा काउन्ट्री (जिल्ला) र ६ सय ९७ वटा बजार क्षेत्र रहेको तिब्बतमा विभिन्न ४० जातिका मानिसको बसोबास रहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

2018, OCT
Thursday
4

# महानगर

केन्द्र र प्रदेशको कानुनको अभावमा स्थानीय तहलाई कानुन बनाउन अन्यौल भएको छ।



**विकासमान श्रेष्ठ**
वडाध्यक्ष, ललितपुर महानगरपालिका-५

# 'विगतमा सोचेजस्तो काम गर्न सकिनँ'

ललितपुरको मुख्य व्यापारिक केन्द्रको पहिचान बनेको लगनखेल र आसपासका क्षेत्रलाई ललितपुर महानगर-५ ले समेट्छ। बढ्दो जनघनत्व, सवारी चाप र चोक-चोकमा थुप्रिने फोहोरमैला सो वडाको पहिचानझैं बनेको छ। अल्पकालीन र दीर्घकालीन योजनासहित यस्ता समस्या सम्बोधन गर्ने पहल भइरहेको वडाध्यक्ष विकासमान श्रेष्ठ बताउँछन्। विगत ३८ वर्षदेखि सामाजिक गतिविधिमा क्रियाशील श्रेष्ठसँग नेपाल समाचारपत्रले गरेको कुराकानी।

**वडाको जिम्मेवारी सम्हालेको डेढ वर्षको अवधिलाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

वडाका सार्वजनिकस्थल र अतिक्रमण भएका जग्गा पहिचान गरी व्यवस्थित गर्ने काम भएको छ। लगनखेलको ऐतिहासिक न्हुँ पोखरी र कुमारीपाटीको अर्को ऐतिहासिक पोखरीलाई व्यवस्थित गर्न थालिएको छ। यी पोखरीको ऐतिहासिक पक्ष झल्काउने गरी योजना बनाइरहेका छौं। न्हुँ पोखरीलाई व्यवस्थित गर्न गुरुयोजना बनाउन शुरू भएको छ। यसका लागि ५० लाख रुपियाँ विनियोजन भइसकेको छ। वडाका धेरै सडकलाई व्यस्थित गर्ने, कालोपत्र गर्ने, ढल निकास बनाउने यही अवधिमा भएको छ। वडाका वृद्ध-वृद्धालाई नजिकैका तीर्थस्थलको भ्रमण गराउने, महिला र बालबालिका लक्षित विविध कार्यक्रम भइरहेका छन्। महिला हिंसा विरुद्धको सचेतना कार्यक्रम टोल बस्तीमा भइरहेको छ।

**तपाईंले सार्वजनिकस्थल अतिक्रमण रोक्ने पहल भइरहेको बताउँदै गर्दा तपाईंको वडासँगैको ऐतिहासिक सप्तपाताल पोखरीको ऐतिहासिक पक्ष मेटिएको छ नि ?**

हो, वास्तवमा सप्तपाताल पोखरीको पहिचान मेटिएको छ। यो पोखरी जोगाउन, बचाउन विगतमा नागरिक स्तरमा धेरैपटक आन्दोलन भएको छ। पोखरी नमुना मच्छिन्द्र विद्यालयसँगै जोडिएकाले पूर्वाधार बनाउने क्रममा पटक-पटक विवाद भएको छ। विद्यालयको शैक्षिक वातावरण पनि नखस्किने, पोखरीको क्षेत्र पनि नमिचिने गरी संरचना बनाउनुपर्छ। सो पोखरी विगतमा ५ वडाभित्रै थियो, अहिले १५ वडामा समेटिएको छ तर अन्तरवडा समन्वय गरेर पोखरीको ऐतिहासिक पक्षलाई पुनर्जीवन दिने पक्षमा छौं।

**वडाको मुख्य परिचय झल्किने लगनखेल चोकमा सधैं फोहोर थुप्रिनुपर्ने कारणचाहिँ के हो ?**

वास्तवमा नगरको फोहोरमैला व्यवस्थापन कार्य निकै जटिल बनिरहेको छ। नगरको मुख्य चोक बनेको लगनखेलबाट निस्कने फोहोर धेरै नै छ। खास गरी लगनखेल-मंगलबजार खण्डका फुटपाथ पसलका कारण पनि प्लास्टिकसहितको फोहोर निकै बढ्ने गरेको छ। फुटपाथ पसलकै कारण लगनखेल-मंगलबजारबाट दैनिक ३/४ ट्रक फोहोर निस्किन्छ। फोहोर जे जसरी निस्किए, बढे पनि वडाले फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ। लगनखेल चोक र अन्य चोकमा थुप्रिने फोहोर मुख्यतया नुवाकोटको सिसडोल ल्यान्डफिल्ड साइटका कारणले हुने गरेको छ। सिसडोलमा एक दिन मात्रै फोहोर लैजान रोकियो भने ललितपुरसहित धेरै ठाउँमा ३/४ दिनसम्म फोहोर उठाउन समस्या हुन्छ। नगरको फोहोर नगरमै व्यवस्थापन गर्न सकिन्छ भनेर विभिन्न उपाय खोजिरहेका छौं। फोहोर व्यवस्थापन वडा र नगरपालिकाको पहलले मात्रै सम्भव नहुने भएकाले निजी क्षेत्रसँगको सहकार्य पनि अघि बढिरहेको छ।

**मुख्य सडक र चोकमा दोहोरिरहने ट्राफिक समस्या समाधानका लागि के गर्दै हुनुहुन्छ ?**

लगनखेल र आसपासका मुख्य सडक फराकिलो भए पनि ट्राफिक समस्या समाधान हुन सकेको छैन। सवारी पार्किङका लागि सडक फराकिलो बनाइएको हो कि झैं लाग्छ। सडकमै जथाभावी सवारी पार्किङ गर्दा सवारी व्यवस्थापन जटिल बन्दै गएको छ। सवारी पार्किङ निःशुल्क भएर पनि अस्तव्यस्त पार्किङ भएको हो भन्ने हामीले अनुभव गरेका छौं। सवारी व्यवस्थापन गर्नेबारेमा पटक-पटक ललितपुर ट्राफिक प्रमुखसँग पनि छलफल गरेका छौं, सम्भवतः अब दशैं-तिहारपछि जथाभावी सवारी पार्किङ गर्न दिइने छैन। संकेत चिह्नको व्यवस्था गरी तोकिएको स्थानमा मात्रै सवारी रोक्न, पार्किङ गर्न दिइनेछ। लगनखेल आसपासमा सवारी पार्किङका लागि अन्य विकल्प नभएर पनि समस्या बढेको छ। यो समस्या वडाको मात्रै होइन, सिंगो महानगरको समस्या हो, महानगरले यसको विकल्प खोजिरहेको छ।

**लगनखेल बसपार्क पनि त्यति व्यवस्थित देखिँदैन नि ?**

ललितपुरका धेरै ठाउँसहित काठमाडौं र भक्तपुर आउने-जाने सवारी यहींबाट छुट्ने भएकाले बसपार्कमा सवारीको चाप निकै बढेको छ। बसपार्कलाई व्यवस्थित गर्नैपर्छ। बसपार्क होइन, बसस्टप बनाइयो भने सवारी व्यवस्थापन केही हदसम्म सहज हुन्छ। घन्टौंसम्म सवारी रोक्ने, ओहोर-दोहोर गरिरहने सवारी पनि त्यहीं भित्रिँदा समस्या बढेको छ। यो बसपार्क ललितपुर महानगरका विभिन्न ५ वडाले छोएकाले धेरै वडाको सेन्टर पोइन्ट पनि हो। ललितपुरको ५, ६, १२, १५ र १९ वडासँग बसपार्क जोडिएको छ। बसपार्कलाई व्यवस्थित गर्न अन्तरवडा समन्वय जरुरी हुन्छ, यसबारेमा पनि हामीले छलफल गरिरहेका छौं।

**तपाईंकै वडाको ठूलो क्षेत्र सेनाको राजदल गणले पनि ओगटेको छ। सेनासँग वडाको सम्बन्ध कस्तो छ ?**

हामीले आग्रहमा गण सधैं सकारात्मक रहेको छ। वडाका हरेक सामाजिक गतिविधिमा सेनाको सहयोग र सहभागिता रहने गरेको छ। सामाजिक गतिविधि र अन्य कार्यक्रममा गरिने निमन्त्रणा र आग्रहमा गणले सधैं सकारात्मक सहयोग पुऱ्याउँदै आएको छ।

**अबको एक वर्षमा तपाईंको क्षेत्रमा के-कस्तो परिवर्तन देख्न सकिन्छ ?**

डेढ वर्षको अवधिमा धेरै योजना अघि बढाएका छौं। केही पूरा भइसकेका छन्, धेरै हुने क्रममा छन्। स्थानीय तहको ऐन नियमको अभावमा विगतमा मैले सोंचेजस्तो काम गर्न पाइनँ। तर अबको एक वर्षपछि वडाका सबै सडक व्यवस्थित हुनेछन्, धुलो बाटो कतै पनि हुने छैन। कालोपत्रे सडक मात्रै हुनेछन्। वडाका चोक, सडक र समग्र वडाका सार्वजनिकस्थलमा सडक र सार्वजनिक बत्तिको व्यवस्था हुनेछ। सडक र अन्य सार्वजनिकस्थलमा सरसफाइसँगै हरियाली प्रवर्द्धनका कार्यक्रम अघि बढ्नेछन्। वडाभित्रका पोखरीले नयाँ जीवन पाउनेछन्, अतिक्रमित जग्गा व्यवस्थित हुनेछन्। वडावासीको गुनासो समयमा सम्बोधन गर्न तत्पर रहनेछु।




# संविधानमा अधिकार जनता भने निराश

## स्थानीय तहको डेढ वर्ष

सुनील महर्जन, काठमाडौं

संविधानमै तोकिएका काम स्थानीय तहले कहिले सम्ममा गर्न सक्ने हो ? स्थानीय तह सञ्चालनको तौरतरिका हेर्दा यो गम्भीर प्रश्नको रूपमा अगाडि आएको छ। संविधानतः स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र कानुन बनाउन, वार्षिक बजेट बनाउन, निर्णय गर्न, नीति तथा योजना तयार गर्न र कार्यान्वयन गर्न स्वतन्त्र छ।

संविधानले स्थानीय तहलाई 'नजिकको सरकार' बनाउने परिकल्पना गरेको भए पनि सर्वसाधारण यसको अनुभूत गन पाएका छैनन् न जनप्रतिनिधिले यो कुरा बुझेर जनतालाई बुझाउने पहलकदमी गरेका छन्। जनप्रतिनिधि उल्टो अहिले संविधानले दिएको अधिकार पनि कार्यान्वयन गर्न नसकिने अवस्था रहेको बताउँछन्। स्थानीय तहको प्राप्त अधिकारको प्रयोग गर्दै थप अधिकारका निम्ति पहल गर्नुपर्ने विषय धेरै टाढाको विषय भएको छ।

यसको एउटा मुख्य कारणका रूपमा कानुन बनाउन नसक्नु हो। केन्द्र र प्रदेशको कानुनको अभावमा स्थानीय तहलाई कानुन बनाउन अन्यौल भएको छ। संघ र प्रदेशको अधिकार स्पष्ट उल्लेख गरी कानुन नबनाएकाले स्थानीय तहले संविधानले दिएको अधिकार प्रयोग गर्नेबारे कानुन बनाउन नसकेको स्थानीय तहका पदाधिकारी बताउँछन्।

संविधान र स्थानीय तह सरकार सञ्चालन ऐनमा स्थानीय तहले बनाउने कानुन प्रदेश कानुनसँग नबाझिने गरी बनाउनुपर्ने भनिएको छ। अहिलेसम्म आवश्यक प्रदेश कानुन नबनेकाले स्थानीय तहलाई आफ्नो एकल अधिकारसूची र साझा अधिकारसूचीको कार्यान्वयन गर्न कठिनाइ रहेको स्थानीय तहका पदाधिकारीको भनाइ रहेको छ। संघ र प्रदेशको अधिकार विषयमा कानुन नबनेकाले पनि स्थानीय तहले आफ्नो कामलाई गति दिन नसकेको गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले बताउनुभयो।

स्थानीय तहका प्रतिनिधि बहाल भएको एक वर्षभित्र चुनावी घोषणापत्र र सार्वजनिक भाषणमा भनेअनुरूप काम गर्न नसक्नुको मुख्य कारणका रूपमा कानुनको अभावलाई औंल्याएका छन्। 'स्थानीय तहलाई अधिकार दिएको छ भन्यौं, तर त्यसलाई कसरी प्रयोग गर्ने कानुन सबै बनेको छैन' -काठमाडौं महानगरपालिकाका उपप्रमुख हरिप्रभा श्रेष्ठ (खड्गीले) भन्नुभयो।

संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची संविधानको अनुसूची- ९ मा उल्लेख गरिएको छ। त्यसमा सहकारी, स्वास्थ्य, कृषि, वनजंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज, विपद् व्यवस्थापन, पुरातात्त्विक, प्राचीन स्मारक र संग्रहालय, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीजस्ता विषय रहेका छन्।

ती विषय कुनै न कुनै रूपमा वा शब्द घुमाएर अनुसूची-५ को स्थानीय तहको एकल अधिकार सूचीमा पनि राखिएको छ। त्यसमा सहकारी, आधारभूत स्वास्थ्य, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जलाधार, वन्यजन्तु, खानी तथा खनिज, स्वास्थ्य, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, ललितकला संरक्षण र विकासलगायत रहेका छन्।

संविधानको भाग-५ धारा ५७ मा स्थानीय तहको एकल अधिकारको प्रयोग गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुनेछ भनिएको छ। त्यसै गरी सो धाराको उपदफा ७ मा गाउँसभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनुपर्ने र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने भनिएको छ।

'अधिकार प्रयोग गर्न कानुन बनाउनुपर्ने र कानुन बनाउँदा भोलि प्रदेशले बनाउने कानुनसँग बाझिने हो कि चिन्ता छ। अझैसम्म प्रदेश कानुन बनेको होइन' -सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेतले नेपाल समाचारपत्रसँग भन्नुभयो।

अहिले ३ नं प्रदेशमा सातवटा कानुन बनाइसकेको छ। ४६ वटा कानुन बनाउनुपर्नेमा अहिलेसम्म सातवटा कानुन बनिसकेको ३ नं प्रदेशका सदस्य शोभा शाक्यले जानकारी दिनुभयो। 'कानुन बनाउने क्रम चलिरहेको छ। केन्द्रको कानुन नबनेकाले प्रदेशलाई पनि कानुन बनाउन समस्या छ' -प्रदेशसभा सदस्य शाक्यले भन्नुभयो।

'स्थानीय तहको एकल अधिकार सूचीमा रहेका विषयहरू साझा अधिकारमा पनि उल्लेख गरिएको छ। यसले गर्दा कुन विषय स्थानीय एकल अधिकार क्षेत्रभित्र पर्दछ, कुन विषय प्रदेश र केन्द्रको हो भनेर छुट्याउन गाऱ्हो छ' -कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले भन्नुभयो।

यद्यपि नगरपालिकाले अहिलेसम्म कीर्तिपुर नगरपालिका शिक्षा ऐन, सहकारी ऐन, २०७४ कृषि व्यवसाय प्रवर्द्धन ऐन, न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐनलगायत नियमावली र कार्यविधि गरी १६ वटा ऐन, नियमावली बनाइसकेको नगरपालिकाले जनाएको छ।

स्थानीय सरकार सञ्चालन सम्बन्धमा प्रदेश सरकार मातहत प्रदेशस्तरीय ऐन र नियमावली नआएकाले नगरपालिकाबाट चाहेर पनि अझै सबै काम सहजरूपमा अगाडि बढाउने स्थिति नभएको नगरपालिकाका प्रमुख रमेश महर्जनको कथन रहेको छ।

नेपालले प्रयोग गरिरहेको संघीयता संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भनिएको छ। यसले केन्द्रको असर प्रदेश र प्रदेशको असर र स्थानीय तहलाई परेको हो।

केन्द्रले अधिकार दिन नखोज्ने, कर्मचारी पठाउन नमान्ने, पठाइएका कर्मचारी पनि स्थानीय तहमा जान नमान्ने प्रवृत्ति देखिएको छ। स्थानीय तहमा कानुन निर्माणको अनुभव कम छ। सीमित नगरपालिकाले कानुनी सल्लाहकार वा कानुन अधिकृतका रूपमा कानुनसम्बन्धी जनशक्ति राखेको बाहेक स्थानीय तहमा कानुनको जनशक्ति अभाव छ। यसले गर्दा पनि कानुन बनाउन नसकेको महालक्ष्मी नगरपालिका प्रमुख रामेश्वर श्रेष्ठले बताउनुभयो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार जिल्ला तह, इलाका, सेवा केन्द्रमा भएका शिक्षा, स्वास्थ्य, कृषिका जनशक्ति स्थानीय तहमा पठाइएको र केही मात्रामा जनशक्ति पूर्ति भए पनि कानुन क्षेत्रका जनशक्ति स्थानीय तहमा पठाइएका छैनन्। जिल्ला तहमा पनि ७ वटा कार्यालय मात्र रहने भनिएकामा अहिले उस्तैरूपमा रहेका छन्। जिल्ला तहको महिला तथा बालबालिका कार्यालय मात्र खारेजीमा परेको छ। अन्य कार्यालय घुमाइफिराइ उस्तैरूपमा छन्।



## संगीतमा दाल भात तरकारी

निर्माता तथा अभिनेता किरण केसी, निर्देशक सुदन केसी, गायिका अञ्जु पन्त, संगीतकार शम्भुजीत बासकोटालगायत निर्माणाधीन फिल्म दाल भात तरकारीको गीत रेकर्ड गराउँदै ।

PAGE3

## हामी ३ बहिनी

तस्वीर खिचाउँदै नायिकात्रय रीमा विश्वकर्मा, केकी अधिकारी र वेनिषा हमाल।



# छक्का पञ्जा-३ कस्तो!

निर्मात्री, अभिनेतृ तथा निर्देशक दीपाश्री निरौलाले *छक्का पञ्जा-३* मा ३ सय प्रतिशत मेहनत गरेको र नयाँ विषयलाई उठाएको दाबी गरेकी छिन्। '*छक्का पञ्जा* यस्तो ब्रान्ड हो, जसमा दर्शक आँखा चिम्लिएर आउनुहुन्छ अनि खुसी भएर जानुहुन्छ। त्यसकारण हामीले *छक्का पञ्जा-३* मा ३ सय पर्सेन्ट मेहनत गरेका छौं। यसपटक शैक्षिक विकृतिलाई उठाएका छौं। बुधबार सञ्चारकर्मीहरुसँग गफिँदै दीपाले भनिन्- 'नयाँ विषय उठाएका छौं, जुन पुरै हास्य पनि होइन। हुन त लोप हुन लागिसकेको लोकगीतलाई हामीले *सुर्के थैली*मार्फत *छक्का पञ्जा*मा ल्यायौं। मानिसले लोकगीत पनि चल्छ र भनेका थिए। तर त्यही गीतबाट लोकगीतको पुनरागमन भयो। सुदूरपश्चिमको भाषा ल्याउँदा हिन्दी भाषा ल्याए पनि भने तर त्यो पनि दर्शकले रुचाउनुभयो। महिलाले कस्तो-कस्तो काम गरीसकेका छन्। तर नेपालमा चाहिँ महिलाले पनि काम गर्न सक्छ र भन्ने संकीर्ण विचार सुनेर हास उठ्छ र मन दुख्छ। निर्देशन गर्ने काम त्यति गाह्रो छ कि मानिस पागल नभई फिल्म निर्देशक बन्न सक्दैन। त्यसमा हामी महिला पनि ट्यालेन्ट छौं।'

अभिनेता दीपकराज गिरीले *छक्का पञ्जा-३* फिल्म मेहनत र लगानीको हिसाबले सबैभन्दा उत्कृष्ट रहेको दाबी गरे। '*छक्का पञ्जा* सिरिजको फिल्ममध्ये यो फिल्ममा हामीले निकै दुःख गरेका छौं। फिल्म हास्यधारमा बने पनि *छक्का पञ्जा-१* र २ जस्तो पुरै कमेडी होइन, यसमा रमाइलोका साथै केही गम्भीर कुरा पनि समावेश गरिएको छ। हामीले धार परिवर्तन गरेनौं भने फिल्म एकै किसिमको धारमा जान्छ। यो फिल्म अर्को ल्यान्डमार्क हुन पनि सक्छ' -गिरीले भने। दीपकले *छक्का पञ्जा-३* पछि अर्को एक फिल्ममा काम गर्ने र त्यसका लागि विषय हेर्दै गरेको बताए। 'हामीले तत्काल *छक्का पञ्जा-३* को बारेमा सोचेका छैनौं। तर *छक्का पञ्जा* सिरिज रोकिएको भने होइन, हामी छक्का पञ्जा-१० सम्म बनाउन सक्छौं', फिल्ममा आफ्नो भूमिका खुलाउँदै उनले भने- 'यो सिरिजमा पनि म राजाको भूमिकामै छु। तर यसपटक राजा पोलिटिसियनको रुपमा छु।' हास्य कलाकार केदार घिमिरे 'माग्ने बुढाले फिल्ममा काम गर्दा बाल्यकालको सम्झना आएको बताए। 'मैले कक्षा ५ सम्म हाफ पाइन्ट लगाएको थिएँ। हाफ पाइन्ट लाएर हामी माटोमा चिप्लेटी खेल्थ्यौं र फाट्थ्यो, यसमा पनि हाफ पाइन्ट लाएर अभिनय गर्दौ त्यही याद आयो' -घिमिरेले भने। उनले फिल्म उत्कृष्ट बनेको तर दर्शकलाई जबरजस्ती फिल्म हेर्नै पर्छ भनेर चाहिँ नभन्ने बताए। 'दर्शकले नेपाली फिल्म हेर्नुको धेरै फाइदा छन्। नेपाली फिल्म हेर्दा नेपाली कलाकार प्राविधिकले नै कमाइ गर्छन् र त्यो पैसा स्वदेशमै रहन्छ। अहिलेका बालबालिकाले नेपाली भाषा शुद्ध बोल्नै जान्दैनन्, उनीहरुले फिल्मबाट धेरै कुरा सिक्न सक्छन्' -उनले भने।



नायिका दीपिका प्रसाईं आफ्नो दोस्रो फिल्म *छक्का पञ्जा-३* ले आफूलाई उचाइ दिलाउनेमा विश्वस्त छिन्। 'पहिलो फिल्म *ऐश्वर्य*भन्दा यसमा धेरै मेहनत गरेको छु। डेफिनेट्ली अडियन्सले रुचाउनुहुन्छ भन्ने अपेक्षा छ' -दीपिकाले भनिन्। उनले दीपाश्रीसँग काम गर्दा निकै सजिलो भनुभव भएको बताइन्। 'डाइरेक्टर भनेको क्याप्टेन अफ ल सीप हो। उहाँहरु कम्फरटेबल र इजी हुनुभयो भने मात्र हामीलाई पनि कम्फरटेबल हुने हो। *ऐश्वर्य* मेरो पहिलो फिल्म भएका कारण धेरै कुरा थाहा थिएन। यसमा मैले धेरै कुरा जान्ने मौका पाएँ। फिमेल डिरेक्टर हुँदा आफ्ना कतिपय कुरा इजिली शेयर गर्न सकिँदो रहेछ' -उनले भनिन्। पहिलो र दोस्रो दुवै फिल्ममा आफूभन्दा पाको कलाकारको जोडी भएर खेल्दा नयाँ कुरा सिक्न पाएको उनले बताइन्। 'पहिलो फिल्ममा रमेश उप्रेती दाइसँग खेलें। दोस्रोमा दीपक दाइसँग खेलें। उहाँहरुजस्तो मेचोर व्यक्तिको अपोजिटमा खेल्दा धेरै कुरा सिक्ने मौका पाएँ। एक्टरको एजभन्दा पनि आफूले कस्तो काम गरेको छु भन्ने कुरा महत्त्वपूर्ण हुन्छ' -उनले भनिन्।

घटस्थापनाको दिन २४ गते रिलिज हुने फिल्ममा दीपकराज, दीपिका र केदारको साथमा जितु नेपाल, सन्जोग कोइराला, प्रियंका कार्की, वर्षा राउत, स्वस्तिमा खड्का, बुद्धि तामाङ, शिशिर राणा, शिशिर वाग्देल, लक्ष्मी गिरी, शारदा गिरी, वसन्त भट्टलगायतले अभिनय गरेका छन्।

# कमेडी लभमा ड्रिम गर्ल

प्रेमकथामा बनेको फिल्म *ड्रिम गर्ल* ट्रेलरमा आएको छ। ऋषिराज आचार्यको लेखन, निर्माण र निर्देशनमा बनेको फिल्मको मंगलबार राजधानीमा आयोजित एक समारोहबीच ट्रेलर सार्वजनिक गरिएको हो।

आगामी मंसिर ७ गते अल नेपाल रिलिज हुने फिल्मको ट्रेलरमा लभ, कमेडी, लभ, एक्सन र सेन्टिमेन्ट्स मिसाइएको छ। ट्रेलर सार्वजनिक कार्यक्रममा निर्देशक ऋषिराजले पूर्ण मनोरञ्जक फिल्म बनाउएको दाबी गरे। निर्माता अर्जुन शर्माले उत्कृष्ट फिल्म बनाएकाको दाबी गरे भने नायक आकाश श्रेष्ठले आफ्ना अघिल्ला फिल्मभन्दा *ड्रिम गर्ल* फरक भएको दाबी गरे। नायिका आश्मा गिरीले ठूलो पर्दाको आफ्नो पहिलो फिल्म सफल हुने र यसैले फिल्म क्षेत्रमा स्थापित गर्ने विश्वास व्यक्त गरिन्। बालकलाकारका रुपमा कुशलता प्रदर्शन गर्दै आएकी आश्माको यो डेब्यु फिल्म हो। अर्की नायिका पूजा पराजुलीले फिल्मले दर्शकलाई खुसी बनाउने विश्वास व्यक्त गरिन्। फिल्ममा आकाश, आश्मा र पूजाका साथमा सरोज खनाल, अर्जुन श्रेष्ठ, विल्सन विक्रम राई, शिशिर भण्डारी, पूजा पराजुली, निर्मल शर्मा गैंडा, लक्ष्मी गिरी, रश्मी भट्ट, सुरवीर पण्डितलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्। निर्देशक ऋषिराज, अर्जुन शर्मा र रामेश्वर धिताल निर्माण तथा सहनिर्मातामा दक्षिण भारतको रिल एन्ड रियल सिनेमा कम्पनी रहेको फिल्म काठमाडौं र मुस्ताङ तथा थाइल्यान्डका विभिन्न स्थानमा खिचिएको छ। फिल्ममा अर्जुन पोखरेलको संगीत, गम्भीर विष्टको कोरियोग्राफी, राहुल राई र रामेश्वर हुमागाईंको छायांकन तथा नवीन निरौलाको सम्पादन रहेको छ।







सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
Kamana Film Awards

कामना फिल्म अवार्ड्स् २०७५

मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSORS:
Pashupati BISCUITS
Norvic INTERNATIONAL HOSPITAL

OFFICIAL DRINK: GOLDEN OAK
OFFICIAL BANK:
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL VEHICLE: SUZUKI

SUPPORTED BY:
सीताराम दूध
TVS NTORQ 125
NEPAL LIFE INSURANCE CO. LTD. जिन्दगी जीवन अमूल्य छ...

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३७७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३७७२२ मा पठाउनुहोस्।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
ब्लाइन्ड रक्स (KFA 1A)
घामपानी (KFA 1B)
कृ (KFA 1C)
लीली बीली (KFA 1D)
शत्रु गते (KFA 1E)

**विधाः सर्वोत्कृष्ट निर्देशक**
दीपाश्री निरौला - छक्का पञ्जा २ (KFA 2A)
मिलन चाम्स - लीली बीली (KFA 2B)
नवल नेपाल - मंगलम (KFA 2C)
प्रदीप भट्टराई - शत्रु गते (KFA 2D)
सुरेन्द्र पौडेल - कृ (KFA 2E)

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दीपकराज गिरी - छक्का पञ्जा २ (KFA 3A)
दयाहाङ राई - घामपानी (KFA 3B)
सौगात मल्ल - झ्यानाकुटी (KFA 3C)
अनमोल केसी - कृ (KFA 3D)
प्रदीप खड्का - लीली बीली (KFA 3E)
पुष्प खड्का - मंगलम (KFA 3F)

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
बेनीषा हमाल - ब्लाइन्ड रक्स (KFA 4A)
मेनुका प्रधान - शेरबहादुर (KFA 4B)
नीता ढुंगाना - पञ्चायत (KFA 4C)
प्रियंका कार्की - शत्रु गते (KFA 4D)
सारा सिरपाली - पिंजडा ब्याक अगेन (KFA 4E)
शील्पा पोखरेल - मंगलम (KFA 4F)

**विधाः सर्वोत्कृष्ट खलपात्र**
अनुपविक्रम शाही - कृ (KFA 5A)
विपीन कार्की - नाका (KFA 5B)
प्रशान्त ताम्राकार - ऐश्वर्य (KFA 5C)
पुकार भट्टराई - पिंजडा ब्याक अगेन (KFA 5D)
रमेश रञ्जन झा - संरक्षण (KFA 5E)

**विधा : सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा २ (KFA 6A)
जयनन्द लामा - छक्का पञ्जा २ (KFA 6B)
बुद्धी तामाङ - दुई रूपैंया (KFA 6C)
राजाराम पौडेल - म यस्तो गीत गाउँछु (KFA 6D)
शिवहरी पौडेल - शत्रु गते (KFA 6E)

**विधाः सर्वोत्कृष्ट संगीतकार**
बसन्त सापकोटा -
मलाई आँखामा/ए मेरो हजुर २ (KFA 7A)
अर्जुन पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 7B)
हरी लम्साल -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 7C)
राजनराज शिवाकोटी -
कुटुमा कुटु/दुई रूपैंया (KFA 7D)
दीपक शर्मा -
पर्ख पर्ख/मंगलम (KFA 7E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायक**
कालीप्रसाद बास्कोटा -
ओडौंला पिरतीको/शत्रुगते (KFA 8A)
कृष्ण काफ्ले -
पर्ख पर्ख/मंगलम (KFA 8B)
सुगम पोखरेल -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 8C)
सुगम पोखरेल -
तिमी रोएको पल/ऐश्वर्य (KFA 8D)
स्वरूपराज आचार्य -
सम्झनाको सारंगी/संरक्षण (KFA 8E)

**विधाः सर्वोत्कृष्ट पार्श्वगायिका**
अञ्जु पन्त -
भन्छु आज/म यस्तो गीत गाउँछु (KFA 9A)
बानिका प्रधान -
उड्यो मन/ब्लाइन्ड रक्स (KFA 9B)
विन्दु परियार -
पर्ख पर्ख/मंगलम (KFA 9C)
मेलिना राई -
कुटुमा कुटु/दुई रूपैयाँ (KFA 9D)
मीना निरौला -
रूपै मोहनी/शत्रु गते (KFA 9E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेता**
सलीनमान बानीया - ए मेरो हजुर २ (10A)
स्वरूपपुरूष ढकाल - छक्कापञ्जा २ (10B)
आशीरमान देशराज श्रेष्ठ जोशी - ग्याङस्टर ब्लुज (10C)
सुरज पाण्डे - लभ लभ लभ (10D)
शारूक ताम्राकार - रानी (10E)

**विधा : सर्वोत्कृष्ट नवअभिनेतृ**
अदिती बुढाथोकी - कृ (11A)
दिपीका प्रसाईं - ऐश्वर्य (11B)
जसिता गुरूङ - लीली बीली (11C)
सारा सिरपाली - रूद्र (11D)
सीपोरा गुरूङ - भुइँमान्छे (11E)

**विधा : सर्वोत्कृष्ट नवनिर्देशक**
झरना थापा - ए मेरो हजुर २ (12A)
नवराज बुढाथोकी - भुइँमान्छे (12B)
घामपानी - दिपेन्द्र लामा (12C)
पुर्णेन्दु झा - संरक्षण (12D)
आर. राजवंशी - शेरबहादुर (12E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेता**
सलोन बस्नेत - ए मेरो हजुर २ (13A)
जितु नेपाल - छक्का पञ्जा २ (13B)
प्रमोद अग्रहरी - संरक्षण (13C)
शिवहरि पौडेल - शत्रु गते (13D)
रवीन्द्र झा - शेरबहादुर (13E)

**विधा : सर्वोत्कृष्ट सहअभिनेतृ**
अनु शाह - कान्छी (14A)
वर्षा राउत - छक्का पञ्जा २ (14B)
मिथिला शर्मा - आधा लभ (14C)
रोजिसा शाही - ग्याङस्टर ब्लुज (14D)
रूपा राना - कृ (14E)

# विचार

एक थोपा मसीले लाखौं विचारहरु उत्पन्न गर्न सक्छ।
– बायरन

प्रत्येक दिन जीव मृत्युको मुखमा गैरहेका छन् तर बाँकी मान्छे अमर हुन चाहन्छन्, यसभन्दा बढी आश्चर्य के हुन्छ ?
– महाभारत

## सम्पादकीय

नेपाल समाचारपत्र

### सरकार आलोचित मात्र

मुलुक संघीय संरचनामा गएपछि तीन तहको सरकार निर्माण भएको छ । संघीय, प्रान्तीय र स्थानीय तीनै तहमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्व छ । संघीय सरकारमा दुई तिहाइ बहुमतको सरकार छ । प्रान्तीय सरकारमा पनि सात प्रदेशमध्ये छ प्रदेशमा नेकपाकै बाहुल्यता छ । ७ सय ५३ मध्ये अधिकांश स्थानीय तहमा नेकपाकै नेतृत्वको सरकार छ । स्थानीय सरकार गठन भएको एक वर्ष पूरा भैसक्यो । प्रदेश र संघीय सरकार निर्माण भएको पनि सात महिना भैसक्यो । तीनै तहमा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसको प्रभावकारी उपस्थिति छैन । निर्वाचनमा ठूलै सपना बाँडेर बहुमत प्राप्त गरेको तीनै तहको सरकारप्रति आमजनताको भरोसा थियो । आमजनताको चाहना पूरा गर्ने मात्र हैन, देशलाई विकास र समृद्धिको दिशातर्फ द्रुतगतिमा अघि बढाउने कुरामा कतै रोकतोक थिएन ।

देशभर बलात्कार, महिला हिंसाका घटना बढिरहेका छन् । महँगी नियन्त्रण हुन सकेन । कर आतंक बढेको छ । भ्रष्टाचार गाउँ तहसम्म मौलाउँदै गएको छ । शान्ति सुरक्षाको झन्–झन् अवस्था नाजुक हुँदै गएको छ । सुशासनको कुरा नारामै सीमित भएको छ । राष्ट्रियतामाथि धावा बोल्नेहरू झन् हौसिँदै गएका छन् । अदालतले कावार्ही गर्नु भनेका अपराधीहरूलाई सरकारले संरक्षण दिएको छ । जतातत्तै बढ्दै गएको अनियमितता नियन्त्रणमा सरकारले ध्यान दिएको छैन । आलोचना, गल्ती, कमी–कमजोरी सरकार सुन्नै चाहँदैन । जनताको चाहना एकातिर तर सरकारको गति अर्कोतिर छ । अहिलेसम्म तीनै तहको सरकारले गरेको काम कार्वाही हेर्दा निराशाबाहेक केही छैन । सरकारले केही त राम्रो काम गरेको छ भन्ने ठाउँ कतै छैन । सरकार गठन हुँदा देखिएको आशा र उत्साह निराशामा परिणत हुँदै गएपछि जतातत्तै सरकारको आलोचना मात्र भैरहेको छ ।

इतिहासमै सबैभन्दा शक्तिशाली मानिएको वर्तमान सरकारविरुद्ध संवैधानिक निकाय जतातत्तै राजनीतिक हस्तक्षप गरेको मात्र हैन न्यायालयलाई समेत आफ्नो भ्रातृ संस्था बनाउन लागेको जस्तो गम्भीर आरोपसमेत प्रमुख प्रतिपक्ष दलले लगाइरहेका छन् । भ्रष्टाचार रोक्नभन्दा पनि बढाउन लागेको भन्दै सरकारसँग आमजनताको भरोसा टुट्दै गएको छ । स्वयम् सत्ताधारी दलहरूका शीर्ष नेताहरूले समेत चर्को आलोचना गर्न थालिसकेका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले आलोचना गर्दा विपक्षीहरूको धर्म निभाएका हुन् भनेर सस्तो जवाफ फर्काउन सकिएला । तर, आफ्नै पार्टीभित्रबाट सरकारको काम कार्वाहीप्रति असन्तुष्टि आउनु निकै गम्भीर कुरा हो । यसरी चौतर्फी आएको सरकारको आलोचनाले दुई तिहाइको सरकार असफलतातर्फ उन्मुख भएको सहजै अनुमान लगाउन सकिन्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राजनीतिक सुधारमा प्रतिपक्षको भूमिका



पविता मुडभरी पुडासैनी

> प्रतिपक्षमा बस्नु भनेकै सरकारलाई जनहितमा र कानुनी पद्धतीय मार्गमा हिँड्न दबाब दिने तथा जनताका पक्षमा तीव्र आवाज उठाई आफ्नो जनमतसमेत बढाउने हो। कांग्रेसले कुनै पनि नीति–नियम कार्यान्वयन गराउन होस् वा न्यायका लागि पहल गर्न होस्, कम्युनिस्टको झैं सडकमा ओर्लिएर तोडफोड, आतंक एवम् बबन्डर मच्चाउने होइन, हरेक समस्याको समाधान सभ्य र मर्यादित ढंगले संसद्बाटै खोज्नुपर्छ।

देशका राष्ट्रपति, प्रधानमन्त्रीलगायतका उच्चपदस्थ व्यक्तिले विदेशमा गएर गरेको उपचार खर्च आइन्दा राज्यले नबेहोर्ने विधेयक संसद्ले सर्वसम्मतिले पारित गऱ्यो। उच्चपदस्थ पदाधिकारीहरूलाई विदेशमा गएर औषधोपचार गर्दा लाग्ने करोडौं रुपियाँ अब सरकारी ढुकुटीमा सञ्चित हुनेछ। यो कानुन तत्कालबाटै कार्यान्वियन भएमा यसरी सञ्चित हुन आएको रकमले प्रत्येक प्रदेशमा सुविधासम्पन्न अस्पतालहरू निर्माण गरिएमा गरिबीका कारण उपचार नपाएर मुत्युवरण गर्न विवश हजारौं नागरिकको स्वास्थ्य सेवा सर्वसुलभ बन्न सक्थ्यो र तिनै तहका असंख्य जनप्रतिनिधिका लागि स्वास्थोपचारका नाउँमा बाहिरिने अर्बौं रकम स्वदेशमै सदुपयोग हुन्थ्यो। स्वास्थोपचार सेवा नेता–नेतृदेखि नागरिकसम्म जोसुकैलाई समान ढंगले उपलब्ध गराउने गरी सरकारी अस्पतालहरूको निर्माण तथा व्यापक स्तरोन्नति गरी स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था गर्नु वर्तमान सरकारको दायित्व नै हो। वर्तमान सरकारले केही नयाँ काम गर्न नसकेको भन्ने आलोचनाका बची उच्चपदस्थ व्यक्तिलाई विदेशमा गएर गरेको उपचार खर्च नदिने सरकारी निर्णयबाट जनताले केही राहतको महसुस गरेका छन्। अब नेता–नेतृहरूको स्वागत, सम्बोधन, भ्रमण तथा उद्घाटन कार्यक्रममा हुने क्षणिक तथा अस्थायी निर्माणका लागत खर्च पनि पूरै रोक्नुपर्छ। उच्चपदस्थ व्यक्तिको भ्रमण, अतिथि स्वागत सत्कार तथा साजसज्जा र तडकभडकमा अनावश्यकरूपमा हुँदै आएको खर्च रोकी दीर्घकालीन विकास निर्माणका कार्यमा लगाउनुपर्छ। आर्थिक अनुशासन र मितव्ययिता कायम गर्दै सरकार पार्टी तहदेखि नै भ्रष्टाचार र आर्थिक अनियमितताविरुद्ध कटिबद्ध हुनुपर्छ। विदेशी पाहुनाका स्वागत सत्कारका नाउँमा हुने अनावश्यक तडकभडक र सडक पुर्ने तथा सिँगार्ने काममा देखावटी खर्च हुने करोडौं रकममा समेत मितव्ययिता अपनाई राष्ट्रिय ढुकुटी ग्रामीण विकास निर्माणका काममा उपयोग गरिनुपर्छ।

देशमा राजनीतिक अपराध र हत्या–हिंसा केही मत्थर हुँदै गर्दा सामाजिक अपराध भयंकर बन्दै छन्। अपहरण, बलात्कार र हत्या–हिंसाका घटना शृङ्खलाबद्धरूपमा समाचारमा छाइरहँदा सरकार मुकदर्शकजस्तै छ। स्थानीय सरकार र त्यहाँ न्यायिक समितिको व्यवस्था हुँदाहुँदै पनि हत्या–हिंसा, बलात्कारविरुद्ध स्थानीय निकायबाट सुरक्षा र न्यायको अनुभुति जनताले महसुस गर्न सकेका छैनन्। बलात्कारपछि हत्या गरिएकी कन्चनपुरकी निर्मला पन्तका बाबुआमा छोरीको न्याय माग्दै अपराधीलाई पक्रेर कडाभन्दा कडा कारबाही गर्न प्रधानमन्त्रीसमक्ष काठमाडौंमै आइपुग्नु सरकारको लाचारी र संघीय शासनकै उपहास होइन र ? निर्मलालाई न्याय दिलाउन जनमानस मात्र होइन साहित्य, संगीत र कला क्षेत्र नै जुर्मुराएको छ। कविता, गीत, चित्र, व्यङ्ग्यकलामार्फत दिनहुँजसो निर्मलाको न्यायको वकालत गरिएको छ। अपराधीलाई कारबाही होस् भन्दै कन्चनपुरबाट उठेको आन्दोलन कैलाली, धनगढी हुँदै राजधानीसम्म आइपुगी प्रधानमन्त्रीसमक्ष छोरीको न्यायका लागि गरिएको अनन्य रोदनसहितको न्यायको अपिल गर्न पुगेका बाबुआमाको मनोदशाको गम्भीर मनन् सोचनीय विषय हो। निर्मला हत्या प्रकरणसँगै देशमा सुरक्षा र न्यायको एकैचोटि खाँचो खट्केको छ। अपराधीलाई पक्राउ गर्नभन्दा उम्काउन सरकार नै लागेको भन्दै अपराधीलाई कारबाही गर्न माग गर्दै देशैभर आन्दोलन चर्किएको छ। हिजोसम्म बलात्कारबाट बच्न छोरीलाई सचेत गराइन्थ्यो, अब आमाले समेत पाइला–पाइलामा सचेतता अपनाउनुपर्ने भएको छ। साँच्चै भन्दा आममहिलाले त्राही–त्राही भएर बाँच्नुपर्ने अवस्था छ। दुई तिहाइ बहुमतको बलियो र स्थिर सरकारसँग पनि किन डराउँदैनन् अपराधीहरू ? देशमा महिला राष्ट्रपति भएकै समयमा यसरी अपहरण र बलात्कारका घटना बढिरहनु र न्यायको अनुभूति हराउँदै जानु अर्को चिन्ताको विषय हो।

केही अघि नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं. ३ ले जोरपाटीमा गरेको तीज विशेष कार्यक्रममा कांग्रेसकी एक नेतृले हालसम्म गृहणीहरूको कामको मूल्यांकन हुन नसकेको र अब गृहणीहरूलाई भत्ता उपलब्ध गराउने विषय आफ्नो पार्टीले संसद्मा उठाउने भन्दै उपस्थित महिलाहरूलाई कांग्रेस पार्टीप्रति ध्यानाकर्षण गराउन खोजिन्। प्रजातन्त्र पुनः प्राप्तिसँगै कांग्रेसकै कारण देशका उद्योगधन्दा धराशयी भई रोजगारीको अवसर गुम्न पुगेको आरोप खेप्दै आएको कांग्रेसले शिक्षा सीप र पाखुरीमा प्रशस्तै बल भएका गृहणीहरूलाई देशभित्रै रोजगारी उपलब्ध गराउनका लागि व्यापकरूपमा उद्योगधन्दा खोल्न सरकारलाई दबाब दिने र पार्टीका नेता–नेतृ तथा कार्यकर्ताकै पहलबाट समेत रोजगारीका अवसर प्रशस्त सिर्जना गरी आमगृहणीलाई आर्थिकरूपमा सशक्त बनाउने कार्य पो गर्नुपर्छ। नेपाली महिला गृहिणी भएर भत्ता चाहन्छन् कि आफ्नो सीप, श्रम र योग्यताअनुसार स्वदेशमै काम गरेर स्वावलम्बी अनि सशक्त बन्न चाहन्छन् भन्नेसमेत हेक्का नराखी जनतालाई क्षणिक आश्वासन बाँड्दै राजनीतिक फड्को मार्ने कम्युनिस्ट चरित्रकै अनुसरण कांग्रेसले गर्न खोजेको देख्दा दुःख लाग्यो। अर्को दलले के भन्छ र कस्तो व्यवहार प्रदर्शन गर्छ, उस्तै गरी राजनीतिक लय पक्रेर अगाडि बढ्न सुहाउँदैन कांग्रेसलाई। कांग्रेसले एमाले पार्टीबाट सिक्ने थोरै कुरा भनेको आफ्ना कार्यकर्ता, शुभचिन्तक तथा सहयोगीलाई समय–समयमा विभिन्न कार्यक्रममार्फत जमघट गरी पार्टीसम्बन्धी प्रशिक्षण, तालिम तथा चेतना प्रदान गरी आममहिलालाई स्वावलम्बन एवम् आत्मनिर्भरताका लागि समेत मार्गप्रशस्त गर्नु हो। साथै कांग्रेसले आफ्नो पार्टीप्रति आस्था र संलग्नता बढाउने अभियानमा जुट्नुपर्छ। आफूले सत्ता संहाल्न पाए जनताका सबै इच्छा पूरा गरिदिने हौवा फैलाएर केही समय मानव समूहलाई आफूतिर आकर्षित गर्ने तर सत्तामा पुगेपछि जनहित र अपेक्षाविरुद्ध काम गर्ने कम्युनिस्ट चरित्र कांग्रेसले अंगालेमा कांग्रेस र कम्युनिस्टमा के नै फरक रहयो र ?

वडादेखि केन्द्रीय स्तरसम्मको संगठनमा महिलाको संलग्नता र सक्रियता बढाउन, अझ भनौं प्रबुद्ध वर्गका महिलालाई पार्टीप्रति आकर्षण र समर्पण बढाइराख्न कांग्रेस किन चुकेको हो ? राष्ट्रपतिको चुनावमा दुवैपटक एमालेले महिलालाई अघि सारी हरतरहले जिताउने समेत कार्य गर्दा कांग्रेस कहाँ चुक्यो ? हामीले पनि राष्ट्रपतिमा महिला उठायौं भनेर कांग्रेसले पछिल्लोपटक महिलालाई अगाडि सार्दा एमाले नेतृ विद्यादेवी भण्डारीको जित सुनिश्चितजस्तै थियो। महिलालाई नेतृत्वकलामा सक्षम बनाउनका लागि नेतृत्व सुम्पन र पार्टीप्रति आस्था एवम् क्रियाशीलता बढाउन कांग्रेस जहिल्यै पछाडि पर्दै आएको छ। महिला संघ तथा भगिनी संगठनहरू अहिले कता रुमल्लिएका छन् भनी कांग्रेसले तिनको खोजी गरी पार्टीका काममा क्रियाशील गराएको खोई ? पार्टीगतरूपमा हेर्ने हो भने, कम्युनिस्टभन्दा कांग्रेसमा बढी बौद्धिक, शालीन र जागरुक महिलाको प्रवेश हुँदाहुँदै वडा तहदेखि नै प्रशिक्षण र महिला सशक्तीकरणका क्षेत्रमा तिनलाई प्रयोग र परिचालन गर्न कांग्रेस किन असमर्थ छ ? कांग्रेस सभापति शेरबहादुर देउवाले कांग्रेस पार्टीका सम्पूर्ण निकाय, विभाग तथा भ्रातृ संगठनलाई चलायमान बनाउन जरुरी छ। कम्युनिस्टको शासन सञ्चालनसँगै केन्द्रदेखि स्थानीय तहसम्म बढेको सतप्रतिशत करवृद्धि, महँगी, राजनीतिक अराजकता, सामाजिक अपराध तथा न्याय सम्पादनमा भइरहेको ढिलासुस्तीले साबित गरिरहेको अवस्थामा अब कांग्रेसले नेपाली राजनीतिको केन्द्र भाग पक्रेर अघि बढ्नु आवश्यक छ।

जनमतका दृष्टिले हाल सरकार जति बलियो छ, लामो समय सत्ता सम्हाली राजनीतिमा खारिएको प्रतिपक्ष अझ सशक्त छ। प्रतिपक्षीको काम विरोध गर्ने मात्र होइन, सरकारलाई रचनात्मक काममा सहयोग पुऱ्याउनु र जनउपयोगी महत्वपूर्ण मुद्दाहरू उठाई जनताका दैनिकीलाई सहज एवम् सरल बनाउने प्रयत्नमा जुट्नुपर्छ। आफ्नै पार्टीभित्रको अस्तव्यस्तता र छिनाझम्टीमा कांग्रेस रुमल्लिँदा सत्तापक्षको कम्युनिस्ट चरित्रमा मनोमानिता र स्वेच्छाचारिता अझै बढ्न सक्छ। चुनावअगाडि निकै वाक्पटु र आशावादी लाग्ने केपी ओलीका भाषण हाल जनतालाई कोक्याउन थालेका छन्। ओलीका चुनावी बाचा सपना र वर्तमानमा नेतृत्वदायी काम र क्रियाशीलताबची के तालमेल भइरहेको छ त ? ओलीको नेतृत्वमा देशले मुहार फेर्ने जनताको सपना तुहिँदै छ। चाडपर्व आएसँगै त्यससम्बन्धी जानकारीमूलक र ज्ञानवर्द्धक लेख–रचना तथा यात्रा स्मरणका रूपमा प्रकाशित हुने सामग्रीहरू ओली सरकारको सत्तारोहणसँगै क्रमशः हराएका देखिन्छन्। धर्म संस्कारसम्बन्धी जानकारीमूलक विषयका ठाउँमा हत्या, हिंसा, बलात्कारजन्य घटनाका समाचार तथा लेख–रचनाले हाल स्थान जमाएका छन्। यस्ता धार्मिक आस्थासँग जोडिने चाडपर्व तथा प्रथा परम्पराका बारेमा चासो राखी जान्न, बुझ्न चाहने नागरिकको संख्या कम्युनिस्टहरूको भन्दा ठूलो छ भन्ने हेक्का सरकार र सम्पादक दुवैमा हुनुपर्ने हो।

लोकतान्त्रिक मूल्य मान्यताको धरातलमा टेकेर राष्ट्रिय हितका खातिर नैतिक दायित्व बहन गर्न विशेषतः संसद्बाटै सत्तापक्षलाई सतर्क गराउनु प्रतिपक्षको धर्म नै हो। यसका लागि कांग्रेसले संसद्मा प्रतिपक्षको सशक्त र शालीन उपस्थिति देखाउन सक्नुपर्छ। संघीय शासन प्रणाली स्थापना भएसँगै स्थानीय सरकार हरेक क्षेत्रमा मनोमानी ढंगले जनताको ढाड सेक्ने गरी चौगुनासम्म कर उठाइरहेको छ। संघीयतालाई चाँडै नै किनारा लगाउने अस्त्रको रूपमा चौतर्फी करआतंक बढेको छ। यसै पनि बहुदलीय व्यवस्थामा सधैँ एउटै पार्टी सत्तामा टिकिरहन सक्दैन। त्यसमा पनि एक पार्टीले जनताको मन जित्ने गरी काम गर्न नसक्नेबित्तिकै देशको जनमत ढल्केसँगै राजनीतिले पनि कोल्टे फेर्ने विगतदेखिकै नेपाली राजनीतिको चरित्र हो। अझ भन्नुपर्दा प्रतिपक्षमा बस्नु भनेकै सरकारलाई जनहितमा र कानुनी पद्धतीय मार्गमा हिँड्न दबाब दिने तथा जनताका पक्षमा तीव्र आवाज उठाई आफ्नो जनमतसमेत बढाउने हो। कांग्रेसले कुनै पनि नीति–नियम कार्यान्वयन गराउन होस् वा न्यायका लागि पहल गर्न होस्, कम्युनिस्टको झैं सडकमा ओर्लिएर तोडफोड, आतंक एवम् बबन्डर मच्चाउने होइन, हरेक समस्याको समाधान सभ्य र मर्यादित ढंगले संसद्बाटै खोज्नुपर्छ। न्याय र अधिकारका लागि सडकबाट उठेका जनआवाजलाई प्रतिपक्षको सकारात्मक भूमिकाप्रति आश्वस्त तुल्याउन सक्नुपर्छ।

## पाठक पत्र

### चिनीको मूल्यवृद्धि रोक

चाडबाडको समयमा उपभोग्य वस्तुको मूल्य वृद्धि हुन नदिइनु, कृत्रिम मूल्य वृद्धि रोक्न निरन्तर अनुगमन बढाउनु र आमसर्वसाधारणलाई सुपथ मूल्यमा उपभोग्य सामग्री खरिदका लागि सहज वातावरण बनाइनु सरकार तथा सम्बन्धित निकायको कर्तव्य हो। तर, चाडबाडकै मौका छोपेर महँगी बढाउने प्रवृत्ति चलिरहेको छ। पछिल्लो समय चिनीमा चलखेल भएका खबरहरू निरन्तररूपमा सञ्चार माध्यमहरूले प्रकाशन, प्रसारण गर्दै आएका छन्।

सोमबार संघीय संसद्को सार्वजनिक लेखा समितिले उद्योगी र सरकारको मिलेमतोमै चिनीमा चलखेल भएको दाबी गऱ्यो। चिनी आयात निर्धारणमा उद्योगीसँग मिलेर सरकारले नै ठूलो आर्थिक चलखेल गरिएको अधिकांश सांसदहरूले आरोप लगाए। नेपालमा उखु किसानले चिनी उद्योगबाट समयमै भुक्तानी नपाएर वर्षौंदेखि आन्दोलन गर्न बाध्य छन्। सरकारले मूल्य नतोक्दा किसानका उखु बारीमै कुहिने समस्या विद्यमान छ। तिनै उद्योगीले भारतबाट ठूलो परिमाणमा सस्तो मूल्यमा चिनी आयात गर्छन्, ब्रान्ड परिवर्तन गर्छन्। र, उही चिनी नेपाली बजारमा महँगो मूल्यमा बेच्ने गर्छन्। यो नियमित शृङ्खलाबारे कोही अनभिज्ञ छैनन्। सरकारले समेत चिनी आयातमा परिमाणात्मक बन्देज लगाएर तिनै उद्योगीको पक्षपोषण गर्दै आएको छ।

नेपाली उद्योगमा उत्पादित चिनी भारतको तुलनामा थोरै मात्र महँगो हुन्छ। विशेषतः स्वदेशी चिनीको मौज्दात बाँकी रहेको अवस्थामा आयातमा बन्देज लगाइन्छ। तर, चिनी आयातमा बन्देज लगाइनुको पछाडि ठूलो आर्थिक चलखेल भएको अधिकांश सांसदहरूको दाबी छ। चिनीमा लगाइएको कोटा प्रणाली र आयात ठप्प प्रकरणमा मात्रै १ अर्ब ९८ करोड २१ लाख रुपियाँको चलखेल भएको आरोप सरकारमाथि लगाइएको छ।

उद्योगीसँग मिलेमतो गरी सरकार आफैंले चिनी बजारमा एकाधिकार कायम गरी उपभोक्तालाई महँगी व्यहोर्न बाध्य बनाइएको आरोप आफैंमा असत्य होइन। आयात घटेको बहानामा चिनीको मूल्य अकासिएको छ। बजारमा चिनी ८५ रुपियाँ प्रतिकिलो बिक्री भइरहेको छ। सरकारले उद्योगीकै पक्षपोषण हुने गरी चिनीमा एक लाख मेट्रिक टन कोटा निर्धारण गरी आयातमा प्रतिबन्ध लगाएको थियो। सांसदहरूले चिनी आयातमा रोक लगाइएको विषयमा छानबिन गर्न समिति गठन हुनुपर्ने माग गरेका छन्। चिनी प्रकरणमा सरकारको समेत मिलेमतोको आरोप संसद्मा उठिसकेपछि त्यसको जवाफ सरकारले दिनुपर्छ।

अहिले बजारमा चिनीको कालोबजारी भइरहेको छ। चिनी उद्योगीले ठूलो परिमाणमा चिनी आयात गरी आफ्नो ब्रान्डमा प्याकिङ गरी स्वदेशी चिनीको नाममा बिक्री गर्दै आएको तीतो सत्य सर्वविदितै छ। सरकार सार्वजनिक हितको विषयमा गम्भीर नभएको चिनी प्रकरणले पुष्टि गरेको छ। चिनी उद्योगीलाई प्रत्यक्ष फाइदा पुग्ने गरी माग पूरा गर्नु, उखु किसानले दुई वर्षदेखिको भुक्तानी नपाउनु, आर्थिक चलखेलकै कारण चिनीमा मनपरी मूल्य बढाउनुले सरकारको नियतमाथि प्रश्न गर्ने ठाउँ देखिएको छ।

दुई साताअघिसम्म ६२ रुपियाँ प्रतिकिलोमा पाइने चिनी आयात प्रतिबन्ध र सवारी भाडा बढेको बहानामा थोकमै ७२ रुपियाँ कायम गरिनु ठूलो अन्याय हो। जबकि भाटभटेनीले उही चिनीको खुद्रा मूल्य ५९ रुपियाँमा बिक्री गर्दै आएको छ। यसबाट पनि चिनीमा चलखेल रहेको अनुमान गर्न गाह्रो पर्दैन। नेपाली बजारमा मासिक ८ हजार मेट्रिक टन चिनीको खपत हुने बताइन्छ। जबकि नेपालमै बर्सेनि १ लाख ७५ हजार मेट्रिक टन चिनी उत्पादन हुने गर्छ। नेपालमै उत्पादित चिनीले यहाँको माग र खपत धान्न सक्छ। तर, उखु किसानलाई भुक्तानी रोकेर बाहिरबाट सस्तोमा चिनी ल्याएर मनपरी मूल्यमा बेच्न दिनु आर्थिक चलखेलको उपज हो। सरकारले उपभोक्तालाई मार नपर्ने गरी चिनीको न्यूनतम मूल्य तोकेर चिनीमा देखिएको कालोबजारी तोड्नु जरुरी देखिएको छ।

*-रामशंकर महत, सर्लाही, हाल : काठमाडौं।*

### स्थानीय सरकार जनताको भएन

स्थानीय सरकारहरूले कार्यप्रगतिको एक वर्ष बिताइसकेका छन्। एक वर्षमा के-के कामहरू भए भनेर लामो समीक्षा पनि गरियो। स्थानीय सरकारहरूले धमाधम गरेका विकास निर्माणका गतिविधिहरूमा कतिपय खरिद ऐन, नियम र निर्देशिकाहरूले गतवर्षको काममा खुल्लापन नआए पनि यो वर्षदेखि सबै कुरो बुझेका स्थानीय सरकार प्रमुखहरूले बेलैमा कामको प्रभावकारिताका लागि ध्यान दिनुपर्ने हो। तर एक वर्षको अनुभव बटुले पनि काम भने अस्तव्यस्त नै छ। जनताको चाहनाअनुरूप काम भएको छैन।

सूचना लुकाउनुहुँदैन भन्ने कुरालाई ख्याल गरेर हरेक विकास गतिविधिहरूमा सार्वजनिक सुनुवाइ, सामाजिक लेखा परीक्षणजस्ता कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्नेमा त्यसतर्फ ध्यान दिइएको छैन। गतवर्षका अधिकांश कामको बारेमा जनताले जानकारी नपाएको र प्रभावकारीरूपमा कामको कार्यान्वयन नभएको गुनासाहरू धेरै आए र सुनिएपछि यो वर्षबाट स्थानीय सरकारले हरेक कामको समयसीमा निर्धारण गरेर काम शुरू हुनुपूर्व सम्बन्धित स्थानीयहरूलाई जम्मा गरेर कामको प्रकृति, सम्झौता मिति, सम्पन्न मिति, कामको जिम्मेवारी लिएको निकायजस्ता विषयमा सूचना प्रवाह गरिदिने र अन्त्यमा पनि स्थानीय बासिन्दाको रोहबरमा भएको विकासको समीक्षा मात्र गर्न सकेको खण्डमा गुनासाहरू निकै घटेर जाने आशा गर्न सकिन्छ।

*- हेमन्त भट्टराई, काठमाडौं।*


### सबै घटनालाई राजनीतीकरण नगर

मुलुकमा लामो द्वन्द्व भयो। तत्कालीन द्वन्द्वमा राज्य र विद्रोही दुवै पक्षबाट विभिन्न खालका घटनाहरू घटे। कतिपय घटना परिस्थितिका आधारमा घटेका थिए भने कतिपय घटना जानाजान तरिकाले घटाइएका थिए। कतिपय घटना जघन्य अपराधका रूपमा व्याख्या र विश्लेषण गरिएका छन्। यस्ता घटनाहरूलाई उच्च सहमतिका आधारमा टुंगोमा पुऱ्याउनुपर्ने अहिलेको आवश्यकता हो। अहिले पनि अधिकारी दम्पतीको घटनालाई लिएर बेला-बेलामा चर्चा-परिचर्चा हुने गरेको छ। यति मात्र हैन, अन्य विभिन्न विषयहरूमा भएका आपराधिक क्रियाकलापहरूमा संलग्न व्यक्तिहरू राज्य पक्ष वा विद्रोही पक्षकाहरूलाई कारबाही गर्नुपर्ने भन्दै बेला-बेलामा आन्दोलन शुरू गरिएका पनि देखिन्छन्।

शन्ति प्रक्रियापछि विभिन्न आयोगहरू निर्माण गरेर शान्ति स्थापनाका लागि पहलहरू पनि भएका छन्। दुवै पक्षका पीडित परिवारलाई राज्यले क्षतिपूर्तिको व्यवस्था गरेर कतिपय घटनाको समाधान गरेको पनि पाइन्छ। अब पनि सरकारले यस्ता विषयलाई गम्भीररूपमा उठान गरी उच्च तहको समझदारी कायम गरेर दिगो समाधान गर्नुपर्ने देखिन्छ।


*- राजु अर्याल, सीतापाइला, काठमाडौं।*

## सामाजिक सञ्जाल



हिन्दूहरूको चाडपर्वको मुखमा चिनीमा भारी मूल्य वृद्धि : दुई-चारजना कालाबजारिया उद्योगीहरूको स्वार्थ पूर्तिका लागि करोडौं नेपालीको ढाड सेक्ने दुई तिहाइको कम्युनिस्ट सरकारको यही हो त समाजवादी नीति तथा कार्यक्रम ! यसै गरी पूरा होला त 'समृद्ध नेपाल र सुखी नेपाली'को सपना ?

**Khemraj Regmi**
**@khemraj_regmi**



आजभन्दा ६० वर्षअघि वायु सेवा निगम स्थापित भई नेपालमा उड्डयन सेवा सुचारू भएको हो। हिजो सञ्चालनमा आएका विदेशी वायु सेवा कम्पनीहरू कहाँबाट कहाँ पुगे। हाम्रो त्रि.अ. विमानस्थलमा आजसम्म पनि हातले छामछुम गरेर विदेशी पर्यटकहरूको पासपोर्ट जाँचिने रहेछ ! यहाँभन्दा कति चाहियो विकास ?

**Babu Lal Bhandari**
**@BabuLalBhandar2**

सुनकाण्डमा संलग्न रहेका उनीहरूलाई जिल्ला अदालत मोरङमा कर्तव्य ज्यान र संगठित अपराध मुद्दामा कारबाहीका लागि मुद्दा दायर गरिएको थियो।

# नेपाल



नापी विभागमा मैनबत्तीसहित ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाले आयोजना गरेको विरोध कार्यक्रमका सहभागी। नेपालको नक्सामा लिम्पियाधुरा, कालापानीको नक्सा र १० हजार ११ वर्ग किमिको भूमि तुरुन्त देखाउनुपर्ने मागसहित विरोध कार्यक्रम गरिएको थियो।
*तस्वीर : अनिल आङ्देम्बे/काठमाडौं*

# ३३ किलो सुनकाण्डमा मुछिएका प्रहरी अधिकृत काममा फर्कंदै

**नेपाल समाचारपत्र**
काठमाडौं

बहुचर्चित ३३ किलो सुन तस्करी प्रकरण र सनम शाक्य हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका ३ जना बहालवाला प्रहरी अधिकारीको निलम्बन फुकुवा भएको छ।

मुलुक नै हल्लाउने गरी छानबिन गरिएको सुनकाण्डमा मुछिएका एसएसपी दिवेस लोहनी, एसपी विकासराज खनाल र डीएसपी प्रजित केसीलाई विराटनगर उच्च अदालतले साधारण तारेखमा रिहा गरेपछि गृह सचिव प्रेम राईले उनीहरूको निलम्बन फुकुवा गर्नुभएको हो। उक्त काण्डमा संलग्न रहेको भन्दै छानबिन समितिले पक्राउ गरी कारबाही गर्न निर्देशन दिएपछि गत वैशाख १६ गते उनीहरूलाई गृह मन्त्रालयले निलम्बन गर्न प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको थियो।

उच्च अदालत विराटनगरले उनीहरूलाई साधारण तारेखमा छोड्ने आदेश दिएपछि उनीहरूले काममा पुनः फर्किन पाऊँ भन्दै प्रहरी प्रधान कार्यालयमा निवेदन दिएका थिए। उनीहरूको निवेदन गृह मन्त्रालयमा पुगेपछि मन्त्रालयले निलम्बन फुकुवा गरेपछि उनीहरूलाई काममा फर्किने बाटो खुलेको छ। निलम्बन फुकुवाको निर्णय भइसकेको छ, यसको व्यहोरा प्रहरी प्रधान कार्यालय पुगेपछि उहाँहरू नियमित काममा फर्किने प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ। सुनकाण्डमा संलग्न रहेका उनीहरूलाई जिल्ला अदालत मोरङमा कर्तव्य ज्यान र संगठित अपराध मुद्दामा कारबाहीका लागि मुद्दा दायर गरिएको थियो। निलम्बनमा पर्नुअघि एसएसपी लोहनी महानगरीय प्रहरी अपराध महाशाखा प्रमुख र डीएसपी केसी पनि महाशाखामै कार्यरत रहेका थिए भने एसपी खनाल जिल्ला प्रहरी कार्यालय मकवानपुरमा कार्यरत थिए।

तस्करीबाट भित्रिएको ३३ किलो सुन हराएपछि २०७४ फागुन १८ गते सुन तस्करका मुख्य नाइके चूडामणि उप्रेतीसहितको समूहले उर्लाबारीको जंगलमा लगेर शाक्यको हत्या गरेको थियो। उक्त हत्यालाई ढाकछोप गर्न प्रहरीकै अधिकारीको मिलेमतो रहेको दाबी समितिले गरेको थियो।

## ढल्केवरलाई राजधानी नबनाइए अनशन बस्ने चेतावनी

काठमाडौं, (नेस)

ढल्केवरलाई प्रदेश नम्बर २ को राजधानी नबनाए अनशन बस्ने चेतावनी यहाँका नागरिक समाजले दिएका छन्। प्रधानमन्त्रीलाई बुधबार ज्ञापनपत्र बुझाउँदै उनीहरूले अनशन बस्ने चेतावनी दिएका हुन्। नागरिक समाजका अगुवाहरूको नेतृत्वमा गएको टोलीले इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक सरोज राईमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए। मिथिला नगरपालिका-७ का वडाध्यक्ष युवराज उप्रेती, सञ्चारकर्मी विजयकुमार साह र नागरिक अगुवा मेघबाहादुर सेञ्चुरीद्वारा संयुक्तरूपमा हस्ताक्षरित ज्ञापनपत्रमा प्रदेश २ को राजधानीका लागि ढल्केवर सबै किसिमले उपयुक्त रहेको दाबी गरिएको छ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको मात्र नभएर प्रदेश २ को पर्सादेखि सप्तरी तथा हाल प्रदेश नम्बर २ को अस्थायी राजधानी जनकपुरको समेत संगमस्थलको रूपमा परिचत ढल्केवर राजधानीको लागि उपयुक्त भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ। यस प्रदेशका जनताका लागि सहज कामकाज र आवत-जावतका लागि सवारीसाधन सहजरूपमा उपलब्ध हुने भएकाले पनि ढल्केवरलाई राजधानी बनाउन उपयुक्त हुने विज्ञप्तिमा जनाइएको छ। प्रदेश नम्बर २ को पश्चिमी बेल्टमा रहेको वीरगन्जलाई राजधानी बनाउँदा पूर्वी बेल्टका जनतालाई अपायक पर्छ भने प्रदेशको दक्षिणी बेल्टमा रहेको जनकपुर पनि राजधानीका लागि उपयुक्त देखिँदैन।

राजविराज र सिरहाको लहान पनि पूर्वी बेल्टमा पर्ने भएकाले राजधानी उचित छैन। तसर्थ ढल्केवर प्रदेश २ को राजधानी सही र उपयुक्त रहेको यसलाई राजधानी घोषणा नगरिए आमरण अनशन बस्ने चेतावनी ज्ञापनपत्रमार्फत दिइएको छ।

## 'गलत समाचार लेख्नेलाई महासंघले कारबाही गर्छ'

**पुष्कर बुढाथोकी, भक्तपुर**

नेपाल पत्रकार महासंघका कार्यवाहक अध्यक्ष दिलिप थापामगरले सत्यतथ्यमा आधारित नरही गलत समाचार लेख्ने पत्रकारलाई अब नेपाल पत्रकार महासंघले कारबाही गर्ने बताउनुभएको छ। नेपाल पत्रकार महासंघ भक्तपुर शाखाले आयोजना गरेको 'नागरिकको आँखामा मिडिया' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले सत्यतथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न सञ्चारकर्मी र मिडिया हाउसलाई आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो- 'कसैको प्रभावमा परेर गलत समाचार लेख्ने पत्रकारलाई अब छुट हुँदैन, महासंघ आफैंले कारबाही गर्छ, यसमा पत्रकार सचेत हुनुहोस्।' उहाँले सत्यतथ्य समाचार लेख्न भने खुट्टा नकमाउन आग्रह गर्दै मिडियालाई संकुचित गर्न सञ्चारविरोधी कानुन ल्याए त्यसलाई चिरेर महासंघ सञ्चारकर्मीको पक्षमा अगाडि बढ्ने बताउनुभयो। कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठले पत्रकारले पत्रकारिता, पर्चाकारिता, पित पत्रकारिता नगरी वास्तविक पत्रकारिता गर्नुपर्नेमा जोड दिँदै भ्रम छर्ने, भड्काउने समाचार नलेख्न आग्रह गर्नुभयो।

सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले पत्रकारिता नै नपढेका, नजानेका व्यक्ति पत्रकारितामा हाबी हुँदै आएको टिप्पणी गर्दै पैसा कमाउनकै लागि यो पेसा रोज्न नहुने बताउनुभयो। कार्यक्रममा सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेतले पत्रकारले समाचार लेख्ने विषय नै कतिपय अवस्थामा नबुझेको बताउँदै महिला बालबालिका पक्षको समाचारले स्थान नपाउने गरेको गुनासो गर्नुभयो।

कार्यक्रममा नागरिकका तर्फबाट निर्माण व्यवसायी महासंघ भक्तपुरका अध्यक्ष निरञ्जन बजगाईंले अनगिन्तीरूपमा खुलेका मिडियाले संवेदनशील विषयमा निष्पक्ष हुन नसकेको र पत्रकारितामा दलीय गन्ध आउने गरेको बताउनुभयो। एन प्याब्सन भक्तपुरका अध्यक्ष जीवी खड्काले सम्बन्धित पक्षसँग सम्पर्क नै नगरी समाचार लेख्दा यथार्थ नआउने गरेको बताउनुभयो। सर्वोच्च अदालत बार एशोसियसनका उपाध्यक्ष राजु खड्काले समाचारमा सन्तुलन नराख्ने, विज्ञापनलाई समाचार बनाउने, हुबहु समाचार हाल्ने र समाचारमा चाकडीपन देखिने गरेको आरोप लगाउनुभयो।

उपभोक्ता मञ्च भक्तपुरमा अध्यक्ष मनोज थापाले जो पनि पत्रकार, पढ्दै नपढेका पनि पत्रकार बन्ने गरेको गुनासो गर्दै पत्रकारको नाममा जे पनि गर्न पाइन्छ भन्ने मानसिकता त्यागनुपर्नेमा जोड दिनुभयो। नेपाल बार एशोसियसन भक्तपुरका सचिव किरण न्यौपानेले निष्पक्ष भएर समाचार सम्प्रेषण नगर्दा धेरैको जीवन बर्बाद भएको बताउँदै स्वच्छ भएर पत्रकारिता गर्नु आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा बोल्ने अधिकांश नागरिक समाजका व्यक्तिले पत्रकारिता निष्पक्ष हुन नसकेको भन्दै पत्रकार बन्न धेरै सजिलो भएकाले यसको दुरूपयोग भएको बताउनुभयो। कार्यक्रममा नेकपाका अध्यक्ष वचन देउजा, प्रमुख जिल्ला अधिकारी नारायण भट्ट, पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष राजेश मिश्र, उपत्यका प्रदेशका अध्यक्ष एनके दाहाल, पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी, उपाध्यक्ष कविता थापा, सचिव कृष्ण नेपाललगायतले भक्तपुरको पत्रकारिता अन्यत्रभन्दा निष्पक्ष हुने गरेको भनाइ राख्नुभयो।

## ५ किलो सुनसहित तामाङ पक्राउ

काठमाडौं, (नेस)

रसुवाको गोसाइँकुण्ड गाउँपालिका-१ थुमन घर भएका सोबहादुर तामाङलाई अवैधरूपमा ल्याएको ५ किलो सुनसहित प्रहरीले पक्राउ गरेको छ।

तारकेश्वर नगरपालिका-३ तिनपिप्लेमा रसुवाबाट काठमाडौंतर्फ आउँदै गरेको बा२ख ६३८१ नम्बरको यात्रुबाहक बसलाई महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले मंगलबार चेकजाँच गर्ने क्रममा तामाङले लुकाई छिपाई ल्याएको अवस्थामा १/१ केजीका गरी ५ थानमा रहेको उक्त सुन बरामद भएको हो।

उक्त सुन चिनियाँ नागरिक भएको र उनी केरुङमा बसेर भरियामार्फत सुन काठमाडौं पठाएको प्रहरीले अनुसन्धानको क्रममा पत्ता लागेको प्रहरीले जानकारी दिएको छ।

## ४ लाखबराबरको अवैध सामग्री बरामद

काठमाडौं, (नेस)

झापाको मेचीनगर नगरपालिका- ६ बाट एपीएफ टोलीले करिब ४ लाख १० हजार रुपियाँबराबरका विभिन्न किसिमका सामग्री बरामद गरेको छ।

भारतबाट अवैधरूपले भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मूल्यबराबरको लत्ताकपडा, मरिच र किराना सामान सशस्त्र प्रहरी बल नेपाल गुल्म हेक्वा झापा नम्बर ८ गुल्मबाट खटिएको एपीएफ टोलीले बरामद गरको हो। एपीएफ टोलीले बरामद सामग्री आवश्यक कारबाहीका लागि भन्सार कार्यालय काँकडभिट्टामा बुझाएको छ। यसैगरी कपिलवस्तु जिल्लाको यसोधा गाउँपालिका-८ खोरियाबाट असोज १७ गते एपीएफ टोलीले करिब २ लाख रुपियाँबराबरको बोइलर कुखुराको चल्ला बरामद गरेको छ।

सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट खुनुवाबाट सशस्त्र प्रहरी निरीक्षक दधीराम पौडेलको कमान्डमा खटिएको एपीएफ टोलीले उक्त चल्ला बरामद गरेको हो। भारतबाट अवैधरूपले ३ वटा साइकलमा राखेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा एपीएफ टोलीले उल्लेखित मूल्यबराबरको चल्ला तथा उक्त साइकल बरामद गरेको हो।

## चोरी गर्दागर्दै पक्राउ

भक्तपुर, (नेस)

चागुँनारायण नगरपालिका-८ सुडाल बस्ने कपिलदेव सुकमनीलाई धनमाल चोरी गरी भाग्दै गरेको अवस्थामा सामानसहित बुधबार प्रहरीले पक्राउ गरेको छ। सोही नगरपालिका-९ ताथली बस्ने हीराबहादुर राउतको घरको मूल ढोकाको ताल्चा र ३ वटा दराजसमेत तोडफोड गरी नगद ६५ हजार ७ सय रुपियाँ र सुनका विभिन्न गहनासमेत गरी करिब ४ लाख ८ हजार रुपियाँबराबरको धनमाल चोरी भएको खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त जगातीबाट खटिएको प्रहरी टोलीले भाग्दै गरेको अवस्थामा उनलाई उक्त सामानसहित पक्राउ गरेको हो।


**भूलसुधार**

[illegible]

**भूल सुधार**

[illegible]

प्रदेश सरकार
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
प्रदेश नं १ विराटनगर
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
प्रकाशित मिति: २०७५/०६/१८

[illegible]

| सि.नं. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | MJTE/NCB/G/01/075/076 | [illegible], विराटनगर | [illegible] |
| २ | MJTE/NCB/G/02/075/076 | [illegible] | |

प्रदेश सचिव



**सिनेमा कर्नर**











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : साथीभाइ, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, मान बढ्ने।
**मिथुन** : धननाश, मानसिक अस्थिरता, असन्तोष, नेत्र विकार, दौडधुप।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, बोली बिक्ने, कार्य सफल हुनेछ।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन।
**तुला** : उपहारादि वस्तु प्राप्ति, कार्य सफल, शारीरिक स्वस्थता।
**वृश्चिक** : राज्यभय, अपयश, व्यर्थको यात्रा, पेसा-व्यवसायमा बाधा।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्या समाधान, बाहन-सुख।
**कुम्भ** : आर्थिक लाभ, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ।
**मीन** : कार्यनाश, शोक-सन्ताप, सन्तान कष्ट, वायुजन्य रोगको भय।



# प्रदेश-३



विज्ञप्ति जारी गर्दै प्रशासनले मदिरासेवनले आर्थिक, सामाजिक क्षेत्रमा पार्ने नकारात्मक असरका साथै यसको गम्भीर्यतालाई प्रचारप्रसार गरी मदिरा सेवनविरुद्ध अभियानमा सहकार्यका लागि आह्वान गरेको छ।

## हेटौंडामा जेपी भेटवाल फाउन्डेसन

नेपाल समाचारपत्र

हेटौंडा

नेपाली कम्य निष्ट इतिहासका लोकप्रिय नेता जेपी भेटवालको स्मृतिमा जेपी भेटवाल फाउन्डेसन गठन भएको छ।

हेटौंडामा विजय सुवेदीको अध्यक्षमा फाउन्डेसन गठन गरिएको हो। प्रतिष्ठान उपाध्यक्षमा श्रीधर पोखरेल, सचिवमा राजेन्द्र श्रेष्ठ, सहसचिवमा मुकुन्द दाहाल, कोषाध्यक्षमा सिर्जना भेटवाल तथा सदस्यमा पार्वती रावल, गोविन्द बस्नेत, नवीन सिग्देल, हिदम लामा, प्रकाश भेटवाल र हेमन्त भेटवाललगायत १९ जना रहनुभएको छ। प्रतिष्ठान संरक्षकमा वामदेव गौतम, मुकुन्द न्यौपाने तथा हरिमाया भेटवाल, निर्देशक समितिमा केदार न्यौपाने, देवी ज्ञवाली, काशीनाथ अधिकारी र प्रदेश-३ का मन्त्री दावा दोर्जे लामा तथा बालगोपाल थापा रहनुभएको छ।

तत्कालीन चितवन क्षेत्र नम्बर १ का सांसद तथा नेकपा एमाले केन्द्रीय लेखा आयोग सदस्य जागृतप्रसाद (जेपी) भेटवालको काठमाडौं वीर अस्पतालमा चैत २१ गते निधन भएको थियो। २०६३ सालदेखि भेटवाल क्यान्सर रोगबाट पीडित थिए। डाक्टरले यसअघि नै मृत्यु हुन्छ भने पनि भेटवाल आत्मबलले मृत्युलाई जितिरहनुभएको थियो। उहाँलाई प्रोस्टेटको क्यान्सर थियो।

क्यान्सर जितेर सामाजिक काम गरिरहनुभएका उहाँको शरीरका सबै अंगमा क्यान्सर फैलिएर अवस्था गम्भीर भएपछि वीर अस्पताल भर्ना गरिएको थियो। काभ्रे जिल्लामा जन्मिनुभएका उहाँ परिवारसहित २०२० सालमा चितवन झर्नुभएको थियो।

२०४६ सालमा भएको जनआन्दोलनमा तत्कालीन पञ्चायतले उहाँलाई कम्युनिस्ट आन्दोलनको नेतृत्व गरेको भन्दै ३० वर्ष कैद सजाय सुनाएको थियो। २०४८ सालमा उहाँ चितवन क्षेत्र नम्बर-१ बाट सांसद् हुनुभएको थियो। पञ्चायतकालमा पनि उहाँ जनपक्षीय उम्मेदवार बन्नुभएको थियो। उहाँले २ लाख घर-परिवारलाई बाढीबाट जोगाउनुभएको थियो।

## निर्मला हत्या प्रकरणलाई राजनीतीकरण गरियो : *गृहमन्त्री*

नेपाल समाचारपत्र

चितवन

गृहमन्त्री रामबहादुर थापा 'बादलुले निर्मला हत्या प्रकरणमा अनावश्यक राजनीतीकरण गरिएको आरोप लगाएका छन्। प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपाल चितवनले बुधबार भरतपुरमा गरेको पत्रकार सम्मेलनमा बोल्दै गृहमन्त्री बादलले अपराधी पत्ता लगाउन सरकारले अधिकतम प्रयास गरेको भए पनि घटनालाई राजनीतीकरण गरेर अफवाह फैलाइएको बताए। ९५ प्रतिशत हिंसाका घटनामा संलग्न अपराधी कानुनी कठघरामा आएको भन्दै उनले निर्मलाको बलात्कार र हत्यामा संलग्नलाई कारबाही भएरै छाड्ने दाबी गरे। 'निर्मलाजस्ता सयौं बलात्कार भएका छनु, उनले भने- 'अपराधी कसैले पनि उन्मुक्ति पाँउदैन, बाँकी रहेका २/४ प्रतिशतलाई छिट्टै कानुनी कठघरामा ल्याउँछौं।

घटनालगत्तै उच्चस्तरीय छानबिन समिति गठन गरेर घटनाको अनुसन्धान भएको भन्दै गृहमन्त्री थापाले समितिको प्रतिवेदनको निष्कर्षलाई आधार मानेर झन् गहिराइका साथ अनुसन्धान गरिरहेको बताए। छानबिन समितिको प्रतिवेदन छिट्टै सार्वजनिक गरिने गृहमन्त्री थापाको भनाइ छ।

घरेलु हिंसा बढ्नुको प्रमुख कारण मदिरा, ड्रग्सलगायतका लागूपदार्थ भएको भन्दै उनले मदिराको नियमन र नियन्त्रण गरिने बताए। उनले मदिरा सेवन र बिक्रीवितरणलाई कडा बनाइने जानकारी दिए। आपराधिक क्रियाकलापमा युवा शिकार भएको भन्दै उनले युवालाई अग्रणी भूमिकामा राखेर चेतनामूलक कार्यक्रम गरिने बताए। थापाले देशका ३६ हजार स्कुल क्याम्पस र ७ हजार वडामा घरेलु हिंसाविरुद्धको अभियान चलाइने जानकारी दिए। भ्रष्टाचार, गुण्डागर्दी र अपराध नियन्त्रणमा सरकारले प्राथमिकताका साथ काम गरिरहेको गृहमन्त्री थापाले उल्लेख गरे।

सरकारले विकासका लागि आवश्यक पूर्वाधार निर्माणसम्बन्धी काममा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भन्दै उनले चीनसँगको पारवहन सम्झौता र भारतसँगको जल, रेल र यातायातसम्बन्धी महत्त्वपूर्ण सम्झौता भएको बताए। सरकारले चन्दा आतंक, अपराध, सिन्डिकेट र भ्रष्टाचार अन्त्य गर्न कडा कदम चालेको थापाले दाबी गरे। उनले तस्कर निस्तेज पारेको र राजस्वमा उल्लेख्य वृद्धि भएको जिकिर गरे। सरकार कडाइका साथ प्रस्तुत भएका कारण गुण्डा भूमिगत भएको उनको भनाइ छ। अर्को मन्त्री थापाले जनतामाथि यो वा त्यो नाममा दुःख दिने, अपराध गर्ने, देश लुट्ने तत्त्वको सञ्जाल र उनीको पेसामा सरकारले हमला गरेकोले त्यस्ता प्रवृति मन्त्रालयकाविरुद्ध लाग्न थालेको बताए।

गृहमन्त्री थापाले नेपाली जनताका सदियौंदेखिका दुस्मनको एकएक पहिचान गर्दै सरकार तिनका विरुद्ध जनताका पक्षमा लागिरहेको बताए। लागूऔषध र मदिराका कारण महिला र बालबालिकामाथि हिंसाजन्य घटना बढिरहेका बेला गृहमन्त्रीसहित ३ वटै सुरक्षा अंगका प्रमुख यसको नियन्त्रणका विषयमा अन्तरक्रियामा जुटेका थिए। सो



प्रसंगमा गृहमन्त्री थापाले वर्तमान सरकारका कारण ३३ किलो मात्र नभई ३ हजार ३ सय बढी किलो सुन तस्कर गर्नेको सञ्जाल ध्वस्त बनेको दाबी गरे।

यस्तै बुधवार नै चितवनको भरतपुरमा लागूऔषध निषेध, मदिरा नियन्त्रण र महिला तथा बालबालिका हिंसा न्यूनीकरणसम्बन्धी सचेतना एवम् अन्तरक्रिया कार्यक्रममा बोल्दै तस्कर, दलाल, भ्रष्ट, गुण्डागर्दीका विरुद्धमा मन्त्रालयले मिसन चलाएकाले अहिले मन्त्रालयकै विरुद्धमा घेराबन्दी गर्न थालिएको टिप्पणी गरे। कार्यक्रममा बोल्दै प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले अपराधीसँग साँठगाँठ गर्ने कुनै पनि प्रहरीको भविष्य नभएको बताए। नेपालमा भएका बलात्कारका घटनामा २४ प्रतिशत घरबाहिरका मान्छेले र ७६ प्रतिशत आफन्त, नातागोता वा नजिकको मान्छेबाट हुने गरेको महानिरीक्षक खनालले बताए। १० हजार प्रहरीलाई हत्याहिंसा न्यूनीकरणका लागि प्रशिक्षकका रूपमा तालिम दिई सामाजिक संघसंस्थामा पठाउने जानकारी महानिरीक्षक खनालले दिए।

## टिपरको ठक्करले मोटरसाइकल चालकको मृत्यु

पुष्कर बुढाथोकी, भक्तपुर

६ लेन सडकअन्तर्गत सूर्यविनायक नजिक घलाँतेमा बुधबार साँझ टिपरले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ।

काभ्रेबाट काठमाडौंतर्फ जाँदै गरेको बा४ख ३६५० नम्बरको टिपरले सोही दिशातर्फ जाँदै गरेको बा८८प ८५२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा काभ्रे नमोबुद्ध डराउने पोखरीका २५ वर्षीय रामकृष्ण श्रेष्ठको घटनास्थलमै मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरले जानकारी दिएको छ। प्रहरी परिसर भक्तपुरका अनुसार साँगाबाट ६ बजे छुटेर तीव्र गतिमा आएको टिपरले मोटरसाइकललाई ठक्कर दिई चालक फरार भएका छन्।

आगो नियन्त्रणका लागि आएका प्रहरीले भीड हटाउन खोज्दा आक्रोशित भीडले नाराबाजी गरेपछि प्रहरीले लाठीचार्ज गरेको स्थानीय हरिशरण थापाले बताउनुभयो। प्रहरीले लाठीचार्ज



गरेपछि आक्रोशित भीडले ढुंगा हानेपछि सूर्यविनायक क्षेत्र रातिसम्म तनावग्रस्त बनेको थियो।

आगो नियन्त्रण गर्न आएको दमकललाई समेत भीडले ढुंगा हानेर तोडफोड गरेपछि प्रहरीले भीडमा अश्रुग्यास हानेको थियो। स्थानीयका अनुसार प्रहरीले १५ सेलभन्दा बढी अश्रुग्यास हानेको थियो। अश्रुग्यास हानेर भीड तितरबितर बनाएपछि दमकलले आगो निभाएको थियो।

दुर्घटनामा मोटरसाइकलमा सवार अर्का एक जना गम्भीर घाइते भएका छन्।

घटनापछि आक्रोशित सर्वसाधारणले टिपरमा आगो लगाएको प्रहरीले जनाएको छ। आगोले टिपर पूर्णरूपमा ध्वस्त भएको छ। आगो निभाउन आएको दमकललाई सर्वसाधारणले ढुंगामुढा गरी आगो निभाउन खोज्दा अवरोध गरेका थिए।

सो क्रममा पाण्डुबजार क्षेत्रमा प्रहरी र सर्वसाधारणबीच ढुंगा हानाहानसमेत भएको थियो। महानगरीय प्रहरी परिसर भक्तपुरका डीएसपी रेवतीरमण पोखरेलले टिपरमा लगाइएको आगो निभाउनुका साथै प्रहरीले स्थितिलाई साम्य बनाएको बताउनुभयो।

स्थानीय प्रत्यक्षदर्शी सावित्री पोखरेलले प्रहरीले जथाभावी लाठी प्रहार गरेको बताउनुभयो। आक्रोशित भीडले गरेको ढुंगा प्रहारका कारण दमकल तोडफोड हुनुका साथै दमकलका कर्मचारी र केही प्रहरी घाइते भएको प्रहरी परिसर भक्तपुरले जनायो।

तनाव उत्पन्न भएपछि सो क्षेत्रमा यातायात सञ्चालनमा समेत अवरोध पुगेको थियो। बुधबारदेखि निर्माण सामाग्रीको ढुवानीमा असर परेको भन्दै टिपरलाई साँझ ७ बजे नै काठमाडौं प्रवेश गर्न दिइएको थियो। तर, निर्णय भएकै दिन यो घटना भएको छ। गत साउन १ देखि उपत्यकामा बिहान ५ बजेदेखि बेलुकी ८ बजेसम्म टिपर चलाउन रोक लगाइएको थियो। भक्तपुरतर्फ प्रहरीले साँगाचोकमै टिपर रोक्ने गरेको छ।

## घर-घरमा स्वास्थ्य परीक्षण शुरू

नेपाल समाचारपत्र

नुवाकोट

विदुर नगरपालिका वडा नं ५ को वडा कार्यालयले वडा क्षेत्रमा भएका जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको घरदैलो स्वास्थ्य परीक्षण सेवा बुधबार देवीघाटबाट शुरू गरेको छ।

बुधबार देवीघाटमा वडा नं ५ का वडाध्यक्ष शिवकुमार चित्रकारले घर-घरमा स्वास्थ्य परीक्षण कार्यक्रमको शुरुआत गर्दै वडा कार्यालयले वडामा रहेका जेष्ठ नागरिक दलित तथा अपांगता भएका व्यक्तिलाई प्राथमिकतामा राखेर स्वास्थ्य परीक्षण शुरू गरेको बताए। वडाअध्यक्ष चित्रकारका अनुसार हिँड्न सक्ने व्यक्तिलाई देवीघाटको जालपादेवी मन्दिरमा र नसक्ने अशक्तलाई घर-घरमा गएर स्वास्थ्य परीक्षण गरिने बताए।

शहरी स्वास्थ्य क्लिनिक विदुर नगरपालिका वडा नं ५ को आयोजनामा शुरू भएको घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रममा शहरी स्वास्थ्य क्लिनिकबाट उपलब्ध भएका औषधी निःशुल्क उपलब्ध गराउने बताइएको छ। स्वास्थ्य परीक्षणको क्रममा शहरी स्वास्थ्य क्लिनिकको क्षमताभन्दा बाहिहरका रोग देखिएमा जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र काठमाडौंसमेत रिफरको व्यवस्था गरिएको वडाध्यक्ष चित्रकारले बताएका छन्। पहिलो चरणमा जेष्ठ



नागरिक दलित तथा अपांगता भएका व्यक्तिलाई मात्र सेवा दिएको भन्दै चित्रकारले दोस्रो चरणमा वडाका सबै घर-घरमा घरदैलो नर्सिङ सेवा सञ्चालन गरिने बताए।

स्वास्थ्य परीक्षण गर्दा केही सामान्य समास्या भएका बिरामीलाई निःशुल्क औषधीको व्यवस्था गरिएको शहरी स्वास्थ्य केन्द्र विदुर नगरपालिका वडा नं ५ की अहेब कमला राईले बताइन्। उनका अनुसार परीक्षण गर्न आएकालाई जीवन जल, ज्वरोको औषधी, कानको औषधीलगायत विभिन्न औषधी वितरण गरिनेछ। शहरी स्वास्थ्य क्लिनिक अहिले विदुर नगरपालिकाको वडा नं २, ५ र ६ मा सञ्चालन भइरहेको छ। क्लिनिकमार्फत वडावासीले सेवा पाउँदै आएका छन्।

## सान्जेनको काम ६५ प्रतिशत सम्पन्न

रसुवा, (नेस)

रसुवाको आमाछोदिङ्मो गाउँपालिका वडा नं ५ चिलिमेमा निर्माणाधीन ४२.५ मेगावाट क्षमताको सान्जेन जलविद्युत् आयोजनाको ६५ प्रतिशत काम सम्पन्न भएको छ।

आयोजनामा सुरुङ, पावरहाउस र हेडबक्स निर्माणको काम भइरहेको छ। आयोजनाको ५ हजार ३ सय मिटर भूमिगत सुरुङमध्ये ४ हजार २ सय मिटर सुरुङ खनीसकिएको आयोजनाले बताएको छ। आयोजनाको ३ हजार ६ सय ४० मिटर मुख्य सुरुङ रहेकामा २ हजार ४ सय ५२ मिटर सुरुङ निर्माण भएको आयोजनाका भूर्गवविद् नवीन वस्तीले जानकारी दिए। सुरुङ निर्माणको काम ६७ प्रतिशत पूरा भएको उनको भनाइ छ। 'बाँध निर्माणको काम ७५ प्रतिशत सकिएको छु, उनले भने- 'यही गतिमा काम हुने हो भने तोकिएको समयमा विद्युत् उत्पादन हुन्छ। आयोजनाको ४ चरणमा काम भइरहेको प्रशासकीय अधिकृत सुनिलप्रसाद रेग्मीले बताए। ४ वटा ठेकेदारले निर्माण कार्य गरिरहेका छन्। ४ वटै ठेकेदारले डिजाइन, आयात, जडान, परीक्षण र कमिसनिङको काम गर्ने प्रशासकीय अधिकृत रेग्मीले बताए।

सिभिलमा एसईडब्ल्यु टुन्डी जेभी, इलेक्ट्रोमेकानिकलमा चिनियाँ ठेकेदार तोनफाङ इलेक्ट्रिक इन्टरनेसन कर्पोरेसन, हाइड्रोमेकानिकलमा नेपाल हाइड्रो एन्ड इलेक्ट्रिक लिमिटेड र प्रशारण लाइन निर्माणमा मुडभरी एन्ड जोशी कन्स्ट्रक्सन प्रालिले काम गरिरहेका आयोजनाले जनाएको छ। उत्पादित विद्युत् नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको चिलिमे हवमा गएर जोडिनेछ।

आयोजनाबाट विद्युत् उत्पादन गर्ने समय नजिकिँदै गएको कारण प्रसारण लाइन निर्माणमा प्राधिकरणले तीव्रता दिएको छ। भूकम्प, नाकाबन्दी, पहिरो र ठेकेदारको लापरबाहीका कारण निर्माणमा ढिलाइ भएको आयोजनाले जनाएको छ। यो आयोजना निर्माणका लागि ५ अर्ब २ करोड ४२ लाख रुपियाँ खर्च हुने बताइएको छ। आयोजनाको निर्माण कार्य २०६९ सालदेखि शुरू भएको थियो। एसईडब्ल्यु टुन्डी जेभीले निर्माण गरिरहेको आयोजनाले २०७६ फागुनभित्र विद्युत् उत्पादन शुरू गर्ने बताइएको छ।

## गर्भवतीलाई मदिरासेवन निषेध

हेटौंडा, (नेस)

जिल्ला प्रशासन कार्यालय मकवानपुरले गर्भवतीलाई मदिरासेवन निषेध गरेको छ। मदिरासेवन समाजको शान्ति, सुरक्षा, स्वास्थ्य र सदाचारिता लागि बाधक रहेको भन्दै स्वस्थ्य, सभ्य, सदाचार र अपराधमुक्त समाज निर्माणका लागि नागरिकमा जिल्ला प्रशासन कार्यालय मकवानपुरले अपिल गरेको हो।

विज्ञप्ति जारी गर्दै प्रशासनले मदिरासेवनले आर्थिक, सामाजिक क्षेत्रमा पार्ने नकारात्मक असरका साथै यसको गम्भीर्यतालाई प्रचारप्रसार गरी मदिरा सेवनविरुद्ध अभियानमा सहकार्यका लागि आह्वान गरेको छ।

प्रशासनले १८ वर्ष उमेर नपुगेका किशोरकिशोरी तथा १८ वर्षभन्दा कम उमेरकालाई मदिरा बिक्रीवितरण नगर्नेतर्फ पनि सचेत गराएको छ। मदिरा बिक्रीवितरणको इजाजतप्राप्त पसलबाट इजाजतपत्रमा उल्लेखित शर्तको अधिनमा रही दिउँसो १२ बजेदेखि बेलुका ९ बजेसम्म मात्र बिक्रीवितरण गर्न, सार्वजनिक स्थानमा मदिरा वा मदिराजन्य पदार्थसम्बन्धी होर्डिङबोर्ड, पर्चा, पोस्टर टाँस्न, वितरण निषेध, प्लास्टिक पाउचमा मदिरा प्याकेजिङ गरी उत्पादन तथा बिक्रीवितरण पूर्णरूपमा प्रतिबन्ध लगाइने भनिएको छ।

मदिरासेवन गरेको व्यक्तिलाई सार्वजनिक सवारीसाधन, अस्पताल, विद्यालय, कलेज तथा सार्वजनिक निकायमा प्रवेश निषेध, मादकपदार्थ सेवन गरी सार्वजनिक सवारीसाधन चलाउने सवारीचालकलाई प्रचलित कानुनबमोजिम कारबाही, जिल्लास्तरमा रहेका मदिरा उत्पादन, आयात तथा बिक्रीवितरण गर्ने स्थान, उद्योग र व्यक्तिको अभिलेख, बिक्रीवितरण गर्ने स्थान, उद्योगपतिको अभिलेख (वैधानिक तथा अवैधानिक) दुरुस्त राखिने भनिएको छ।

डिपार्टमेन्टल स्टोरबाट मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्रीकक्ष अनिवार्य व्यवस्था गर्न, किराना पसलबाट मदिराजन्य पदार्थ बिक्रीवितरण गर्न नपाइने, घरेलु मदिरा उत्पादन तथा बिक्रीवितरण पूर्णरूपमा निषेध र स्थानीय तहसँगको समन्वयमा मदिरा उत्पादन, बिक्रीवितरणमा नियमन तथा हानिकारक सेवनमा नियन्त्रणका लागि सरोकारवालाको सहभागितामा विशेष अभियान सञ्चालन गरिने पनि प्रशासनले जनाएको छ।

## छात्रवृत्ति दिन चंगा चेट

हेटौंडा, (नऔंस)

दशैंको अवसरमा हेटौंडामा चंगा चेट प्रतियोगिता हुनेभएको छ। जीवनकल्याण तथा सहजीकरण संस्था हेटौंडा-४ को आयोजनामा प्रतियोगिता हुन लागेको हो।

हेटौंडा-१, जरुवाटोलस्थित खुला मैदानमा असोज २७ गते हुने प्रतियोगितामा ६५ जनाले सहभागिता जनाउने आयोजकले बताएको छ। प्रतियोगिताबाट संकलित रकमले छात्रवृत्ति वितरणमा टेवा पुग्ने विश्वास लिइएको छ।

संस्कृति जगेर्ना गर्ने र प्रतियोगिताबाट बचेको रकम संस्थाको उद्देश्यप्राप्तिका लागि खर्चने गरी कार्यक्रम आयोजना गरिएको संस्था अध्यक्ष रवीन्द्र शाहीले बताउनुभयो। उहाँका अनुसार प्रतियोगिताका विजेताले नगद १० हजार रुपियाँसहित ट्रफी प्राप्त गर्नेछन्। द्वितीय र तृतीयलाई क्रमशः नगद ५ हजार र २ हजार ५ सय रुपियाँ, आकर्षक चंगा र उत्कृष्ट उडान भर्नेलाई ट्रफीको व्यवस्था गरिएको छ।

२०७० सालमा स्थापित संस्थाले हेटौंडाको श्रमिक मावि, ज्ञानदा मावि, बाराही आधारभूत विद्यालय लालझाडी, सिद्धार्थ मावि, सरस्वती निमावि मक्राञ्चुलीका २१ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। छात्रवृत्ति प्रदान गर्न वार्षिक करिब १ लाख १५ हजार रुपियाँ खर्च हुने गरेको शाहीले जानकारी दिनुभयो।

२०७५, असोज
बिहीबार
१८

संविधानसभाबाटै राजतन्त्रलाई अन्त्य गरी गणतन्त्र ल्याएर असम्भवलाई सम्भव बनाएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले हरेक समस्याको समाधान संविधानभित्रैबाट खोजिनुपर्नेमा जोड दिनुभयो।




# बुटवलमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी

## जनतासँगको सम्बन्ध जीवन्त बनाउन मुख्यमन्त्रीको निर्देशन

**यमलाल भुसाल, बुटवल**

प्रदेश ५ को राजधानी बुटवलमा बुधबार प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ।

प्रदेश ५ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आयोजना गरेको प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले शान्ति सुरक्षा कायम राख्न सबै सुरक्षा निकायले जनताँग जोडिएर काम गर्नुपर्नेमा जोड दिनुभयो।

जनतासँग जोडिएर काम नगर्ने, जनताको विश्वास नजित्ने सुरक्षा निकायले प्रभावकारी काम गर्न नसक्ने ठोकुवा गर्दै मुख्यमन्त्री पोखरेलले जनतासँगको सम्बन्ध जीवन्त बनाउन सुझाव दिनुभयो।

नेपाली सेनालगायत नेपालका सुरक्षा निकायलाई राष्ट्रिय सुरक्षाका लागि कुनै विदेशीसँग युद्ध लड्न पर्ने अवस्था नरहेको उल्लेख गर्दै उहाँले राष्ट निर्माणको राष्ट्रिय मनोविज्ञान तयार गर्ने काम गर्नुपर्ने धारणा राख्नुभयो।

सुरक्षाको विषय स्थानीय, प्रदेश र संघको भनेर छुट्याउन नमिल्ने भन्दै कञ्चनपुर घटनाले सिंगो देशमा तरंग ल्याएको उदाहरण मुख्यमन्त्री पोखरेलले दिनुभयो। अपराधी पहिचान हुन समय लाग्न सक्ने, तर नागरिकले अनुसन्धानमा सुरक्षा निकायले उपेक्षा गरेको महसुस गरे त्यहाँ अविश्वास र समस्या पैदा हुने मुख्यमन्त्री पोखरेलको कथन थियो।

कञ्चनपुर घटनामा अनुसन्धानमा हेलचेक्र्याइँ देखिएकाले सुरक्षा निकायप्रति आक्रोश पैदा भएको उदाहरण दिँदै अनुसन्धानमा इमानदारिता देखाउन मुख्यमन्त्री पोखरेलले निर्देशन दिनुभयो। कतिपय अवस्थामा घटना र अनुसन्धानलाई प्रभावित पार्न अपराधीको पनि घूसपैठ हुने भन्दै मुख्यमन्त्रीले उनीहरूलाई समयमै पहिचान गर्नुपर्नेमा जोड दिनुभयो।

सूचना प्रविधि र सञ्चारका कारण समाज धेरै खुला भएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले कञ्चनपुर घटनाबाट पाठ सिकेर आफ्ना कार्यसम्पादनलाई जवाफदेहीतापूर्ण, वैज्ञानिक र पारदर्शी बनाउन पनि सुरक्षा निकायलाई निर्देशन दिनुभयो।

मुख्यमन्त्री पोखरेलले कतिपय राजनीतिक दलले अझै पनि अधिकारको लडाइँ टुंगिएको छैन भनेर जनतालाई उत्तेजित बनाउने काम गरिरहेको बताउनुभयो।

संविधानले सबै वर्ग, समुदाय, क्षेत्रका जनतालाई अधिकारसम्पन्न बनाइसकेको भन्दै मुख्यमन्त्री पोखरेलले कतिपय दलले जनतामा भ्रम छरेर उत्तेजित बनाउने काम गरिरहेको बताउनुभयो।

मुख्यमन्त्री पोखरेलले कुनै दलको नाम नलिई अझै पनि अधिकारको लडाइँ बाँकी छ भन्दै हिँड्नु गलत निष्कर्ष भएको दाबी गर्नुभयो।

संविधानमा केही कमी भए संविधानबाटै समाधान गर्न सकिने तर्क गर्दै संविधानबाहिरबाट निकास ननिस्कने पनि उहाँले स्पष्ट पार्नुभयो।

संविधानसभाबाटै राजतन्त्रलाई अन्त्य गरी गणतन्त्र ल्याएर असम्भवलाई सम्भव बनाएको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले हरेक समस्याको समाधान संविधानभित्रैबाट खोजिनुपर्नेमा जोड दिनुभयो।

शान्ति सुरक्षाको विषय बहुआयामिक रहेको भन्दै उहाँले अपराध नियन्त्रणलाई मात्र नबुझ्न आग्रह गर्नु भयो। उहाँले शान्ति सुरक्षा सुशासनसंग पनि प्रत्यक्ष जोडिएको विषय भएकाले संगठित शक्ति (सिन्डिकेट), डन संस्कृति आदिका माध्यमबाट कानुनलाई हातमा लिन खोज्नेहरू, असंवैधानिक र काननुविपरीत काम गर्नेलाई कडाइका साथ निरुत्साहित गर्नुपर्नेमा जोड दिनुभयो।

गोष्ठीमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव डा. मानबहादुर बिकेले प्रदेशभित्रको शान्ति सुरक्षा कसरी सबल र सक्षम बनाउने भन्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको बताउनुभयो।

गोष्ठीमा प्रदेश ५ का १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, राष्ट्रिय अनुसन्धान प्रमुख, सशस्त्र प्रहरी प्रमुख र नेपाली सेनाका पृतनापतिको सहभागिता रहेको थियो।

१२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाको शान्ति सुरक्षाको अवस्था, चुनौती, समस्याको समाधान र महिला हिंसा, सवारी दुर्घटना, लागूऔषध नियन्त्रण, चोरी निकासी नियन्त्रणका उपायबारे जानकारी गराउनुभएको थियो।

यस्तै प्रदेश ५ ट्राफिक कार्यालयले प्रदेशको ट्राफिक व्यवस्थापन तथा सडक दुर्घटना न्यूनीकरणको प्रयास, चुनौती र योजना, राष्ट्रिय अनुसन्धान निर्देशकबाट सूचना संकलन तथा वितरणको अवस्था, प्रदेश प्रहरी प्रमुख शेरबहादुर बस्नेतबाट प्रदेश ५ को समष्टिगत सुरक्षा अवस्था र योजनाका बारेमा जानकारी गराइएको थियो।

आन्तरिक मामिला तथा काननु मन्त्रालयका सचिव बिकेले विपद् व्यवस्थापनसम्बन्धी प्रदेशस्तरीय कार्यक्रमको तयारीबारे जानकारी गराउनुभएको थियो।

### बानियाँ कम्पनीको बदमासीप्रति जनप्रतिनिधि रूष्ट

वीरगन्ज, (नेस)

बानियाँ निर्माण कम्पनीका कारण हुलाकी सडक निर्माणमा समस्या देखिएको भन्दै पर्साका जनप्रतिनिधिले उक्त ठेकेदार कम्पनीलाई कारबाही गर्न माग गरेका छन्।

खास गरी पर्सा राष्ट्रिय निकुञ्जले ठोरी गाउँपालिकाको ट्रिपर र ट्र्याक्टर नियन्त्रण केही समय पहिले पर्सा निकुञ्जले नियन्त्रणमा लिएपछि स्थानीय आक्रोशित भएका हुन्। ठोरी गाउँपालिका कार्यालयले वडा नं. ५ सुवर्णपुरमा आफ्नै डोजर, ट्रिपर र ट्याक्टर प्रयोग गरेर सडक मर्मत गरिरहेको थियो, तर पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत गडवालाइन पोस्टबाट खटिगएको सेनाको टोलीले ठूलो बाघमोर्चा गाउँको माझबाट ती साधन नियन्त्रणमा लिएपछि बानियाँविरुद्ध जनप्रतिनिधिहरू खनिएका छन्।

प्रकृतिको दोहन गरेको आरोपमा निकुञ्जले ती सवारीसाधन नियन्त्रणमा लिएको दाबी गरे पनि बानियाँका सवारीसाधनले मनलाग्दी जंगल मास्दासमेत निकुञ्ज प्रशासन मौन बसेको ठोरी गाउँपालिकाका अध्यक्ष पीएल श्रेष्ठले बताए। बानियाँ निर्माण सेवाले केही खान दिएकाले निकुञ्ज प्रशासन चुप लागेको बसेको पत्रकारसमेत रहेका पूर्वजनप्रतिनिधि प्रताप श्रेष्ठले बताए। बानियाँ निर्माण कम्पनीकै कारण हुलाकी सडक निर्माणमा ढिला भइरहेको पनि उनले बताएका छन्। धेरै बदसासी भए पनि बानियाँलाई राजनीतिक संरक्षण भएका कारण कारबाहीमा आलटाल भएको भन्दै ठोरीका जनप्रतिनिधिले ऊमाथि कारबाही नभए आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

### दुई तिहाइको सरकार हरेक मोर्चामा असफल

# 'चाडपर्व सकिएलगत्तै सडक र सदनबाट आन्दोलन'

**नेपाल समाचारपत्र**

राजविराज

राष्ट्रिय जनता पार्टी अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले वर्तमान दुई तिहाइको सरकार हरेक मोर्चामा असफल भएको आरोप लगाउँदै चाडपर्व सकिएलगत्तै सडक र सदनबाट आन्दोलन चर्काउने चेतावनी दिएका छन्।

बुधबार सदरमुकाम राजविराजमा राजपाले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले सो चेतावनी दिएका हुन्। 'दुई तिहाइको वर्तमान सरकारबाट जनताले धेरै आशा र आकांक्षा राखेका थिए, उनले भने- 'तर सबै आशा र आकांक्षा अहिले निराशामा परिवर्तन भएको छ।

संविधान संशोधन गर्ने सहमतिमा वर्तमान सरकारसँग मित्रता गाँस्दै राजपाले समर्थन दिएको चर्चा गर्दै उनले मित्रता कायम राख्ने वा तोड्ने दुवै विषय वर्तमान सरकारको नेतृत्वकर्ताको हातमा रहेको बताए। संविधान संशोधन गर्ने सवालमा ६ महिना बितिसक्दा पनि वर्तमान सरकारले कुनै गम्भीरता नदेखाएकामा आक्रोश व्यक्त गरेका उनले आगामी सोमबार संविधान संशोधन, प्रतिनिधिसभा सदस्य रेशम चौधरीलाई सपथ ग्रहण, बढ्दो महँगी, हत्या हिंसा, बलात्कार, कालोबजारी र झुठा मुद्दा फिर्तालगायतका विषय समेटेर देशैभर जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने तयारी गरिएको जानकारी दिए।

'त्यसपछि पनि हाम्रो मागउपर सुनुवाइ नगरिए दशैं, तिहार र छठ पर्व सकिएलगत्तै सडक र सदन दुवै मोर्चाबाट आन्दोलन शुरू हुन्छ' -उनको चेतावनी थियो।

उनले आन्दोलन शुरू भएलगत्तै सरकारलाई दिएको समर्थन पनि स्वत: फिर्ता हुने स्पष्ट पारे। उनले त्यस्तै हविगत हुनेछ।

'मधेस आन्दोलन चर्किएका बेला गोली चलाएर संविधान लादियो, उनले भने- 'तर अहिले पनि संविधान संशोधन गरी सुधार नगरिए फेरि पनि त्यस्तो अवस्था नहोला भन्न सकिन्न। उनले दुई तिहाइको सरकारले संविधान संशोधन गर्ला ठानेर समर्थन गरेको जनाउँदै अहिले हिन्दी उखान 'खोदा पहाड निक्ला चुहा' जस्तै हाल भएको र सरकारले नै आन्दोलनमा जान बाध्य पारिरहेको बताए।



नेपालगन्जमा फोरम अध्यक्ष उपेन्द्र यादवलाई कालोझन्डा देखाउने क्रममा राम मनोहर यादवलाई हिरासतमा लिई यातना दिएर हत्या गरिएको तथा कञ्चनपुरकी निर्मला पन्त बलात्कार र हत्याको घटनामा संलग्नलाई बचाउन प्रहरीले नै जानीजानी प्रमाण नष्ट गरी रक्षक नै भक्षक बनेको उदाहरण प्रस्तुत गरेको बताए।

देशमा विगत ६ वटा संविधान आएर इतिहासमा बिलिन भएको स्मरण गराउँदै उनले भने- 'वर्तमान सरकारको रवैया यस्तै रहे सातौं संविधानको पनि

उनले राजपाको राष्ट्रिय महाधिवेशन आगामी वैशाख ७, ८ र ९ गते हुने जानकारी पनि दिए।

प्रदेश २ मा फोरम-राजपा गठबन्धन सरकारको निरन्तरताबारे पत्रकारको जिज्ञासाको जवाफमा उनले भने- 'अहिलेसम्मको गतिविधि सन्तोषजनक छैन। यद्यपि मधेसी जनताको चाहना यही गठबन्धनको सरकार कायम रहोस् भन्ने रहेकाले हालसम्म देखिएका कमी कमजोरी सच्याई प्रभावकारी ढंगले गठबन्धन सरकार अघि बढाउन प्रयास थालिएको छ।

# रूपन्देहीमा दुई लाख बढी माछा मरे

बुटवल, (नेस)

माछा उत्पादनका लागि हबका रूपमा स्थापित रूपन्देहीको छपियामा पोखरीमा पालिएका २ लाखभन्दा बढी माछा अज्ञात रोगका कारण मरेका छन्।

खासगरी सिल्भर जातका माछा बढी मरेका छन् भने नैनी जातका माछा पनि मरेका छन्। मत्स्य विकास कार्यालयका प्राविधिकले स्थलगत अध्ययन गर्दा पनि माछा मर्नुको कारण पत्ता लगाउन नसकेपछि माछापालक किसान चिन्तित बनेका छन्। प्राविधिक टोलीले अज्ञात रोगले माछा मरेको निष्कर्ष निकालेर केन्द्रमा पठाएको छ। माछापालनमा देशमै ख्याति कमाएको छपिया क्षेत्रको छपिया, गैडहवा, सूर्यपुरालगायतका गाउँमा व्यवसायिकरूपमा पालिएका सिल्भर जातका माछा करिब २ सातादेखि लगातार मरे पनि कारण पत्ता लाग्न सकेको छैन।

हालसम्म कति माछा मरे भन्ने यकिन तथ्यांक आइनसके पनि २ लाखभन्दा बढी संख्यामा माछा मरेको अनुमान गरिएको छ। रूपन्देहीको सबैभन्दा ठूलो ८३ बिगाहाको गैडहवा तालमा पालिएका करिब ७० हजार सिल्भर जातका माछा मरेको माछापालक किसान शैलेन्द्रकुमार पासीले बताउनुभयो। भदौ २५ गतेदेखि २९ गतेसम्म ६० हजार माछा मरेकामा पछिल्लो ४ दिनदेखि १० हजार माछा मरेको उहाँको कथन छ।

छपियाको आरसीएएस कृषि फर्मका सञ्चालक रमेशचन्द्र मुराउले ७ बिगाहामा पालेका विभिन्न जातका २० क्विन्टल माछा मरेको बताउनुभयो। मरेका सबै माछाको जिब्रो कुहिएको र पखेटा कमजोर भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण मत्स्य परियोजना जोनका अधिकृत रमेश जैसवालले यस्तो खालको समस्या जिल्लामा अहिलेसम्म नदेखिएकाले आफूहरू पनि अचम्म परेको बताउनुभयो। किसानले पानी परीक्षण गराए पनि समस्या पहिचान हुन नसकेको जैसवालले बताउनुभयो।

किसानले गर्मीका कारण अक्सिजनको कमी भएर माछा मरेको आशंका गरे पनि पुष्टि भएको छैन। माछा मरेपछि बीमा गरेका किसानले बीमा कम्पनीसँग बीमा दाबी गर्दा बीमा कम्पनीले वास्ता नगरेको गुनासो गरेका छन्, तर अधिकांश किसानले बीमा गराएका छैनन्। रूपन्देहीमा १ हजार १ सय २० हेक्टर क्षेत्रफलमा वार्षिक ५ हजार ५ सय मेट्रिक टन माछा उत्पादन हुने गर्दछ।

# प्रहरीको ११ बुँदे विशेष सुरक्षा योजना शुरू

**शिवहरिप्रसाद भट्टराई, सप्तरी**

नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालय सप्तरीले ११ बुँदे विशेष सुरक्षा योजना ल्याएको छ।

आम नागरिकको सुरक्षालाई ध्यानमा राख्दै बुधबारदेखि पैदल, साइकल, मोटरसाइकल र भ्यानबाट गस्तिदेखि चेकजाँच, सीमा क्षेत्रमा गस्ती र जिल्लाका सबै इलाका प्रहरी कार्यालयमा नागरिक तथा यात्रु सहायता कक्षको स्थापनालगायतका ११ बुँदे विशेष सुरक्षा योजना ल्याइएको पत्रकार सम्मेलनको आयोजना गरी डीएसपी भोवश रिमालले जानकारी दिएका हुन्।

चाडपर्वमा ओहोरदोहोर गर्ने यात्रु, श्रद्धालु र स्थानीय सुरक्षा प्रबन्ध समेतलाई थप प्रभावकारी बनाउन नागरिक तथा यात्रु सहायता कक्षको निर्माण गरी सुरक्षा निगरानी बढाएको बताए। चौबीसै घन्टा उक्त कक्षले सेवा प्रदान गर्ने उनको भनाइ छ।

यस्तै चाडपर्वको बेला बढी रकमको कारोबार हुने बैंक तथा वित्तीय संस्था, बढी भक्तजनको भीड लाग्ने शक्तिपीठमा समेत निगरानी र ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिए।

यस्तै जिल्लाको कुनै पनि ठाउँमा जुनसुकै घटना/दुर्घटना भए वा सुरक्षा आवश्यक भए ५ मिनेटभित्रै पुग्ने गरी प्रहरीले आवश्यक व्यवस्था मिलाएको उनले बताए। उनले सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको शम्भुनाथमा रातको समयमा चालकलाई चिया कफी खुवाएर रिफ्रेस गर्ने व्यवस्था समेत मिलाइएको बताए।

विशेष सुरक्षा योजनाअन्तर्गत विभिन्न तहका गरी ८ सय सुरक्षाकर्मी परिचालन हुने प्रहरी उपरीक्षक राजेन्द्र विष्टले जानकारी दिएका छन्।

### तीन महिनादेखि कर्मचारीले तलब पाएनन्

डोटी, (नेस)

डोटीका सरकारी कार्यालयका कर्मचारीले ३ महिनादेखि तलब भत्ता पाउन सकेका छैनन्। प्रदेश सरकारअन्तर्गत रहेका सरकारी कार्यालयका कर्मचारीले तलब पाउन नसकेका हुन्। दशैं आउनै लाग्दा समेत यहाँका विभिन्न कार्यालयका कर्मचारीले तलब नपाएको गुनासो गरेका छन्।

प्रदेश मातहत आएका कार्यालयको तलब पाउन नसकेको कर्मचारीले आरोप लगाएका छन्। गएको साउनदेखि अहिलेसम्म तलब नपाएको सेक्टर वन कार्यालय डोटीका सहायक वन अधिकृत सुरेसचन्द्र डीसीले बताउनुभयो। उहाँले भन्नुभयो- 'तलब नपाएको महिनौं भइसक्यो, तलबको कुरै छोडौं, अब कहाँ हाजिर गर्ने हो त्यो नि पत्तो छैन, हामी अलपत्रमा छौं।

दशैंको मुखमा तलब नपाउने चिन्तामा आफूहरू रहेको जिल्ला कृषि विकास कार्यालय डोटीका कर्मचारी बताउँछन्। उनीहरू भन्छन्- 'कार्यालय सरिसकेको छ, हामीले त सेतो कागजमा हाजिर गरिरहेका छौं, तलब कसले दिने र कहिले आउने हो अत्तोपत्तो छैन। त्यस्तै प्रदेश सरकार मातहत स्थापना भएका डोटीका दर्जनौं कार्यालयका कर्मचारीले पनि गएको साउनदेखि तलब नपाएको गुनासो गरेका छन्।

[illegible]

झापा जिल्ला [illegible] नगरपालिका वार्ड नं. ११ [illegible] वार्ड नं. ७ [illegible] झापा [illegible] वार्ड नं. १ [illegible] ......

[illegible] २०७५ साल असोज महिना [illegible] गते रोज ४ शुभम्......

प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने बारे सार्वजनिक सूचना

प्रकाशित मिति २०७५/०६/१८

जिल्ला काठमाण्डौ बुढानिलकण्ठ नगरपालीका वडा नं. ५ (साबिक विष्णु बुढानिलकण्ठ वडा नं. ९) कि.नं.२२६ र २३० को जम्मा जग्गा क्षेत्रफल ३-०-१-० मा वार्षिक २५५ मे.टन क्षमताको ड्राइङ गर्ने उद्देश्यले अन्ताइ-हिमालय वर्कशप प्रा.ली. शाखा उद्योग १ नामको उद्योग स्थापना (हाल साबिकको सितापाइला २ मा रहेको अन्ताइ-हिमालय वर्कशप प्रा.ली. शाखा १) को स्थानान्तरण गर्न लागेको हुदा सो उद्योगको स्थापना बाट त्यस क्षेत्रको सामाजीक, आर्थिक, सास्कृतिक, जैविक, भौतिक आदि क्षेत्र तथा त्यसका कुनै अवयवहरुमा कुनै किसिमको प्रतिकूल प्रभाव पर्ने देखिएमा सरोकारवाला व्यक्ति वा संस्थाले निम्न अनुसारको ठेगानामा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र राय सुझाव दिन वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ अनुसार प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिबेदन तयार गर्ने प्रयोजनको लागी यो सुचना प्रकाशित गरिएको छ।

राय सुझाव दिने ठेगाना
१. बुढानिलकण्ठ नगरपालिका वडा नं. ५ [illegible], काठमाडौं
२. प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर

प्रस्तावक
नाम : अन्ताइ-हिमालय वर्कशप प्रा.ली
बुढानिलकण्ठ नगरपालीका
वडा नं. ५, काठमाडौं

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
प्राप्ती शाखा, गौचर, काठमाडौं।

शिलवन्दी बोलपत्र (E-Bid सम्बन्धि) आव्हानको सूचना

यस कार्यालयको लागि आवश्यक Supply, Delivery, Testing and Commissioning of Mini Truck Mounted Crane (Re-Invitation), NCB/94/PROSEC/2074/75 सम्बन्धि खरिद कार्यको लागि E-Bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि www.bolpatra.gov.np/egp मा Login गर्नु हुन अनुरोध छ।

# उमेर नपुग्दै आमा

**महेश न्यौपाने, रोल्पा**

बालविवाह न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारीस्तरबाट ठूलो मात्रामा बजेट र मानवस्रोत परिचालन गरिएको भए पनि यसको परिणाम भने सन्तोषजनक देखिएको छैन। जिल्लामा बालविवाह कम नहुँदा यसको प्रभाव जिल्लाका समग्र विकास गतिविधिमा समेत देखिन थालेको छ।

नेपालको प्रचलित कानुनअनुसार २० वर्ष नपुग्दै गरिने विवाह बालविवाह हो। कानुनको यो प्रावधानविपरीत हुने सबै विवाह बालविवाह भए पनि जिल्लामा हुने विवाहमध्ये ७० प्रतिशत बढी बालविवाह हुने गरेको बताइन्छ। बालविवाहलाई चेतनासँग जोडेर हेरिए पनि यसका बहुआयामिक कारण हुन सक्ने जानकारको भनाइ छ। केबल चेतनालाई मात्र दोष दिँदा वास्तविकता फरक हुन सक्ने उनीहरूको भनाइ छ। 'चेतनाको कमी बालविवाहको अनेक कारणमध्ये एक हुन सक्छ, तर समग्र कारण नै जनचेतना हैनु -बालविवाह न्यूनीकरणकी अभियान्ता तीर्था आचार्यले भनिन्। 'परम्परागत सोचाइ र मूल्य मान्यता, गरिबी, घरभित्रको संस्कार, साथीभाइ र सँगीका कारण पनि बालविवाह हुनुका कारण हुन सक्छन् -आचार्यले भनिन्।

जिल्ला स्वास्थ्य कार्यालय रोल्पाको अभिलेखमा गर्भवती जाँच गराउनेमध्ये ठूलो संख्याका गर्भवती २० वर्षमुनिका देखिएका छन्। अघिल्लो आर्थिक वर्षको ७ महिनाको तथ्यांकमा यसरी गर्भवती चेकजाँच गर्ने २० वर्षमुनिका किशोरीको संख्या ४ सय ७८ जना देखिएको छ। वर्षभरिको तथ्यांक यसको दोब्बर हुन सक्ने बताइन्छ। कम उमेरमै गर्भवती हुँदा लजाएर स्वास्थ्य संस्थामा गर्भवती जाँच नगराउनेको संख्या पनि समाजमा रहेको बताइन्छ।



जिल्लाभरका स्वास्थ्य संस्थामा किशोरावस्थामा गर्भवती हुनेहरूको संख्या अधिक रहेको जिल्ला स्वास्थ्य कार्यालय रोल्पाका सिनियर अनमी नैना घर्तीले जानकारी दिइन्। स्वैच्छिक गर्भपतन गराउनेमध्ये अघिल्लो वर्षको ७ महिनामा २६ किशोरी रहेको बताइएको छ। विवाहपछि ढिलो बच्चा जन्माउने चाहाना भएका किशोरीको संख्या अघिल्लो वर्ष ५ सय ५३ रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। महिलाले प्रयोग गर्ने सबै प्रकारका अस्थायी साधन प्रयोग गर्ने २० वर्षमुनिको संख्या पनि बढ्दै गएको बताइन्छ।

जिल्ला स्वास्थ्य कार्यालयको यो तथ्यांकले जिल्लामा बालविवाहको रूप भयावह देखिए पनि प्रहरी वा अन्य न्यायिक र अर्धन्यायिक निकायसम्म आइपुग्ने उजुरीको संख्या भने नाम मात्रैको छ। जिल्ला प्रहरी कार्यालय रोल्पामा आर्थिक वर्ष ०७३/०७४ मा बालविवाहका २ वटा उजुरी परेको थियो। आर्थिक वर्ष ०७४/०७५ मा यो संख्या घटेर एउटा मात्रै मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय रोल्पाको मुद्दा फाँटले जानकारी दिएको छ।

'बालविवाह गर्नु गैरकानुनी काम हो भन्ने जनतामा चेतना नहुँदा उजुरी कम परेको हुन सक्छ -महिला मानवअधिकार रक्षक सञ्जाल रोल्पाका सदस्य तुलसा आचार्यले भनिन्। बालविवाहका उजुरी परे पनि गाउँमै मिलापत्रमा टुंग्याइने चलनले पनि प्रहरीसमक्ष यस्ता उजुरी निकै कम आइपुग्ने आचार्यको भनाइ छ।

जिल्लामा बालविवाह न्यूनीकरणका लागि विभिन्न प्रयास समेत भइरहेका छन्।

# विश्व

**बेपत्ता**
आफ्नो राष्ट्रको नीतिको कडा आलोचकका रूपमा चिनिने साउदी अरेबियाका खासोगी पत्रकार टर्कीस्थित साउदी नियोगमा जाने क्रममा बेपत्ता भएका छन्।



**छनोट**
इराकको संसदले बुधबार नरमपन्थी कुर्दिस राजनीतिज्ञ बार्हाम सालिहलाई राष्ट्रपति छनोट गरेको छ।



2018, OCT
Thursday
4

विश्व २ मिनेट

## इराक

### राष्ट्रपति छानिए

बग्दाद, (एजेन्सी)

इराकको संसद्ले बुधबार नरमपन्थी कुर्दिस राजनीतिज्ञ बार्हाम सालिहलाई राष्ट्रपति छनोट गरेको छ। एएफपी समाचार निकायका अनुसार संसद्मा राष्ट्रपति चयनका लागि भएको मतदानमा प्याट्रियटिक युनियन अफ कुर्दिस्तान (पीयूके) का सदस्य सालिहले आफ्ना प्रमुख प्रतिद्वन्द्वी डेमोक्रेटिक पार्टीका फुआद हुस्सेनलाई २२ को विरुद्ध २ सय १९ मतले पराजित गरेका छन्। इराकमा राष्ट्रपति आलङ्कारिक पद हो। सत्ता साझेदारीका अनुसार सरकारका प्रमुख भूमिकाहरु इराकको प्रमुख जातीय समूहहरुबीच बाँडफाँड भएको छ। सन् २००३ देखि नै राष्ट्रपतिमा कुर्दको एकाधिकार रहँदै आएको छ।

## साउदी अरेबिया

### पत्रकार बेपत्ता

रियाद, (एजेन्सी)

आफ्नो राष्ट्रको नीतिको कडा आलोचकका रूपमा चिनिने साउदी अरेबियाका चर्चित पत्रकार टर्कीस्थित साउदी नियोगमा जाने क्रममा बेपत्ता भएका छन्। अमेरिकाको वासिङ्टन पोस्टका लागि समेत कलम चलाउने गरेका जमाल खासोगी नामक ती पत्रकार मंगलबार टर्कीको राजधानी इस्तानबुलस्थित नियोगमा प्रवेश गरेको बताइएको छ। त्यहाँ आफ्नो नियमित कागजातसम्बन्धी काम लिएर गएयता उनको अत्तोपत्तो नरहेको तुर्की सञ्चारमाध्यमले जनाएको छ। अखबारले उनलाई हिरासतामा लिइएको वा सोधपुछ गरी कतै छोडिएको भन्ने कुनै कुरा थाहा हुन नसकेको जनाएको छ।

## स्विडेन

### रसायन नोबेल पुरस्कार

स्टकहोम, (एजेन्सी)

यस वर्ष रसायनशास्त्रतर्फको नोबेल पुरस्कार ३ जना रसायनशास्त्री फ्रान्सिस एच आर्नल्ड (अमेरिका), जर्ज पी स्मिथ (अमेरिका) र सर ग्रगरी पी विन्टर (बेलायत) लाई प्रदान गरिएको छ। विजेता एक महिला र दुई पुरुष वैज्ञानिक हुन्। पुरस्कृत वैज्ञानिकले एन्जाइम्स र एन्टिबडिजको विकसित गर्न क्रमिक विकास र शक्तिको प्रयोग गरेको जनाएको छ। यसले नयाँ फर्मास्युटिक र बायोफ्युल निर्माण भएको छ। क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजीकी फ्रान्सिस एच आर्नल्डलाई एन्जाइम्सको पहिलो निर्देशित विकासका लागि पुरस्कारको आधा हिस्सा प्रदान गरेको छ।

## नेदरल्यान्ड

### अमेरिकालाई झट्का

द हेग, (एजेन्सी)

संयुक्त राष्ट्रको उच्च अदालतले अमेरिकालाई इरानमाथि मानवीय आवश्यकताका सामानको आपूर्तिमा लगाइएका प्रतिबन्ध हटाउन भनेको छ। अमेरिकाको ट्रम्प सरकारद्वारा परमाणु सम्झौताबाट हटेपछि लगाएको व्यापारिक प्रतिबन्धविरुद्ध इरानले गरेको अपिलमा अदालतले उक्त आदेश दिएको हो। अब अदालतको आदेशलाई ट्रम्प सरकारका लागि धक्काका रूपमा हेरिएको छ। यो आदेशविरुद्ध कुनै अपिल दायर गर्न सक्दैन। हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयले बुधबार एक मतबाट अमेरिकाले लगाएको प्रतिबन्धमा केही वस्तुको निर्यात छुट दिन भनेको छ।

# ट्रम्पमाथि कर छली करोडौं सम्पत्ति हासिल गरेको आरोप



वासिङ्टन, (एजेन्सी)

राष्ट्रपति डोनाल्ड ट्रम्पले कर चोरीको माध्यमबाट आफ्ना पिता न्युयोर्कका चर्चित विल्डर फ्रेड सी ट्रम्पको करोडौं डलर बराबरको सम्पत्ति हासिल गरेको अमेरिकाको एक अखबारले आरोप लगाएको छ।

न्युयोर्क टाइम्सले आफ्नो उक्त समाचारमा ट्रम्पले राष्ट्रपति चुनावका क्रममा आफ्नै बलबुतामा अर्बपति बनेको र लामो समयदेखि उनका पिता फ्रेड ट्रम्पबाट उनले कुनै आर्थिक मद्दत नपाएको बताउँदै आएका थिए।

गोप्य कर फिर्ता तथा अन्य कयौं दस्तावेज र आर्थिक अभिलेखका आधारमा द टाइम्सको जाँचमा ट्रम्पले आफ्ना पिताको रियल एस्टेटको साम्राज्यबाट अहिलेको हीसबले कम्तिमा ४१ करोड ३० लाख डलर प्राप्त गरेको भेटिएको अखबारले दाबी गरेको छ। त्यसमा धेरैजसो धनराशी ट्रम्पले आफ्ना मातापितालाई कर तिर्नबाट बच्न मद्दत गरेका कारण पाएका थिए।

समाचारमा उनका भाइबहिनीले आफ्ना पिताबाट उपहारमा पाएको अर्बौं सम्पत्ति लुकाउन फर्जी कम्पनी बनाएको उल्लेख गरिएको छ। ट्रम्पले लाखौं डलर कर लुकाउन आफ्नो पितालाई मद्दत गरेको अभिलेखबाट पत्ता लागेको बताइएको छ। उनले आफ्ना बुबा र आमाको रियल एस्टेटको सम्पत्तिमा कम मूल्यांकन गर्ने रणनीति बनाउनमा पनि मद्दत गरे। ती सम्पत्ति उनलाई र उनका भाइबहिनीलाई हस्तान्तरण गरेपछि धेरै न्यून भएको थियो।

ह्वाइट हाउसले उक्त खबरमा असन्तोष व्यक्त गर्दै न्युयोर्क टाइम्सलाई माफी माग्न भनेको छ। ह्वाइट हाउसका सारा सेन्डर्सले फ्रेड ट्रम्प बितेको करिब २० वर्ष भइसकेको र बेकम्मा न्युयोर्क टाइम्सद्वारा ट्रम्प परिवारविरुद्ध यो भ्रामक हमला हुनु दुःखद मानेको हो।

# अस्ट्रेलियामा स्यानिटरी प्रडक्टमाथिको कर हट्यो

सिडनी, (एजेन्सी)

महिला अधिकारवादी समूहहरुले वर्षौंदेखि चलाउँदै आएका अभियानपछि अन्ततः अस्ट्रेलियाले महिला स्यानिटरी प्रडक्टहरुमाथि लगाउँदै आएको विवादास्पद कर हटाएको छ। हालसम्म अत्यावश्यक वस्तुको सूचीमा नराखिएका ट्याम्पोन र स्यानिटरी प्याडमाथि १० प्रतिशत वस्तु तथा सेवा कर (जीएसटी) लगाइने गरिएको छ।

महिलाले कन्डम र सनस्क्रिन जस्ता वस्तुलाई कर छुट गरी स्यानिटरी प्रडक्टलाई भने बेवास्ता गरिनु ठूलो अन्याय भएको आवाज उठाउँदै आएका थिए। संघीय र राज्य सरकारबीच बुधबार यी वस्तुमाथिको लेबी हटाउने सहमति भएको हो।

महिला मामिला मन्त्री केल्ली ओडवियरले स्काई न्युज अस्ट्रेलियालाई भनेकी छिन्- 'सबैजना यो नमिल्दो कर हटाउन तयार भएकोमा हामी निकै खुसी छौं। राष्ट्रका लाखौं महिला यस कदमप्रति अनुग्रहित रहेका छन्। सन् २००० मा जीएसटी लागू गरिएयता विशेष गरी 'ट्याम्पोन कर' करको नामले पनि चिनिने स्यानिटरी प्रडक्टमाथिको लेवको विरोध गर्दै आएका थिए। लामो समयदेखि यस सम्बन्धमा अभियान चलाउँदै आएकाहरुले यसलाई ठूलै उपलब्धि मानेर खुसीयाली प्रकट गरेका छन्। सन् २०१५ मा यस करविरुद्ध ९० हजार जनाभन्दा बढीको हस्ताक्षर संकलन भएको थियो। अभियन्ताहरुले यस सम्बन्धमा ¬याप भिडियोसमेत बनाएका थिए।

कर हटाउने यो निर्णय संघीय सरकारले ल्याएको हो। यसअघि संघीय सरकारको यस्तो प्रस्तावमाथि राज्य सरकारले विरोध गर्दै आएको थियो। यस निर्णयको कारण अब अस्ट्रेलियाले कुल करिब २ करोड १० लाख अमेरिकी डलर बराबरको राजस्व गुमाउने भएको छ।




# समलिंगी पेन्गुइन जोडीद्वारा बच्चा पेन्गुइन अपहरण प्रयास



कोपेनहेगन, (एजेन्सी)

डेनमार्कको ओडन्सेको चिडियाखानामा दुई भाले पेन्गुइनले एक बच्चा पेन्गुइनलाई अपहरण गर्ने प्रयास गरेको अनौठो घटना भएको जनाइएको छ।

मिरर अखबारमा छापिएको उक्त समाचारअनुसार चिडियाखानमा रहेका जनावरको व्यवहार विशेषज्ञले ती दुई भाले पेन्गुइन एकअर्काको पार्टनर भएको र उनीहरुलाई 'गे पार्टनर' समलिंगी जोडी भन्न सक्ने बताएका छन्। सम्भवतः बच्चाको हेरचाह गर्ने इच्छाले गर्दा उनीहरुले त्यस्तो व्यवहार देखाएको हुन सक्ने जनाइएको छ।

बच्चा फिर्ता पाउनका लागि उसका मातापिताले समलिंगी पेन्गुइनसँग संघर्ष गरेका थिए। उक्त अनौठो अपहरण ती बच्चा पेन्गुइनका अभिभावक पानीमा डुबुल्की लगाउन गएको मौका छोपेर गरिएको थियो। बच्चा एक्लै देखेपछि ती दुई समलिंगी जोडी पेन्गुइनले उसको अपहरण प्रयास गरेका थिए।

जनावरको रेखदेख गर्ने एक व्यक्तिले एक स्थानीय सञ्चारमाध्यमलाई जनावरका बीचमा केही गलत भइरहेको देखिँदै आएको बताए।

सधैंजस्तै पेन्गुइनकी आमा नुहाउन गएको र उसले फर्कन ढिलो गरेपछि पिता पनि बच्चालाई एक्लै छोडेर पानीमा गएका थिए। त्यहीबेला दुई भाले पेन्गुइन जोडीले बच्चा लग्ने प्रयास गरे। बच्चाका मातापिता फर्केपछि पनि समलिंगी जोडी बच्चा फिर्ता गर्न तयार थिएनन्। उनीहरुमा पिता बन्ने चाहना प्रबल भएका कारणले बच्चा छाड्न नचाहेको हुन सक्ने पशु व्यवहार विज्ञहरुले बताए।

# हेलिकोप्टर प्रयोग गरी जेल तोड्ने अपराधि पक्राउ

## हलिउड फिल्मको आधारमा अपराध

पेरिस, (एजेन्सी)

गत जुलाईमा अपहरित हेलिकोप्टरको सहयोगमा कारागारबाट भाग्न सफल फ्रेन्च अपराधि रेडोइने फाइदलाई पुनः गिरफ्तार गरिएको बुधबार प्रहरीले जनाएको छ। फ्रान्सकै सबैभन्दा अत्यधिक खोजीको सूचीमा रहेका उनलाई राजधानी पेरिसको उत्तरी भागमा उनका भाइ र अन्य दुई पुरुषसँगै पक्राउ गरिएको बताइएको छ।

ग्याङ्गस्टर फिल्मका फ्यान रहेका ४६ वर्षीय फाइदले आफूले हेरेका फिल्महरुबाटै प्रहरीको पन्जाबाट बच्ने उपाय सिकेको बताएका छन्। उनी पहिलोपटक डकैतीको आरोपमा पक्राउमा परेका थिए। १ जुलाईमा उनी निकै नाटकीय ढंगले जेलबाट भाग्न सफल भएका थिए। पेरिसको दक्षिणपूर्वी क्षेत्र रियुको कारागारको अतिथि कक्षमा अचानक विभिन्न हतियारले सुसजित भएर आएका तीन जनाले उनलाई भगाएका थिए। तिनीहरुले बन्धक बनाइएका एक जना विमान उडान प्रशिक्षकको सहयोगमा उडाइएको हेलिकोप्टरमा उनलाई लिएर गएका थिए।

फाइद सन् २०१० मा भएको एक डकैतीमा संलग्न रहेको अभियोगमा २५ वर्ष लामो काराबास सजाय भोग्दै आइरहेका थिए। सो डकैती प्रयासको दौरान एक महिला प्रहरीको ज्यान गएको थियो। उनलाई बुधबार बिहान सबेरै क्रेइल शहरबाट पक्राउ गरिएको हो। फ्रान्सका न्यायमन्त्री निकोल बेल्लोवेटले युरोप १ रेडियोलाई भनेका छन्- 'अब हामी उनलाई अत्यन्तै कडा सुरक्षा प्रबन्ध रहेको





कारगारमा थुन्नेछौं। उनीमाथि चौबीसै घन्टा कडा निगरानी राखिनेछ।' संयोगकै कुरा भनौं, फ्रान्सको दोस्रो ठूलो शहर लियानको मेयर पदका लागि उम्मेदवारी दिन राष्ट्रकै सबैभन्दा वरिष्ठ कानुन कार्यान्वयन अधिकारी अर्थात् गृहमन्त्री गरार्ड कोल्लोम्वले राजीनामा दिएको केही घन्टापछि नै यिनी पक्राउमा परेका हुन्।

गृहमन्त्रीको राजीनामालाई राष्ट्रपति इम्मान्युयल म्याक्रोनका लागि पछिल्लो धक्काको रूपमा लिइएको छ। केही सातायता म्याक्रोनको लोकप्रियतामा ह्रास हुँदै आएको छ। तत्कालका लागि गृह मन्त्रालयको कार्यभार प्रधानमन्त्री इडोआर्ड फिलिप्पेले सम्हाल्ने सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

सन् १९७२ मा क्रेइलमा जन्मेका फाइद नब्बेको दशकमा सशस्त्र डकैती र फिरौतीका लागि अपराधिक समूह खडा गरेका थिए। उनले हलिउडका एक्सन हिरो अल पासिनोको थ्रिलर मुभी 'स्कारफेस' लगायतका अन्य मुभीबाट आफ्नो जीवनशैली र केही आपराधिक योजना प्रभावित भएको बताएका छन्।

उनले सन् १९९७ मा एउटा सेक्युरिटी भ्यानमा आक्रमण गर्दा 'हिट' नामक हलिउड मुभीमा रोवर्ट डी निरोको ग्याङ्गले जस्तै आफ्ना सहयोगीहरुलाई आइस-हकी गोलकिपर मास्क प्रयोग गर्न लगाएका थिए। उक्त घटनापछि उनले डीभीडीमार्फत आफूले सो फिल्म सयौंपटक हेरेको बताएका थिए।

एकपटक उनले पेरिस फिल्म फेस्टिवलको दौरान यस फिलमका निर्देशक माइकल म्यानलाई उनी आफ्नो प्राविधिक सल्लाहकार भएको बताएका थिए। सन् २००९ मा पेसिरको सडकमा बितेका उनको बाल्यकाल र उनको जीवनमा व्यावसायिक अपराध प्रवेश गरेको विषयमा लेखिएको पुस्तक प्रकाशित भएपछि उनी निकै चर्चामा आएका थिए।

त्यसपछि उनी फ्रेन्च प्रहरी माझ 'ले एक्रिभो' अर्थात 'लेखक' को उपनाले परिचित भएका थिए। सन् २००९ मो आफू सुधारिएको र परिवर्तन भएको दाबी गरेपछि उनलाई बाँकी कैद मिनाहा गरिएको थियो। तर, सन् २०११ मा जेलबाट छुट्दाका सर्तहरु उल्लंघन गरेको अभियोगमा उनलाई पुन जेल चलान गरिएको थियो।

सन् २०१३ मा उनी उनी लिल्ले नजिकको एउटा कारागारका पाँचवटा ढोकामा विस्फोटक पदार्थ पड्काएर भाग्न सफल भएका थिए। त्यति बेला उनले कारागारका गार्डहरुलाई पनि मानव ढाल बनाएका थिए। सन् २०१७ मा जेल तोडेको अभियोगमा उनलाई १० वर्ष लामो कारागार सजाय सुनाइएको थियो।

साथै यति बेला उनलाई सन् २०१० को डकैती काण्डलाई लिएर थप १८ वर्ष लामो सजाय पनि सुनाइएको थियो। उनले सजाय माफीका लागि दिएको अपिल रद्द गर्दै सन् २०१८ मा १८ वर्ष लामो कारबास सुनाइएको हो।

{ नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको हत्या आरोपमा सिआइबीले उनलाई पक्राउ गरेको थियो। उनी यसअघि पनि गुन्डागर्दी गरेको आरोपमा पटकपटक पक्राउ पर्दै आएका थिए।



माइतीघर मण्डलामा निर्मलाहरूलाई न्याय खै रु भन्ने नारासहित निर्मला पन्तको न्यायका निम्ति नागरिक दबाव कार्यक्रम आयोजना गरिएको छ। निर्मला बलात्कार र हत्या प्रकरणमा संलग्न अभियुक्तलाई पक्राउ र कारबाही गर्न नसकेको भन्दै गृहमन्त्री रामबहादुर थापाको राजीनामा माग गरेका छन्। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# महासंघमा पाठक

काठमाडौं, (नेस)

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फोकोफोन) मा नयाँ नेतृत्व चयन भएको छ। काठमाडौंमा सम्पन्न नवौं महाधिवेशनले आगामी ४ वर्षे कार्यकालका लागि भारती पाठकको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

महासंघको उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षमा क्रमशः भीमलाल श्रेष्ठ, बिर्खबहादुर शाही, ठाकुर भण्डारी र पार्वता गौतम निर्वाचित हुनुभएको छ। अध्यक्ष पाठक यसअघि फेकोफन महासचिव, श्रेष्ठ केन्द्रीय उपाध्यक्ष र शाही सचिव रहनुभएको थियो। भण्डारी र गौतम फेकोफन स्थायी कमिटी सदस्य हुनुहुन्थ्यो।

संघीय ढाँचाको महाधिवेशनमार्फत ८८ जना केन्द्रीय सदस्य निर्वाचित भएका छन्, हरेक प्रदेशबाट ४ महिला र ४ पुरुष केन्द्रीय सदस्य बनेका महासंघले जनाएको छ। आदिवासी जनजातिबाट ६ जना, दलित कोटाबाट ४, तराई-मधेशबाट ४ जना केन्द्रका लागि चयन भएका बताइएको छ। गत सोमबार शुरु भएको महाधिवेशनमा देशैभरिबाट ८ हजारभन्दा बढी प्रतिनिधि सहभागी थिए।

विश्वमा उदाहरणीय मानिएको नेपालको सामुदायिक वन अभ्यासले साढे ४ दशकको अवधि पार गरेको छ। २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पा वनलाई सामुदायिक शैलीमा संरक्षण शुरु गरेपछि नेपालमा यस्तो अभ्यास शुरु भएको थियो। पछिल्लो तथ्यांकअनुसार मुलुकभर २२ हजार २ सय ६६ सामुदायिक वन छन्। देशभरको कूल वन क्षेत्रको ३३ प्रतिशत सामुदायिक वनले ओगटेको छ र यो अभ्यासमा २९ लाख ७ हजार ८ सय ७१ घरधुरी प्रत्यक्ष/अप्रत्यक्ष आवद्ध भएका वन तथा भू-संरक्षण विभागको तथ्यांक छ।

# स्वास्थ्य सेवामा ८५ प्रतिशत न्यूनतम मापदण्ड पूरा

इलाम, (नेस)

प्रदेश नम्बर १ मा रहेका जिल्ला अस्पतालमध्ये इलाम अस्पतालले दोस्रो स्थान हासिल गरेको छ। स्वास्थ्य सेवामा न्यूनतम मापदण्ड पूरा गर्दै ८५ प्रतिशत अंक प्राप्त गरेपछि इलाम अस्पताल दोस्रो भएको हो।

इलाम अस्पतालमा सञ्चालित अस्पताल व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रमअन्तर्गत आठवटा सूचकहरूमा गरिएको अनुगमनबाट स्वास्थ्य सेवामा ८५ प्रतिशत सुधार गर्दै इलाम अस्पताल प्रदेश नम्बर १ अन्तर्गत रहेका जिल्ला अस्पतालमा दोस्रो हुन सफल भएको हो। धनकुटा जिल्ला अस्पताल ९० प्रतिशत स्वास्थ्य सेवामा सुधार गर्दै पहिलो भएको छ। निक साइमन इन्स्टिच्युट (एनएसआई) प्रदेश नम्बर १ अन्तर्गतको प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयअन्तर्गत श्रोत व्यक्तिको टोलीले अनुगमनपछि जारी गरेको प्रतिवेदनबाट इलाम अस्पताल दोस्रो स्थान हासिल गर्न सफल भएको अस्पतालका व्यवस्थापक क्षितिज खतिवडाले जानकारी दिए। 'टोलीले अस्पतालको सुशासन, संस्थागत व्यवस्थापन, मानव शंसाधन, आर्थिक व्यवस्थापन, सूचना व्यवस्थापन, गुणस्तर व्यवस्थापन, चिकित्सक स्वास्थ्य सेवालगायतको सूचकहरूमा अध्ययन गरेको थियो' खतिवडाले भने- 'अस्पताल व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत छ/छ महिनामा अनुगमन हुँदा इलाम अस्पतालले ती सबै सूचकमा उल्लेख्य प्रगती गर्दै दोस्रो हुन सफल भएको हो।'

छ महिना अघि इलाम अस्पतालले ७२ प्रतिशत मात्र मापदण्ड पूरा गरेको थियो। तर छ महिनापछि त्यसलाई सुधार गर्दै १३ प्रतिशत वृद्धि गरी ८५ प्रतिशत पुऱ्याएर प्रदेश नम्बर १ को जिल्ला अस्पतालमा दोस्रो स्थान हासिल गरेको हो। अब शतप्रतिशत मापदण्ड पूरा गर्नका लागि मानव संशाधन र सुशासनमा सुधार गर्नुपर्ने देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयका अधिकृत उत्सव पोखरेलले बताए। इलाम अस्पतालमा अस्पताल व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम २०७१ सालदेखि सञ्चालित छ।

# बलात्कारी स्वावियु सभापतिलाई १० वर्ष कैद सजाय

पर्वत, (नेस)

सामुहिक बलात्कारको अभियोगमा पर्वतको कुस्माबजारस्थित गुप्तेश्वर बहुमुखी क्याम्पसका स्ववियु सभापतिका विरुद्ध दश वर्ष कैद सजाय सुनाइएको छ। पर्वतको कुश्मा नगरपालिका १ पाङ सहस्रधाराका २३ वर्षीय शिशिर क्षेत्रीलाई पर्वत जिल्ला अदालतले १० वर्ष कैद सजायको फैसला सुनाएको हो।

नेपाली कांग्रेसको भातृसंस्था नेपाल विद्यार्थी संघका तर्फबाट निर्वाचित स्ववियु सभापति क्षेत्रीलाई पर्वत जिल्ला अदालतका जिल्ला न्यायाधीश सुर्यबहादुर थापाको इजलासले १० वर्ष कैद सजाय सुनाएको छ। क्षेत्री २०७४ चैत १५ गते सामुहिक बलात्कारको अभियोगमा पक्राउ परेका थिए। उनीसँगै बलात्कार घटनामा संलग्न अन्य दुई जना १७ वर्षीय बालक र न्यू सेवा गस्ट हाउसका सञ्चालक ३८ वर्षीय शेरबहादुर हमाललाई समेत प्रहरीले नियन्त्रणमा लिई कारबाही प्रक्रिया अघि बढाएको थियो।

क्षेत्रीलाई मुलुकी ऐनअन्तर्गत कसुर ठहर गरी ५ वर्ष र सांगठनिक अपराधमा संलग्न रहेको ठहर गरी ५ वर्ष गरी १० वर्ष कैद सजाय सुनाएको हो। अन्य दुई बालकलाई उमेर नपुगेको हकमा एक जनालाई ५ वर्ष र एक जनालाई डेढ वर्ष सुधारगृहमा राख्ने गरी फैसला भएको हो। अदालतले होटल सञ्चालक हमाललाई सफाइ दिएको छ।

अभियुक्तहरूलाई चैत १५ गते बागलुङको चैते दशै मेला अवलोकन गरेर फर्किंदै गरेकी १६ वर्षीय बालिकालाई ललाई फकाई सामुहिक बलात्कार गरेको अभियोग लागेको थियो।

# बलात्कारीले भरिदै जेल : थपिँदै छन्, वृद्ध पनि

नेपाल समाचारपत्र

बाँके

'बलात्कारी 'बुढा'हरूले जेल भरिने भयो, ७८ वर्षका 'सब्जी बाजे' जिल्ला कारागारमा पुग्दा त्यहाँ मजाक चल्दै थियो। असोज ११ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश गरेपछि १३ वर्षीया नातिनी बलात्कार काण्डका आरोपी सब्जीबाजे कारागार चलान भएका हुन्।

नेपालगन्ज कारागारले जेष्ठ नागरिक अर्थात वृद्धहरूलाई छुट्टै ठाउँमा राख्ने गर्दछ। सबै थुनुवासँग होइन कि वृद्धहरूलाई राख्न छुट्टै टहरा बनाइएको छ। ७८ वर्षका सब्जीबाजे कारागारको टहरामा पुग्दा ८० काटेका काल्चे दमाई र ७५ काटेका नैने दमाई त्यही थिए। यी दुईबीचमा आफूजस्तै कपाल फूलेका साथी सब्जीबाजे थपिए। काल्चे र नैने पनि 'बलात्कार' काण्डमा कारागार पुगेका हुन्। काल्चेले तीन वर्षअघि छिमेकी बालिकालाई घरमै बोलाएर जबरजस्ती गरेका थिए। आमा काम विशेषले छिमेकीको घरमा गएको बेलामा काल्चेले बालिकालाई जबरजस्ती गरेका थिए।

साथीहरूसँग खेलिरहेकी बालिकालाई काल्चेले फकाएर आफ्नो घरमा लगेका थिए। यो घटनालाई मिलाउनका लागि काल्चेका तर्फबाट धेरै प्रयास भएको थियो। पीडित परिवारलाई 'आर्थिक' प्रलोभन देखाइएको थियो। बालिकाकी आमाले पैसाको प्रलोभन स्वीकार गरिनन्। अन्ततः काल्चे ६ वर्षका लागि कारागार पुगे। नैने पनि बलात्कार काण्डमा १० वर्षका लागि कारागारमा पुगेका छन्। यीनलाई जिल्लाले पाँच वर्ष सजाय तोकेकोमा पुनरावेदनले थप पाँच वर्ष थपिदिएको थियो।

७० वर्ष काटेकालाई जेष्ठ नागरिक भन्ने गरिन्छ। सरकारले ७० वर्ष पुगेकालाई सम्मानस्वरूप भत्तासमेत दिने गरेको छ। सरकारी भत्ता खाने उमेरका वृद्धहरू बालिकालाई जबरजस्ती गरेर कारागारमा थपिदै गएका छन्। वृद्धको पञ्जामा साना बालिका नै परेका छन् किनकि उनीहरूले जवानलाई जबरजस्ती गर्ने आँट गर्न सक्दैनन्।

कारागारमा रहेकाहरूले जेष्ठ नागरिकको सुविधा लिने प्रयास नगरेका होइनन्। कारागार प्रशासनमा कुरा आयो। त्यो माथि केन्द्रमा पठाइयो। तर, उनीहरूका बारेमा सुनुवाई भएको छैन। बालिका बलात्कारजस्तो जघन्य अपराध भएकाले कुनै निर्णय नआएको हुन सक्ने कारागारका अधिकारीहरू बताउँछन्।

# 'समीरमान बस्नेतलाई उपस्थित गराउनू'

काठमाडौं (नेस)

सर्वोच्च अदालतले मुस्ताङ कारागार चलान गरिएका गुन्डा नाइके समीरमान बस्नेतलाई २४ घन्टाभित्र उपस्थित गराउन आदेश दिएको छ। वरिष्ठ न्यायाधीश दीपकराज जोशीको एकल इजलासले बस्नेतलाई सर्वोच्च पेस गर्न आदेश दिएको हो।

सर्वोच्चले बन्दीसहित उपस्थित गराउन भनेको छ। नख्खु कारागारमा रहेका बस्नतेलाई माथिको आदेश भन्दै गत सोमबार मुस्ताङ कारागार पठाइएको थियो। लगत्तै समिरमानका नातेदार सुविरमान सिंह बस्न्यातले कारागार कार्यालय नख्खु र गृह मन्त्रालयलाई विपक्षी बनाई रिट दर्ता गराउनुभएको थियो।

वरिष्ठ न्यायाधीश दीपकराज जोशीको एकल इजलासले बस्नेतलाई सर्वोच्च पेस गर्न आदेश गरेको हो। सर्वोच्चले बन्दीसहित उपस्थित गराउने आदेश गरेकाले उनलाई फेरि काठमाडौं ल्याउनुपर्ने भएको छ। नख्खु कारागारमा रहेका बस्नतेलाई माथिको आदेश भन्दै गत सोमबार बिहान बुद्ध एयरबाट मुस्ताङ कारागार पठाइएको थियो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले समीरमानलाई भारतबाट पक्राउ गरेर मंसिर १७ गते सार्वजनिक गरेको थियो।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष शरद गौचनको हत्या आरोपमा सिआइबीले उनलाई पक्राउ गरेको थियो। उनी यसअघि पनि गुन्डागदी गरेको आरोपमा पटकपटक पक्राउ पर्दै आएका थिए। गौचनको गत असोज २३ गते काठमाडौंको बानेश्वरस्थित शान्तिनगरमा गोली हानी हत्या गरिएको थियो।

# यौन दुर्व्यवहारको आरोपमा स्वास्थ्यकर्मी पक्राउ

इलाम, (नेस)

अरूलाई उपचार गरेर ज्यान बचाइदिने स्वास्थ्यकर्मी नै यौन दुर्व्यवहारको आरोपमा पक्राउ परेका छन्। इलाम नगरपालिका वडा नम्बर १२ कि १७ किशोरीलाई यौन दुर्व्यवहारको आरोपमा इलाम अस्पतालमा कार्यरत एक स्वास्थ्यकर्मी बुधबार पक्राउ परेका हुन्। पक्राउ पर्नेमा इलाम आँखा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी दिपक सुवेदी रहेका छन्।

नवलपरासी स्थायी घर भई लामो समयदेखि इलाम अस्पतालमा कार्यरत सुबेदीले किशोरीलाई दुर्व्यवहार गरेको आरोप लागेको छ। उनलाई पीडित बालिकाले जिल्ला प्रहरीमा किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गरेको हो। आरोपित सुवेदीलाई मुद्धा दर्ता गरी अनुसन्धान भइरहेको इलामका प्रहरी प्रमुख एसपी माधवप्रसाद श्रेष्ठले जानकारी दिए।

# बलात्कार प्रकरणका अभियुक्त गौतमद्वारा आत्मसमर्पण

काठमाडौं, (नेस)

दरबारमार्गस्थित ल्यान्ड मार्क होटलमा गत माघ ७ गते राति भएको 'सामूहिक बलात्कार' प्रकरणका मुख्य अभियुक्त विकास गौतमले आत्मसमर्पण गरेका छन्।

काभ्रे स्थायी घर भएका गौतमले बुधबार साँझ ५ बजे जिल्ला अदालत काठमाडौंमा आत्मसमर्पण गरेका हुन्।

बलात्कारपछि गौतम भारतमा लुकेर बस्दै आएका थिए। तर, उनलाई केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले भारतीय सुरक्षा निकायमा समन्वयमा पक्राउ गर्ने तयारी गरिरहेको थाहा पाएपछि एकाएक बुधबार अदातल हाजिर भएको उनको पारिवारिक स्रोतले जनाएको छ।

अदालतको आदेशले उनलाई डिल्लीबजार कारागार चलान गरेको बताइएको छ। बलात्कृत युवतीको केटा साथी भनिएका रामेछापका शैलेश कार्कीसहितको समूहले होटलमा सामूहिक बलात्कार गरेको घटनामा दरबारमार्गका तत्कालीन प्रहरी इन्स्पेक्टर लक्ष्मणसिंह ठकुरीसहितका प्रहरी अधिकृतहरूले गुपचुपमा मिलापत्र गराएका थिए।

महानगरीय प्रहरी कार्यालय रानीपोखरी र महानगरीय प्रहरी परिसर काठमाडौंले समिति गठन गरेर अनुसन्धान गर्दै इन्स्पेक्टर ठकुरी र मुद्दा शाखाका प्रहरी नायब निरीक्षक चन्द्र भण्डारीलाई निलम्बन गरेको थियो।

## सांसद...

छोटो समयमा प्रतिनिधिसभा, प्रदेश सभा, राष्ट्रियसभा, स्थानीय तह, राष्ट्रपति/उपराष्ट्रपति गरी ९ वटा निर्वाचन गराएकाले कामको प्रसंशा गरी 'गिनिज बुक' मा आयोगको नाम लेखाइदिन पौडेलको अनुरोध थियो।

कैलाली-२ बाट निर्वाचित नेकपाकै सांसद झपटबहादुर रावलले आयोगले मतदाता शिक्षामा प्रशस्तै रकम छुट्याएको भने पनि धेरै मतपत्र बदर भएकाले मतदाता शिक्षा प्रभावकारी हुन नसक्नुको कारणबारे प्रश्न गर्नुभएको थियो। 'आयोगमा दर्ता भएका दलहरू कसरी चलेका छन्, उनीहरूले दर्ता र अन्य प्रक्रियालाई मानेका छन् कि छैनन् यो खोज्ने काम पनि आयोगको हो' रावलले भन्नुभयो 'कतै नाममात्रको महाधिवेशन भएर पार्टी चलिरहेका छन् कि त्यतातर्फ आयोगको ध्यान पुगेको छ कि छैन ?'

नेकपाकी सांसद यशोदा गुरुङ सुबेदीले भोट किन्ने र भोट बेच्ने राष्ट्रका ठूला शत्रु भएको बताउनुभयो। कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले विभिन्न निर्वाचनमा उम्मेदवारी नपरेका र अन्य कारणले प्रतिनिधि खालि भएका ठाउँमा कहिलेसम्म निर्वाचन हुन्छ ? भनेर आयोगलाई प्रश्न गर्नुभयो। उहाँले उपनिर्वाचनसम्बन्धी कानुन छ कि छैन ? छ भने निर्वाचन गर्न किन ढिलो ? भनेर आयोगलाई प्रश्न गर्नुभयो।

कांग्रेसकै सांसद देवेन्द्रराज कँडेलले निर्वाचन खर्च महंगो भएको र आयोगलाई बुझाएको विवरणअनुसार कसैको पनि निर्वाचन नसकिएको भन्दै औपचारिकतामा सीमित तथ्यांक राख्नुको कुनै अर्थ नभएको बताउनुभयो। 'हामी झुटो विवरण पेश गरिरहेका छौं, तोकिएको खर्चमा कसैको निर्वाचन सकिएन' नवलपरासीबाट निर्वाचत कँडेलले भन्नुभयो।

कँडेलको भनाइलाई अरू सांसदले पनि समर्थन गरेका थिए। तर आयोगले भने दलहरूसँगको छलफलमा आएको खर्चको सीमाभन्दा बढी रकम खर्च गर्न पाउने सीमा राखिदिएको जनाएको छ।

हुम्ला-१ बाट निर्वाचित स्वतन्त्र सांसद छक्कबहादुर लामाले अघिल्लो भन्दा यो निर्वाचन निष्पक्ष भएको बताउनुभयो। उहाँले निर्वाचन निष्पक्ष भएकाले नै आफूले स्वतन्त्र उम्मेदवार भएर पनि जितेको दाबी गर्नुभयो। तत्कालीन नेकपा माओवादी केन्द्रका पोलिटव्यूरो सदस्य पूर्वमन्त्री लामा पार्टीले आधिकारिक टिकट नदिएपछि स्वतन्त्र उम्मेदवार बन्नुभएको थियो। सांसदहरूले विदेशमा रहेका नेपालीलाई पनि मतदानको अधिकार प्रदान गर्न आयोग र सरकारलाई सुझाव दिएका थिए। सांसदहरूले यो व्यवस्थाको लागू गर्नका लागि अहिलेदेखि नै गृहकार्य गर्नसमेत सल्लाह दिएका छन्। सर्वोच्च अदालतको परमादेशको भावनाको सम्मान गर्न सांसदको आग्रह थियो।

सर्वोच्चले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन सरकारका नाममा परमादेश दिएको थियो। सर्लाही-४ बाट निर्वाचित कांग्रेस सांसद अमरेशकुमार सिंहले यस्तो व्यवस्था गरिए पनि विदेशमा मत माग्न जाँदाको खर्च आयोगले, सरकारले कि आफैं व्यवहोर्नुपर्ने हो भनेर ठट्टा गर्नुभएको थियो। बारा-२ बाट निर्वाचित संघीय समाजवादी फोरम नेपालका सांसद रामसहाय प्रसाद यादवले दलित, महिला र अन्य समूहको प्रतिनिधित्वको सुनिश्चितताका लागि आलोपालो प्रणालीका आधारमा त्यसैलाई मात्र निर्वाचन क्षेत्र छुट्याउनुपर्ने बताउनुभयो।

'निश्चित क्षेत्रमा सबै पार्टीले त्यस्तै उम्मेदवारी दिने भनेर क्षेत्र नछुट्याए संविधानले र हामीले सोचेअनुसारको प्रतिनिधित्व हुन गाह्रो हुन्छ' यादवले भन्नुभयो। कांग्रेसकै सांसद मीना पाण्डेले निर्वाचनका सम्बन्धमा महत्वपूर्ण निर्णय गर्दा राजनीतिक दलका नेताहरूलाई पनि बोलाएर छलफल गर्नुपर्नेमा जोड दिनुभयो।

आयोगले निर्वाचनमा भोगेका समस्या र अब आइपर्ने चुनौतीका बारेमा पनि समिति र सांसदलाई जानकारी दिएको थियो। आयोगले भारत, पाकिस्तान, बंगलादेशलगायतका देशमा निर्वाचन आयोगले निर्वाचन मिति तोक्ने गरेको र पहिले नै निर्वाचन क्यालेन्डर प्रकाशन गर्ने गरेको भन्दै समयमा निर्वाचन गर्नका लागि नेपालमा पनि आयोगलाई अधिकार दिनुपर्ने माग गरेको छ। बाँके-१ बाट निर्वाचित नेकपा सांसद महेश्वरजंग गहतराजले निर्वाचनका बेला सरकारले शक्तिको दुरूपयोग गर्ने गरेको आरोप लगाउनुभयो। 'निर्वाचनमा जति खर्च गरे पनि आयोग मूकदर्शक बनेको छ, दुई ठाउँमा मतदान गर्ने प्रक्रिया रोकिएन, मैले नै यस्तो भएको प्रमाण फेला पारेको छु' गहतराजले दावी गर्नुभयो।

समितिले बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नबिनकुमार घिमिरेसँग पनि आयोगका काम कारवाही र भावी योजनाबारे जानकारी लिएको समिति उपसचिव बबिता मिश्रले बताउनुभयो। समितिले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लोकसेवा आयोगलाई बोलाएको छ। समितिले यसअघि गृह मन्त्रालयसँग छलफल गरिसकेको छ।

## वर्षेनी...

यसवर्ष त्रिविमा मात्र प्रवेश परीक्षाका लागि ९ हजार ७५ जनाले फम भरेकोमा १ सय ८९ जना परीक्षामै सामेल नभएको चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्राडा.जगदीशप्रसाद अग्रवालले जानकारी गराउनुभयो।

यसअन्तर्गत ७ वटा मेडिकल कलेजले चिकित्सा शिक्षाको स्वीकृति पाएका छन्, जसमा पिपुल्स डेन्टल कलेजबाहेक ४ वटा बीडीएस रहेका छन्।

काठमाडौं विश्वविद्यालयमा यसै वर्ष प्रवेश परिक्षा दिनेमा ८ हजारको संख्या रहेको थियो। यसमा ४ हजार ५ सयले नाम निकालेकोमा उच्चतम अंकका आधारमा भर्ना हुन पाउनेमा एमबीबीएसमा ८ सय ९० जना, बीडीएसमा २ सय ७५ जना र फार्मेसीमा ४० जना रहेका छन्। मेडिकल शिक्षाका लागि एक/एकवटा नर्सिङ र डेन्टल, ८ वटा मेडिकल कलेज र फार्मेसी रहेका छन्। जसमा सरकारले १ सय ८ जनालाई छात्रवृत्ति दिन्छ भने ४ सय १९ जनाले पुरा शुल्क तिरेर पढ्नुपर्छ। भारत, श्रींलका, माल्दिप्स, अमेरिकाका २ सय ६३ जनाले पढ्ने गरेको काठमाडौं विश्वविद्यालयका स्कूल अफ मेडिकल साइन्सका डिन डा. राजेन्द्र कोजुले जानकारी दिनुभयो।

विद्यार्थी छनोट गर्दा गुणस्तर र क्षमतामा ध्यान दिने गरिएकाले नेपाल मेडिकल काउन्सिलबाट अन्तिम चिकित्सा प्रमाणपत्र लिने बेलासम्म उत्कृष्ट नै नतिजा आउने गरेको विज्ञहरूको ठम्याइ छ। चिकित्सा शिक्षामा नेपालको शिक्षा व्यावहारिक र महत्त्वपूर्ण भएकाले विदेशमा पढेका भन्दा नेपालमै पढेकाहरू प्रमाणपत्र लिने परीक्षामा ठूलो संख्यामा उत्तीर्ण हुने गरेको काउन्सिलका अधिकारीहरू दावी गर्छन्।

## एमबीबीएसमा...

असोज पहिलो साता आइओएमले लिएको प्रवेश परीक्षाको नतिजामा प्रश्न उठाउँदै रेश्मा बानियाँलगायतका विद्यार्थीले रिट दायर गरेका थिए। रिटमाथि अधिवक्ताहरू मनोजकुमार शर्मा, नवराज थपलिया, भक्तिराम घिमिरे र हरिप्रसाद मैनालीले बहस गर्नुभएको थियो।

प्रवेश परीक्षाको नतिजामा अनियमितता गरिएको भन्दै आइएओमविरुद्ध दायर रिटमा जोशीको इजलासले मुद्दाको किनारा नलागेसम्म कुनै प्रक्रिया अघि नबढाउन आदेश दिएको हो। अन्तरिम आदेशमाथि थप छलफल गर्न असोज २१ गते दुवै पक्षलाई बोलाइएको छ।

सो मुद्दाको किनारा नलागेसम्म आइओएमले एमबीबीएस, बीडीएस, बीपीएचलगायतका विधामा भर्ना प्रक्रिया अघि बढाउन पाउने छैन। चिकित्साशास्त्र अध्ययन संस्थानले असोज ६ गते एमबीबीएस, ७ गते बीडीए र ८ गते बीपीएचको प्रवेश परीक्षा लिएको थियो। रेश्मा बानियाँले गत असोज १७ गते त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगन्ज काठमाडौंलाई विपक्षी बनाई सो रिट दायर गर्नुभएको थियो।

## सांस्कृतिक...

तिब्बतमा रहेका सबै जातजातिको आफ्नै खाले सामाजिक मान्यता र धर्म संस्कृति रहेको र त्यसलाई अहिलेसम्म जिवन्त राख्न सकेकै कारण वार्षिक दुई करोडभन्दा बढी पर्यटक तिब्बतमा भित्र्याउन सकेको उनीहरू बताउँछन्। तिब्बतमा पर्यटकलाई भित्र्याउन तीनवटा राष्ट्रिय स्तरको ऐतिहासिक एवं सांस्कृतिक शहर, पाँचवटा परम्परागत गाँउ, एउटा राष्ट्रिय पर्यटकीय रिसोर्टलगायत रहेको ल्हासाका अधिकारीहरू बताउँछन्।

शहरी क्षेत्रमा उद्योग व्यवसाय र ग्रामीण क्षेत्रमा पर्यटन तिब्बतको आम्दानीको मुख्य स्रोत बनेको छ। ल्हासामा रहेको फाईभ स्टार होटल इन्टर कन्टिनेन्टमामात्र पाँच हजार मानिस अटाउने क्षमता छ। ग्रामीण क्षेत्रमा होम स्टे सञ्चालन र स्थानीय उत्पादनको बिक्रीवितरणबाट पनि प्रशस्तै आम्दानी हुने गरेको देखिन्छ। तिब्बतको विकासमा जलस्रोतको उपयोग र वितरण पनि प्रमुख रूपमा रहेको पाइन्छ।

# अर्थ

2018, OCT
Thursday
4

'अहिले नयाँ बैंकमा खाता खोल्ने काम भइरहेको छ, बैंकले गाउँगाउँमा शाखा खोल्ने सम्झौता गरेको छ, कार्कीले भन्नुभयो, यस्तो गरियो भने सामाजिक सुरक्षा भत्ता सहज र सरल तरिकाबाट पाउने अवस्था हुन्छ।'

## सरकारको पहिलो दशैं जनताका लागि महंगो साबित

# चुलिएको निगमको मासिक घाटा

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल आयल निगमको मासिक घाटा चुलिएको छ। १६ सेप्टेम्बरमा पाएको मूल्य सूचीमा मूल्य समायोजन गर्दा मासिक रूपमा ६३ करोड ३४ लाख घाटा निगमको थियो।

तर भारतीय आयल कर्पोरेसन १ अक्टोबरमा पठाएको नयाँ मूल्य सूचीअनुसार निगमलाई मासिक १ अर्ब २९ करोड रुपियाँ पेट्रोलियम पदार्थमा घाटा रहेको निगमले जनाएको छ।

पछिल्ला महिनामा अन्तर्राष्ट्रिय मूल्यमा पेट्रोलियम पर्दाथको मूल्य उल्लेख्य बढेर जाँदा निगमको मासिक घाटा बढेर गएको निगमका निमित्त प्रमुख सुशील भट्टराईले जानकारी दिनुभयो। अर्कातर्फ अमेरिकी डलरको तुलनामा नेपाली र भारतीय मुद्राको अवमूल्यन भएको कारणले गर्दा पनि निगमको घाटा बढेको हो। नयाँ मूल्य सूचीअनुसार निगमलाई १५ दिनमा मात्रै ६४ करोड करोड ५० लाख रुपियाँ घाटा हुनेछ। निगमका अनुसार पेट्रोलमा प्रतिलिटर ५ रुपियाँ ४५ पैसा, डिजलमा ४ रुपियाँ ४३ रुपियाँ एलपी ग्यास (खाना पकाउने) पैसा प्रतिसिलिन्डर ४ सय ४ रुपियाँ ७३ पैसा घाटा रहेको छ।




सेप्टेम्बर ५ मा निगमले मूल्य समायोजन गर्दा १५ दिनमा ११ करोड १५ लाख घाटा रहेको थियो। यता सेप्टेम्बर १६ तारिखको आईओसीको नयाँ मूल्य सूचीअनुसार ३१ करोड ६७ लाख रुपियाँ घाटा रहेको थियो। निगमले अघिल्लो पटक मूल्य समायोजन गर्दा पनि पेट्रोलमा २ रुपियाँ ९२ पैसा डिजेलमा २ रुपियाँ ७२ पैसा र एलपी ग्यासमा प्रतिलिटर ३ सय ९ रुपियाँ ७९ पैसा घाटा रहेको थियो।

यता १५ दिनमा नै पेट्रोलियम पर्दाथ अघिल्लो १५ दिनमा बढेको रकमको तुलनामा दोव्बरले बढेर गएको छ। एलपी ग्यासमा १५ दिनमा करिब ९६ रुपियाँले बढेर गएको छ। वामपन्थी सरकारको पहिलो दशैं भने जनतालाई महंगो सावित भएको छ। अन्तर्राष्ट्रिय बजारमा खाद्य सामाग्री र डलरको भाउ बढेर जादा नेपालीलाई दशैं महंगो हुन गएको हो।

निगमका अनुसार नयाँ मूल्य सूचीअनुसार नेपाल र भारतको सीमाक्षेत्रमा पेट्रोलको मूल्य भारतभन्दा नेपालको सिमानमा प्रतिलिटर ३१ रुपियाँ ७५ पैसा सस्तो रहेको छ। यता डिजेलको भने ३० रुपियाँ १६ पैसा सस्तो रहेको छ। सरकारले भारतीय बजारकै तुलनामा मूल्य समायोजन नगर्दा भारतीहरू नेपालका सीमा क्षेत्रमा आएर पेट्रोलियम पदार्थ भारततिरै बिक्री गर्न लाने गरेका छन्।

# आर्थिक विकासका लागि सहकार्यमा जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले दुई देशबीचको आर्थिक व्यवसायिकसम्बन्ध विस्तार, संयुक्त लगानी तथा आपसी हितका थुप्रै क्षेत्रहरू भएकाले संयुक्त सहकार्यलाई अगाडि बढाउन आर्थिक कूटनीतिमा जोड दिनुभएको छ। अध्यक्ष राणा र नेपालका लागि फ्रान्सका राजदूत फ्रस्वा-जाभिए लेजेबीच बुधबार महासंघ सचिवालयमा भेटवाताको क्रममा सो कुरामा जोड दिनुभएको हो।

अध्यक्ष राणाले आपसी सहकार्यका क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी सम्भावित क्षेत्रमा लगानी एवं सहकार्यका लागि आग्रह गर्नुभयो। नेपालमा विशेष गरेर कृषि, पर्यटन, उर्जा, भौतिक पूर्वाधारलगायतका विषयमा लगानीको सम्भावना धेरै रहेको पनि उहाँले जानकारी गराउनुभयो। राजदूत लेजेले फ्रान्स र नेपाल बीचको आर्थिक एवं व्यवसायिक सम्बन्ध विस्तारलाई थप मजबुत बनाउन आफ्नोतर्फबाट पूर्णसहयोग रहने विश्वास दिलाउनुहुँदै नियमित रूपमा व्यवसायिक प्रतिनिधिमण्डलको आदानप्रदान एवं सहकार्यका विषयमा गहन रूपमा भेटवार्ता एवं छलफल हुनुपर्नेमा जोड दिनुभयो।

# सामाजिक सुरक्षा भत्ता घरघरमै पुऱ्याउने तयारी

बाँके, (नेस)

नेपालगन्ज उपमहानगरपालिका वडा नं. २० मनिकापुर कार्यालयले सामाजिक सुरक्षा भत्तालाई सरल तरिकाले वितरणको योजना बनाएको छ। नयाँ बैंकसँग सम्झौता गरेर वडा नं. २० कार्यालयले सामाजिक सुरक्षा भत्ता घरघरमै पुऱ्याउने जनाएको हो।

कार्यालयमा यतिबेला खाता खोल्न जेष्ठ नागरिकको भीड लागेको छ। २२ गतेसम्म खाता खोल्ने र सामाजिक सुरक्षा भत्ता सरल र सहज तरिकाले पाउने व्यवस्था मिलाउने कार्यालयका नासु पदम कार्कीले बताउनुभयो। 'अहिले नयाँ बैंकमा खाता खोल्ने काम भइरहेको छ, बैंकले गाउँगाउँमा शाखा खोल्ने सम्झौता गरेको छ, कार्कीले भन्नुभयो, यस्तो गरियो भने सामाजिक सुरक्षा भत्ता सहज र सरल तरिकाबाट पाउने अवस्था हुन्छ।'

यसअघि सांग्रिला डेभलपमेन्ट बैंकसँग सम्झौता थियो। नेपालगन्जमै आएर सामाजिक सुरक्षा भत्ता बुझ्ने गर्दथे। बैंकले सरल तरिकाले सामाजिक भत्ता उपलब्ध नगराएको आरोप लागेपछि बैंक परिवर्तन गरिएको छ।

नयाँ सम्झौताअनुसार, देव विकास बैंकले मनिकापुरमा सामाजिक सुरक्षा भत्ता वितरणको जिम्मा लिएको छ। उसले गाउँगाउँमा शाखा खोलेर सामाजिक सुरक्षा भत्ता सहज र सरल तरिकाले वितरण गर्ने जनाएको छ। हिँड्न सक्नेहरू वडा कार्यालयमै आएर खाता खोलेका छन्। अशक्तहरूलाई वडा कार्यालयले घरघरमै पुगेर खाता खोलिदिएको छ।

वडा कार्यालयले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा दुई हजार, एकल विधवालाई एक हजार, पाँच वर्षसम्मका दलित बालबालिकालाई ६ सय रूपियाँ भत्ता दिने गर्दछ। वडा नं. २० मा एक हजार तीन सय ९६ जनाले यस्तो सुविधा लिदै आएका छन्।

# नेपाल चीन एक्स्पोको तयारी पुरा

नेपाल समाचारपत्र

ललितपुर

अरनिको सांस्कृतिक तथा व्यावसायिक प्रर्वद्धन समाजले भोलि शुक्रबार शुरू हुने नेपाल चीन एक्स्पो -२०१८ को सम्पूर्ण तयारी पुरा भएको जनाएको छ।

ऐतिहासिक कला, संस्कृति, सम्पदाको जीवन्त संग्रहालयको रूपमा रहेको पाटन दरबार क्षेत्रलाई मुख्य केन्द्रबिन्दु बनाएर सो मेला गर्न लागिएको हो। मेला पाँच दिनसम्म चल्ने छ। 'दुई देशबीचको संस्कृति, मौलिकता र परम्परा आदानप्रदान गर्ने सुवअवसरका रूपमा यस मेलालाई लिएका छौं।' समाजका अध्यक्ष अजरमान जोशीले भन्नुभयो।

मेलाले दुई देशका जनताबीचको आपसी लाभ पुग्ने दिशामा ठोस टेवा पुऱ्याउनुका साथै मुलुकको आर्थिक विकास, व्यवसायीहरूको क्षमता विकास, बजार विस्तार गर्नेलगायत विविध पाटोमा महत्त्वपूर्ण भूमिका निर्वाह पनि जोशीको भनाइ रहेको छ। मेलामा १ सय वटा स्टलहरू रहनेछन्। त्यसमध्ये ६० वटा चीनको सामग्रीको स्टल रहने छ। मेलामा नेपालमा उत्पादन हुने हस्तकलाका विविध सामग्रीको स्टल रहनेछ।

त्यसैगरी चीनमा उत्पादन हुने कपडा, जुता, बालबालिकाहरूको निम्ति ज्ञानवर्द्धक, मनोरञ्जन दिलाउने सामग्री, स्टेसनरी, दैनिक अत्यावश्यक, उपकरण र हार्डवेयर, स्पोर्टिङ उपकरण र विभिन्न प्रविधिहरू प्रदर्शनी र बिक्रीका लागि राखिने छ। मेलाबाट स्वेदशी व्यवसायी, बिक्रेताहरूलाई आफ्नो उत्पादन अन्तर्राष्ट्रिय रूपमा विकास गर्ने अवसर पाउने बताइएको छ।' दुई देशका नागरिकबीचको आपसी अध्ययन तथा ज्ञान, सीप आदानप्रदान, पर्यटन र व्यवसायिक विकासमा पनि मेलाले टेवा पुऱ्याउने हाम्रो विश्वास रहेको छ।'-अध्यक्ष जोशीले भन्नुभयो।

मेलाले दुई देशबीचको संस्कृति र व्यवसायलाई सम्बन्ध विस्तार गर्ने बलियो आधारका रूपमा स्थापित गर्ने बताइएको छ। मेलामा लुभुको टेक्सटायल उद्योग प्रर्वद्धन गर्न ढाका र सुति कपडाका विभिन्न डिजाईनहरूको विशेष प्रस्तुती फेसन शो पनि रहेको छ। त्यसैगरी मेला अवधिभर विभिन्न आधुनिक तथा चर्चित ब्यान्डहरूको सांगतिक प्रस्तुतीको मज्जा लुट्न सकिने छ।

मेलाका लागि अरनिको समाज र चीन नेपाल सांस्कृतिक आदानप्रदान केन्द्रको महत्वपूर्ण सहयोग रहेको छ। चीनले अघि सारेको वन बेल्ट वन रोडले (ओबिओआर) बाट नेपालमा पर्यटन, कृषि, उर्जा, उद्योग र पूर्वाधार विकासमा प्रशस्त लाभ लिन सकिने सम्भावनालाई समेत मध्यनजर गर्दै त्यसमा सकारात्मक योगदान दिने पनि मेलाको एक महत्वपूर्ण उद्देश्य रहेको अरनिको समाजका अध्यक्ष डा. सर्वोत्तम श्रेष्ठले बताउनुभयो। करिब दुई लाखले मेलाको अवलोकन गर्ने अनुमान गरिएको छ।

हिमाल स्टील आजको भाउ

RHINO 500D
बिक्री मूल्य रु. प्रति किलोग्राम
नेपालमा पहिलो पटक, नेपालकै लागि

पाँच तारा साकोसका सम्पूर्ण सदस्यज्यूहरूमा वार्षिक साधारण सभामा उपस्थित हुने बारेको सूचना !!
साधारण सभामा छलफल हुने प्रस्तावित विषयहरू

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असोज १८, अक्टोबर ४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११७।०५ | ११७।६५ |
| युरो १ को रू. | १३५।१३ | १३५।८२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १५१।८६ | १५२।६४ |
| स्विस फ्रन्क १ को रू. | ११८।५० | ११९।११ |
| अस्ट्रेलियन डलर १ को रू. | ८३।६९ | ८४।१२ |
| क्यानाडियन डलर १ को रू. | ९१।२० | ९१।६६ |
| सिङ्गापुर डलर १ को रू. | ८५।०४ | ८५।४७ |
| जापानी यन १० को रू. | १०।२८ | १०।३४ |
| चिनियाँ युआन १ को रू. | १७।०४ | १७।१३ |
| साउदी अरब रियाल १ को रू. | ३१।२१ | ३१।३७ |
| कतारी रियाल १ को रू. | ३२।१५ | ३२।३१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।६१ | ३।६३ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३१।८७ | ३२।०३ |
| मलसियन रिङ्गिट १ को रू. | २८।२८ | २८।४३ |
| दक्षिण कारियन वन १०० को रू. | १०।४५ | १०।५० |

### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १३।०२ |
| डेनिस क्रोनर १ का रू. | १८।१२ |
| हङकङ डलर १ का रू. | १४।९३ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

3 OCTOBER WEDNESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 28516.00 | 354.00 | 347.00 | 347.00 | -6.00 |
| 2 | Api Power Company Ltd. | 7175.00 | 250.00 | 243.00 | 247.00 | -3.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 450.00 | 890.00 | 875.00 | 885.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1286.00 | 249.00 | 242.00 | 242.00 | -4.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1474.00 | 135.00 | 129.00 | 134.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2479.00 | 595.00 | 586.00 | 590.00 | -2.00 |
| 7 | Bank of Kathmandu Ltd. | 9879.00 | 323.00 | 317.00 | 317.00 | -6.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 30.00 | 128.00 | 127.00 | 127.00 | -1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 5757.00 | 157.00 | 149.00 | 157.00 | 2.00 |
| 10 | Bishal Bazar Company Limited | 1350.00 | 1835.00 | 1774.00 | 1790.00 | 50.00 |
| 11 | Butwal Power Company Limited | 2350.00 | 478.00 | 467.00 | 467.00 | -8.00 |
| 12 | Central Finance Co. Ltd. | 1913.00 | 123.00 | 120.00 | 120.00 | -4.00 |
| 13 | Century Commercial Bank Ltd. | 27516.00 | 188.00 | 182.00 | 182.00 | -5.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 2836.00 | 918.00 | 908.00 | 908.00 | -2.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 164.00 | 113.00 | 112.00 | 113.00 | -2.00 |
| 16 | Chilime Hydropower Company Limited | 6634.00 | 725.00 | 714.00 | 719.00 | -6.00 |
| 17 | Citizen Bank International Limited | 10418.00 | 251.00 | 247.00 | 249.00 | -2.00 |
| 18 | Citizen Investment Trust | 320.00 | 2388.00 | 2340.00 | 2340.00 | -1.00 |
| 19 | Citizens Mutual Fund -1 | 1600.00 | 9.61 | 9.61 | 9.61 | -0.04 |
| 20 | City Express Finance Co. Limited | 130.00 | 112.00 | 110.00 | 110.00 | 0.00 |
| 21 | Civil Bank Ltd | 37096.00 | 174.00 | 169.00 | 173.00 | 1.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 254.00 | 685.00 | 674.00 | 674.00 | -2.00 |
| 23 | Corporate Development Bank Limited | 7020.00 | 103.00 | 101.00 | 102.00 | -1.00 |
| 24 | Deprosc Laghubitta Bittiya Sanstha Limited | 1049.00 | 670.00 | 658.00 | 660.00 | -10.00 |
| 25 | Deva Bikas Bank Limited | 7698.00 | 142.00 | 139.00 | 141.00 | -3.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 20.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 27 | Everest Bank Limited | 10980.00 | 640.00 | 630.00 | 635.00 | -3.00 |
| 28 | Everest Insurance Co. Ltd. | 132.00 | 1200.00 | 1200.00 | 1200.00 | -1.00 |
| 29 | First Micro Finance Laghubitta Bittiya Sanstha Ltd. | 8017.00 | 410.00 | 394.00 | 403.00 | -7.00 |
| 30 | Forward Community Mic. Bittiya Sanstha Ltd. | 483.00 | 2055.00 | 2032.00 | 2032.00 | -23.00 |
| 31 | Gandaki Bikas Bank Limited | 5553.00 | 202.00 | 200.00 | 200.00 | -3.00 |
| 32 | Garima Bikas Bank Limited | 22081.00 | 178.00 | 174.00 | 174.00 | -6.00 |
| 33 | Global IME Bank Limited | 36170.00 | 319.00 | 312.00 | 314.00 | -2.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 784.00 | 1184.00 | 1140.00 | 1161.00 | 21.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 6600.00 | 8.88 | 8.88 | 8.88 | 0.08 |
| 36 | Goodwill Finance Co. Ltd. | 435.00 | 126.00 | 125.00 | 125.00 | -1.00 |
| 37 | Grameen Bikas Laghubitta Bittiya Sans. Ltd. | 3098.00 | 536.00 | 528.00 | 532.00 | -5.00 |
| 38 | Green Development Bank Ltd. | 4640.00 | 119.00 | 115.00 | 117.00 | 0.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 1073.00 | 805.00 | 789.00 | 789.00 | -1.00 |
| 40 | Gurkhas Finance Ltd. | 1027.00 | 112.00 | 106.00 | 112.00 | 4.00 |
| 41 | Hathway Finance Company Limited | 50.00 | 122.00 | 122.00 | 122.00 | -2.00 |
| 42 | Himalayan Bank Limited | 2450.00 | 542.00 | 535.00 | 535.00 | -5.00 |
| 43 | Himalayan Distillery Limited | 250.00 | 1477.00 | 1476.00 | 1476.00 | -28.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 1987.00 | 418.00 | 413.00 | 414.00 | -5.00 |
| 45 | Himalayan Power Partner Ltd. | 1710.00 | 257.00 | 249.00 | 252.00 | -1.00 |
| 46 | ICFC Finance Limited | 2090.00 | 157.00 | 155.00 | 155.00 | -2.00 |
| 47 | IME General Insurance Ltd. | 577.00 | 785.00 | 770.00 | 770.00 | -9.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6193.00 | 161.00 | 159.00 | 160.00 | 0.00 |
| 49 | Janaki Finance Ltd. | 1396.00 | 171.00 | 168.00 | 168.00 | -5.00 |
| 50 | Janata Bank Nepal Ltd. | 43448.00 | 187.00 | 183.00 | 183.00 | -4.00 |
| 51 | Jebils Finance Ltd. | 2819.00 | 99.00 | 98.00 | 99.00 | 2.00 |
| 52 | Jyoti Bikas Bank Limited | 14098.00 | 139.00 | 138.00 | 138.00 | -1.00 |
| 53 | Kabeli Bikas Bank Limited | 412.00 | 306.00 | 305.00 | 305.00 | -1.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 3800.00 | 235.00 | 234.00 | 234.00 | 1.00 |
| 55 | Kalika Laghubitta Bittiya Sanstha Ltd. | 788.00 | 1209.00 | 1152.00 | 1200.00 | 10.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 6105.00 | 153.00 | 151.00 | 152.00 | -2.00 |
| 57 | Kankai Bikas Bank Ltd. | 368.00 | 134.00 | 132.00 | 132.00 | 0.00 |
| 58 | Karnali Development Bank Limited | 4135.00 | 107.00 | 104.00 | 105.00 | 0.00 |
| 59 | Khanikhola Hydropower Co. Ltd. | 52.00 | 101.00 | 100.00 | 101.00 | 0.00 |
| 60 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 488.00 | 1699.00 | 1667.00 | 1699.00 | -1.00 |
| 61 | Kumari Bank Limited | 49885.00 | 252.00 | 245.00 | 245.00 | -5.00 |
| 62 | Laxmi Bank Limited | 2874.00 | 255.00 | 250.00 | 252.00 | -2.00 |
| 63 | Laxmi Equity Fund | 8000.00 | 8.25 | 8.04 | 8.04 | -0.12 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 529.00 | 975.00 | 965.00 | 965.00 | -15.00 |
| 65 | Laxmi Value Fund-1 | 177242.00 | 10.25 | 10.20 | 10.20 | -0.05 |
| 66 | Life Insurance Co. Nepal | 429.00 | 1550.00 | 1540.00 | 1545.00 | -10.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 16993.00 | 163.00 | 157.00 | 159.00 | -1.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 3270.00 | 534.00 | 522.00 | 526.00 | -5.00 |
| 69 | MachhaPuchhre Bank Limited Pro. Share | 5051.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 70 | Machhapuchhre Bank Limited | 81956.00 | 229.00 | 222.00 | 225.00 | -2.00 |
| 71 | Mahalaxmi Bikas Bank Ltd. | 10721.00 | 177.00 | 173.00 | 173.00 | -4.00 |
| 72 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 11.00 | 624.00 | 624.00 | 624.00 | 1.00 |
| 73 | Mahuli Samudayik Lagh. Bittiya Sanstha Ltd. | 155.00 | 2411.00 | 2365.00 | 2365.00 | -95.00 |
| 74 | Manjushree Finance Ltd. | 500.00 | 131.00 | 131.00 | 131.00 | -2.00 |
| 75 | Mega Bank Nepal Ltd. | 50182.00 | 200.00 | 197.00 | 198.00 | -4.00 |
| 76 | Mero Microfinance Bittiya Sanstha Ltd. | 837.00 | 1130.00 | 1084.00 | 1084.00 | -58.00 |
| 77 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 100.00 | 1440.00 | 1440.00 | 1440.00 | -29.00 |
| 78 | Mission Development Bank Ltd. | 100.00 | 172.00 | 172.00 | 172.00 | -1.00 |
| 79 | Miteri Development Bank Limited | 2399.00 | 304.00 | 296.00 | 304.00 | 10.00 |
| 80 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 298.00 | 836.00 | 820.00 | 836.00 | -17.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 7236.00 | 399.00 | 395.00 | 395.00 | -4.00 |
| 82 | Nabil Bank Limited | 5114.00 | 945.00 | 932.00 | 942.00 | -3.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 2761.00 | 730.00 | 720.00 | 720.00 | -13.00 |
| 84 | Nabil Equity Fund | 2897.00 | 9.11 | 9.00 | 9.00 | -0.11 |
| 85 | Nadep Laghubitta Bittiya Sanstha Ltd. | 270.00 | 1120.00 | 1039.00 | 1120.00 | 101.00 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 370.00 | 975.00 | 960.00 | 975.00 | -9.00 |
| 87 | National Hydro Power Company Limited | 19270.00 | 83.00 | 81.00 | 81.00 | -2.00 |
| 88 | National Life Insurance Co. Ltd. | 3089.00 | 705.00 | 690.00 | 690.00 | -11.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 60.00 | 2100.00 | 2098.00 | 2098.00 | -42.00 |
| 90 | Neco Insurance Co. Ltd. | 7411.00 | 549.00 | 522.00 | 526.00 | -5.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 13471.00 | 214.00 | 212.00 | 212.00 | -2.00 |
| 92 | Nepal Bank Limited | 41698.00 | 318.00 | 309.00 | 310.00 | -3.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 512.00 | 129.00 | 127.00 | 129.00 | 2.00 |
| 94 | Nepal Credit & Comm. Bank Ltd. Pro. Share | 3202.00 | 192.00 | 192.00 | 192.00 | 0.00 |
| 95 | Nepal Credit And Commercial Bank Ltd. | 42422.00 | 218.00 | 215.00 | 215.00 | -4.00 |
| 96 | Nepal Doorsanchar Comapany Limited | 4180.00 | 772.00 | 761.00 | 763.00 | -12.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 170.00 | 145.00 | 139.00 | 139.00 | -8.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 3571.00 | 562.00 | 541.00 | 541.00 | -13.00 |
| 99 | Nepal Investment Bank Limited | 17340.00 | 641.00 | 637.00 | 640.00 | -1.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 141.00 | 568.00 | 568.00 | 568.00 | -4.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 18889.00 | 940.00 | 931.00 | 935.00 | -4.00 |
| 102 | Nepal SBI Bank Limited | 9153.00 | 493.00 | 489.00 | 491.00 | 0.00 |
| 103 | Nepal Seva Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 490.00 | 490.00 | 490.00 | 9.00 |
| 104 | Nerude Laghubita Bikas Bank Limited | 251.00 | 583.00 | 561.00 | 565.00 | -17.00 |
| 105 | Ngadi Group Power Ltd. | 119.00 | 150.00 | 150.00 | 150.00 | 2.00 |
| 106 | NIBL Pragati Fund | 505.00 | 8.05 | 8.05 | 8.05 | 0.05 |
| 107 | NIBL Samriddhi Fund 1 | 4000.00 | 9.65 | 9.65 | 9.65 | -0.20 |
| 108 | NIC Asia Bank Ltd. | 59156.00 | 432.00 | 422.00 | 422.00 | -8.00 |
| 109 | NIC Asia Growth Fund | 6700.00 | 9.57 | 9.51 | 9.57 | -0.13 |
| 110 | Nirdhan Utthan Lag. Bittiya Sans. Limited | 901.00 | 999.00 | 990.00 | 999.00 | -1.00 |
| 111 | NLG Insurance Company Ltd. | 872.00 | 879.00 | 855.00 | 879.00 | 9.00 |
| 112 | NMB Microfinance Bittiya Sanstha Ltd. | 68.00 | 1550.00 | 1548.00 | 1548.00 | -31.00 |
| 113 | NMB Bank Limited | 74537.00 | 358.00 | 349.00 | 350.00 | -7.00 |
| 114 | NMB Hybrid Fund L-1 | 21059.00 | 9.80 | 9.66 | 9.66 | 0.16 |
| 115 | NMB Sulav Investment Fund-1 | 60000.00 | 12.82 | 12.81 | 12.81 | -0.09 |
| 116 | Oriental Hotels Limited | 4349.00 | 525.00 | 511.00 | 514.00 | -4.00 |
| 117 | Pokhara Finance Ltd. | 3742.00 | 151.00 | 150.00 | 150.00 | -3.00 |
| 118 | Prabhu Bank Limited | 60427.00 | 238.00 | 232.00 | 234.00 | -1.00 |
| 119 | Prabhu Insurance Ltd. | 2538.00 | 503.00 | 487.00 | 487.00 | -8.00 |
| 120 | Premier Insurance Co. Ltd. | 3768.00 | 1115.00 | 1083.00 | 1092.00 | -10.00 |
| 121 | Prime Commercial Bank Ltd. | 24690.00 | 330.00 | 324.00 | 325.00 | -4.00 |
| 122 | Prime Life Insurance Company Limited | 2882.00 | 510.00 | 505.00 | 509.00 | -3.00 |
| 123 | ProgressiveFinance Limited | 170.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 124 | Prudential Insurance Co. Ltd. | 2834.00 | 745.00 | 735.00 | 735.00 | -10.00 |
| 125 | Radhi Bidyut Company Ltd | 255.00 | 213.00 | 209.00 | 211.00 | -2.00 |
| 126 | Rairang Hydropower Development Co. Ltd. | 3120.00 | 135.00 | 129.00 | 130.00 | -4.00 |
| 127 | Rastriya Beema Company Limited | 320.00 | 10000.00 | 9880.00 | 9880.00 | -120.00 |
| 128 | Rastriya Beema Company Limited Pro. Share | 210.00 | 8900.00 | 8816.00 | 8900.00 | 69.00 |
| 129 | Reliance Finance Ltd. | 3044.00 | 127.00 | 125.00 | 125.00 | -1.00 |
| 130 | Ridi Hydropower Development Co. Ltd. | 4124.00 | 112.00 | 110.00 | 110.00 | -1.00 |
| 131 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 78.00 | 633.00 | 631.00 | 633.00 | -7.00 |
| 132 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 616.00 | 473.00 | 462.00 | 468.00 | -3.00 |
| 133 | Sagarmatha Insurance Co. Ltd. | 250.00 | 1392.00 | 1365.00 | 1365.00 | 0.00 |
| 134 | Samata Microfinance Bittiya Sanstha Ltd. | 612.00 | 1406.00 | 1295.00 | 1375.00 | 94.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 1776.00 | 1101.00 | 1093.00 | 1100.00 | -2.00 |
| 136 | Sanima Bank Limited | 24103.00 | 338.00 | 330.00 | 330.00 | -7.00 |
| 137 | Sanima Mai Hydropower Ltd. | 8997.00 | 313.00 | 302.00 | 302.00 | -5.00 |
| 138 | Saptakoshi Development Bank Ltd. | 910.00 | 124.00 | 124.00 | 124.00 | 0.00 |
| 139 | Shangrila Development Bank Ltd. | 5101.00 | 155.00 | 153.00 | 153.00 | -2.00 |
| 140 | Shikhar Insurance Co. Ltd. | 1114.00 | 910.00 | 904.00 | 909.00 | -15.00 |
| 141 | Shine Resunga Development Bank Ltd. | 561.00 | 240.00 | 233.00 | 237.00 | 2.00 |
| 142 | Shree Investment Finance Co. Ltd. | 6434.00 | 146.00 | 145.00 | 146.00 | -1.00 |

Total Amount Rs. 374,049,875 Total Quantity 1,436,512 Total No of Transactions 4,738

२०७५ असोज
बिहीबार
१८

उपमहानगरले देशभरका नगरभन्दा उत्कृष्ट सेवा दिइरहेको भन्दै उहाँले आफू जननिर्वाचित भएपछि दुई दर्जन भन्दा बढी राम्रा काम गरेको बताउनुभयो। उपमहानगरपालिकाले शुक्रबार गरेको पत्रकार सम्मेलनमा मेयर महतले देशभरिमा नमूना कामका रूपमा साना घर निर्माण गर्ने नागरिकलाई नि:शुल्करूपमा नक्सा बनाउन शुरु गरिएको बताउनुभयो। हालसम्म उक्त अभियानमा ४ सय वटा निवेदन परिसकेको उहाँले बताउनुभयो। उहाँले उपमहानगरको पहलमा हेटौंडा अस्पतालमा नि:शुल्करूपमा मृगौला डायलाइसिस गर्ने काम शुरु गर्न लागिएको जानकारी दिनुभयो।

अर्थ

# मोटरसाइकल दर्ता प्रक्रिया रोकियो

नेपाल समाचारपत्र

काठमाडौं

सरकारले यातायात व्यवस्था नियमावली संशोधन नगर्दा वाग्मतीमा नयाँ मोटरसाइकल दर्ता प्रक्रिया रोकिएको छ। वाग्मती अञ्चलमा ९९ लटसम्म मोटरसाइकल दर्ता भइसकेको छ। अब १ सय अंकको नंम्बर अर्थात तीन अंकको मोटरसाइकल दर्ता गर्नका लागि कानुनी अड्चनका बीच नियमावली संसोधन नभएसम्म दर्ता प्रक्रिया रोकिएको हो।

विभागका महानिर्देशक लावण्य ढकालका अनुसार नियमावली संशोधनका लागि मन्त्रीपरिषद्मा पठाइएको छ। अब बस्ने मन्त्रिपरिषद्ले नियमावली संशोधित स्वीकृत भएपछि दिन अगाडि रोकिएको दर्ता प्रक्रिया नियमित हुने महानिर्देशक ढकालको भनाई रहेको छ।

सरकारले इम्वास्ट नम्वर लागू गर्ने भएसँगै विभागले ३ अंकको नम्बर दर्ता गर्न पाउने गरी नियमावली संशोधन गर्न आवश्यक ठानेको थिएन। तर इम्वोस नम्बर हाल जडानमा रोक लागेकोले नियमावली संसोधन गर्नुपर्ने वाध्यकारी परिस्थिति उत्पन्न भएको महानिर्देशक ढकालले बताउनुभयो। कानूनी अड्चनका कारण रोकिएकाले हो केही दिनमा नै दर्ता सुचारु हुने विभागले जनाएको छ।

दशैंमा मोटरलाइकल कम्पनीहरूले दिने आकर्षक छुटका कारण मोटरलाइकल विक्री बढी हुने गरको थियो। सरकारले समयमा नै संसोधन नगर्दा उपभोता र मोटरसाइकल विक्रेता कम्पनीहरूसमेत मारमा परेका छन्।

यातायात व्यवस्थाका अनुसार काठमाडौंमा 'बा ९९ प' मा '९९९९'सम्म मोटरसाइकल दर्ता भइसकेको छ। वाग्मतीमा अञ्चलमा दर्ता भइसकेका मोटरसाइकलको संख्या १० लाख पुगेको छ।

# पाकिस्तानी मेला शुरू



काठमाडौं, (नेस)

पाकिस्तानमा उत्पादित विविध वस्तु तथा सामग्रीको प्रदर्शनी काठमाडौंमा शुरू भएको छ। त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड सेन्टरमा एक साता लामो 'मेड इन पाकिस्तान, सार्क एडिसन' मेला शुरू भएको हो।

नेपालका लागि पाकिस्तानी राजदूत डा. मजार जावेद र नेपाल-पाकिस्तान मैत्री संगठनका अध्यक्ष हिमालयशम्शेर राणाले बुधवार संयुक्त रूपमा सो मेला शुभारम्भ गर्नुभयो। सो अवसरमा राजदूत जावेदले यस्तो मेला र प्रर्दशनीले दुवै मुलुकका व्यवसायीलाई नजिक्याउन महत्त्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। विगत ६ दशकयताको द्विपक्षीय सम्बन्ध बलियो बनाउन प्रदर्शनी उपलब्धी मुलक हुने अध्यक्ष राणाको भनाइ थियो।

मेलामा फर्निचर, छालाका, हस्तकला, लत्ताकपडा, नक्कली गरगहनालगायतका सामग्री उपलब्ध छन्। पाकिस्तानको रावलपिन्डी उद्योग वाणिज्य संघको अगुवाइ र काठमाडौंस्थित पाकिस्तानी र पाकिस्तानस्थित नेपाली दूतावासको सहकार्यमा काठमाडौंमा विगत एक दशकयता हरेक वर्ष यस्तो प्रदर्शनी हुँदै आएको छ।

# सिन्धुलीमा जेसीबीको आउटलेट



काठमाडौं, (नेस)

एमएडब्लु अर्थमुभर्स प्रालीले सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा आफ्नो 'अथराइज्ड रिटेल आउटलेट' (एआरओ) शुरू गरेको छ। नयाँ आउटलेटबाट जेसीबीका ग्राहकले अन्तर्राष्ट्रिय स्तरको एफ्टरसेल्स सर्भिस र स्पेयरको सुविधा पाउनेछन्।

नयाँ आउटलेटको उद्घाटन प्रमुख अतिथि कमलामाई नगरपालिकाका मेयर खड्ग खत्री र विशेष अतिथि नेपाली कंग्रेसका नेता मादिक ढकालले संयुक्त रूपमा गरेका थिए। सिन्धुली र आसपासका जिल्लामा विकास निर्माणको कामले तीव्रता पाएसँगै निर्माण व्यवसायीहरूको सहजता र सुलभतामा ध्यानमा राखेर जेसीबीले आधिकारिक आउटलेट शुरू गरिएको एआरओकी प्रबन्ध निर्देशक सुनिता गजुरेलले बताइन्।

योसँगै जेसीबीले नेपालका १० वटा स्थानमा 'एआरओ' स्थापना गरिसकेको छ। गल्छी, गोरखा, चरिकोट, लहान, डडेलधुरा, अर्घाखाँची, प्युठान र बनेपामा यसअघि नै जेसीबीका आधिकारिक विक्री केन्द्र सञ्चालन भइसकेका छन्। जेसीबीका मेसिनहरूको संख्या बढी रहेका नेपालका अन्य ग्रामीण क्षेत्रमा पनि ग्राहकलाई गुणस्तरीय 'एफ्टरसेल्स सर्भिस'का लागि 'एआरओ' स्थापना गर्ने लक्ष्य एमएडब्लु अर्थमुभर्सले लिएको छ।

नेपालको नम्बर १ ब्रान्ड जेसीबीका एस्काभेटर, ब्याकहो, रोलर, कम्प्याक्टर र लोडअल लगायत उत्पादन बजारमा छन्। इन्धन कम खपत हुने, मर्मत खर्च कम लाग्ने र उत्कृष्ट काम गर्ने भएका कारण यी मेसिनहरू लोकप्रिय छन्। पर्याप्त जनशक्ति र स्पेयर्सका कारण जेसीबीप्रतिको जनविश्वास बढ्दै गएको छ। जेसीबीले विक्रीलाई होइन विक्रीपछिको सेवालाई जोड दिन्छ र यसकै कारण यो नेपालको हेभि इक्विपमेन्ट क्षेत्रमानम्बर १ ब्रान्ड बनेको हो।

# अझै बैंक स्थापना भएनन्

दार्चुला, (नेस)

दार्चुलाका ४ स्थानीय तहमा बैंक स्थापना हुन नसक्दा सेवा प्रवाहमा समस्या भएको छ।

जिल्लाका सबै स्थानीय तहहरूमा बैंक स्थापना गर्ने सरकारी लक्ष्य रहेको भए पनि हालसम्म बैंक स्थापना नहुँदा सेवा प्रवाहमा समस्या भएको हो। गाउँगाउँमा सिंह दरबार भनेर भनिने भए पनि दार्चुलाका ४ स्थानीय तहहरूमा बैंक स्थापना हुन नसक्दा सेवाग्राहीहरू विगतकै समस्या झेल्न बाध्य छन्। दार्चुलाका अपि हिमाल, नौगाड, दुहुँ, र ब्याँस गाउँपालिकामा बैंक स्थापना हुन सकेका छैनन्।

बैंक नहुँदा वडा तथा गाउँपालिकाको कार्यालयबाट संकलन हुने राजश्व दाखिला गर्न समस्या हुने गरेको दुहुँ गाउँपालिकाका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले जानकारी बताउनुभयो। बैंक नहुँदा सानातिना योजनाहरूको भुक्तानी गर्न समेत सदरमुकाम जानु पर्ने बाध्यता रहेको उहाँको भनाई छ। यस्तै जिल्लाको अपिहिमाल गाउँपालिकामा पनि बैंक स्थापना नहुदा समस्या भएको छ। जिल्ला सदरमुकाम खलंगाबाट ३ दिनको पैदल दुरीमा पर्ने अपिहिमालका स्थानिय बैंकिङ काम काजका लागी जिल्ला सदरमुकाम खलंगा आउने गरेका छन्।

'योजनाहरूको भुक्तानी लिँदा तथा खातामा पैसा जम्मा गर्नु पर्दा तिन दिन पैदल हिडेर आउनु पर्दछ, पैसा बोकेर आउदा ज्यानको असुरक्षा हुन्छ।' अपिहिमाल गाउँपालिका वडा नम्बर ४ खण्डेश्वरीका नरभान रोकायाले भन्नुभयो।

'जिल्लाका व्यास, दुहुँ, नौगाड र अपिहिमाल गाउँपालिकामा अझै बैंक स्थापना हुन् सकेका छैनन्। महाकाली, शैल्यशिखर नगरपालिका र मालिकार्जुन, मार्मा तथा लेकम गाउँपालिकामा भने यस अघि नै बैंकहरू स्थापना भइसकेका छन्। '

# करको अनावश्यक दोष

हेटौंडा, (नेस)। हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतले प्रदेश-३ सरकारको बढाएको करको दोष नगरपालिका लगाइएकोमा त्यसको प्रतिवाद गर्नुभएको छ। 'ढुंगा, गिट्टी, बालुवामा प्रदेश सरकारले कर वृद्धि गर्दा त्यसको आरोप नगरपालिकाले सहनुपरेको छ,' -उहाँले भन्नुभयो। जनताले कर बढाएको भनेर गुनासो गर्दै कार्यालय आउने गरेको भन्दै मेयर महतले प्रदेश सरकारले लगाएको करले समस्या भएको उल्लेख गर्नुभयो। तत्कालीन जिल्ला विकास समितिले उठाउँदै आएको गिट्टी, बालुवा कर प्रदेश सरकारका लागि हाल उपमहानगरले उठाउँदा जनताको गुनासो आएको भन्दै मेयर महतले तत्काल प्रदेश सरकारले करबारे पुनरावलोकन गर्नुपर्ने बताउनुभयो।

# टनेल बनाउने कृषकलाई प्लास्टिक निशुल्क

नेपाल समाचारपत्र

पर्वत

बेमौसमी तरकारी खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न पर्वतको फलेबास नगरपालिकाले प्लाष्टिक घर( टनेल) बनाउने कृषकलाई प्लास्टिक नि:शुल्क वितरण गरेको छ।

बेमौसमी तरकारी खेती गर्ने कृषकलाई प्रोत्साहन गर्न टनेलका लागि घर तयार भएपछि आवश्यक पर्ने प्लास्टिक नि:शुल्क दिन थालेको हो। यसअघि कृषकलाई विभिन्न संस्था र कार्यालयले ५० प्रतिशत अनुदानमा प्लास्टिक वितरण गर्दै आएका थिए। फलेबास नगरपालिकाले दिएको जानकारीअनुसार आर्थिक वर्ष २०७४/०७५ मा १ सय ७० जना कृषकलाई अनुदान दिइएको छ। 'एक जना कृषकले प्लास्टिक घरमा खेती गर्न चाहेमा घर बनाउन चाहिने प्लास्टिक पुरै अनुदानमा वितरण गर्‍यौं' नगर कृषि शाखाका प्रमुख नारायण पौडेलले भन्नुभयो 'अहिलेसम्म कृषकलाई ५० प्रतिशत अनुदानमा प्लास्टिक वितरण हुँदै आएकोमा यसले धेरै राहत दिएको छ'।

व्यावसायिक रूपमा तरकारी खेती गर्न चाहने कृषकहरू अनुदानबाट सबैभन्दा बढी लाभान्वित भएको फलेबास नगरपालिका प्रमुख पदमपाणी शर्माले बताउनुभयो। कृषकले जाँगर देखाउँछ र घर बनाउँछ भने प्लाष्टिक पुरै अनुदानमा दिदा धेरै प्रोत्साहन मिलेनको अनुभव उहाँले सुनाउनुभयो। 'खेती नगर्नेलाई अनुदान दिँदा दुरूपयोगको खतरा हुन्छ' उहाँले भन्नुभयो 'प्लाष्टिक घर बनाएपछि अनुदान दिँदा व्यवसायिक बन्न सहयोग पुग्दोरहेछ' नगरपालिकाले गएको आर्थिक वर्षमा मात्रै १० लाखभन्दा बढी बजेट प्लास्टिक टनेल खरिदमा खर्च गरेको छ। यस आर्थिक वर्षमा पनि कृषि क्षेत्रमा खर्च गर्ने गरी ६५ लाख रूपियाँ बजेट विनियोजन गरिएको छ।

बिनियोजित बजेटबाट साना सिंचाई, यान्त्रिकरण, टनेल, बिरुवा, बिउ खरिद गर्ने लक्ष्य रहेको कृषि शाखा प्रमुख पौडेलले जानकारी दिनुभयो। गत वर्ष जति धेरै कृषकलाई समेट्न नसके पनि यस वर्षसमेत घर बनाउने कृषकलाई अनुदान दिने योजना रहेको उहाँले बताउनुभयो। यसैगरी गएको आर्थिक वर्षमा ५ सय जना कृषकलाई ८५ प्रतिशत अनुदानमा तरकारीको हाइब्रिड बीउ बितरण गरेको छ। तरकारी कृषकलाई टनेल र हाइब्रिड बीउ वितरण गरेपछि व्यावसायिक बनाउन सहयोग पुगेको नगरपालिकाले जनाएको छ।

PRESS RELEASE

## सिटी एक्सप्रेसको नि:शुल्क बस सेवा



काठमाडौं, (नेस)

वैदेशिक रोजगारीका लागि विदेशिने नेपालीलाई लक्षित गरी ७ दिने नि:शुल्क बस सेवा शुरू गरिएको छ।

यो नि:शुल्क बस सेवा असोज १७ गतेदेखि २३ गतेसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शुरू भई रिङरोड परिक्रमा गर्नेछ। दशैं मनाउन विभिन्न देशहरूबाट स्वदेश फर्किने यात्रुहरूलाई सहयोग पुगोस् भन्ने भावनाले सो सेवा शुरू गरिएको हो।

कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टन्डन, कम्पनीका ब्राण्ड एम्वेस्डर सीताराम कट्टेल (धुर्मुस) र नेपाल आइडलसिजन २ का ११ जना टप फाइन लिस्टहरूले संयुक्त रूपमा रिबन सो सेवाको शुभारम्भ गर्नुभयो।

## महालक्ष्मी विकास बैंकको शाखा पोखरा र वीरगन्जमा

काठमाडौं, (नेस)

महालक्ष्मी विकास बैंक लि. ले पोखरा र वीरगन्जमा शाखा स्थापना गरेको छ।

आफ्नो सेवा देशभर विस्तार गर्दै लाने क्रममा मंगलबार र बुधबार क्रमश: कास्की जिल्ला, पोखरा लेखनाथ महानगरपालिका वडा नं ३०, स्थित सिसुवा शाखा तथा पर्सा जिल्ला, वीरगन्ज महानगरपालिका वडा नं १२, स्थित, श्रीपुर शाखा कार्यालयमा कार्यालय स्थापना गरेको हो।

सिसुवा शाखाको समुद्घाटन उद्योग वाणिज्य संघका अध्यक्षश्री कृष्णहरी भण्डारी र श्रीपुर शाखाको महानगरपालिकाका मेयर विजय सरावगीले गर्नुभयो। सोही अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछाने सञ्चालक, श्यामसुन्दर रुगंटा तथा वरिष्ठ प्रबन्धक प्रकाश घिमिरेको पनि उपस्थिति रहेको थियो।

## प्रभु इन्स्योरेन्स र वयोधा हस्पिटल्सबीच सम्झौता



काठमाडौं, (नेस)

प्रभु इन्स्योरेन्स लिमिटेड र वयोधाहस्पिटल्स प्रा.लिबीच नगदरहित सेवासम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा प्रभु इन्स्योरेन्स लिमिटेडको तर्फबाट प्रमुखकार्यकारी अधिकृत सञ्चित वज्राचार्य तथा वयोधा हस्पिटल्स प्रालि.कोतर्फबाट महापबन्धक उत्तम थापाले हस्ताक्षर गर्नुभयो।

सम्झौताअनुसार प्रभु इन्स्योरेन्सबाट औषधोपचार बीमा गराउने ग्राहकहरूले वयोधा हस्पिटल्समा भई औषधोपचार गराउँदा साथमा नगद नभएता पनि बीमालेखको सीमा सम्मनगद रहित सुविधाप्राप्त गर्न सक्नेछन्।

Mega Bank Nepal Limited
INTEREST RATES
Effective from 4th October 2018

| (A) Deposits | Rate Per Annum | Minimum Balance |
|---|---|---|
| Savings Deposit | | |
| Mega Lokpriya Bachat (Normal Savings) | 7.00% | Nil |
| Mega Subharambha Bachat | 7.00% | NPR 10,000 |
| Mega Swabhimaan Bachat | 7.00% | NPR 1,000 |
| Mega Srijanshil Nari Bachat | 7.00% | NPR 500 |
| Mega Young Star Savings | 7.00% | NPR 1,000 |
| Mega Karmachaari Bachat | 7.00% | NPR 100 |
| Mega Youth My Bank@ Campus Savings | 7.00% | [illegible] |
| Mega Prabardhak Bachat (Normal) | 7.00% | Nil |
| Mega Prabardhak Bachat (Special) | 7.00% | NPR 10,000 |
| Mega Shareholder Bachat (Normal) | 7.00% | Nil |
| Mega Shareholder Bachat (Special) | 7.00% | NPR 10,000 |
| Mega Micro Savings | 7.00% | NPR 5 |
| Mega Remittance Savings | 7.00% | Nil |
| Mega Utkrishtha Bachat | 7.00% | NPR 25,000 |
| Mega Jeevan Sathi Bachat Khata | 7.00% | NPR 5,000 |
| Mega Swarnim Bachat Khata | 7.00% | NPR 5,000 |
| Mega Sarbapriya Bachat | 7.00% | NPR 50,000 |
| Mega Rising Savings Account | 7.00% | NPR 10,000 |
| Mega Corporate Benefit Savings Account | 7.00% | NPR 1,000 |
| Mega Matribhumi Savings Account | 7.00% | Nil |
| Normal Fixed Deposit | Individuals | Institutions |
| Up to 3 Months | 10.50% | 10.50% |
| Up to 6 Months | 10.50% | 10.50% |
| Up to 1 Year | 10.50% | 10.50% |
| 1 Year and Above | 10.50% | 10.50% |
| (B) Loans and Advances | Premium (% p.a.) on Base Rate | |
| Loan against FDR | Base Rate + 2% or coupon rate + 2%, whichever is higher | |
| | Percentage | |
| Base Rate (Bhadra 2075) | 10.66% | |
| Average Interest Rate Spread (as per NRB Directives) Bhadra 2075 | 4.76% | |

Notes:
1. All the rates are Per Annum Interest Rates
2. All other rates remain unchanged.

MEGA
Mega Bank Nepal Ltd. Rising Mall, Kamaladi, Kathmandu. Post Box No: 26569, Phone No: 01-4169217/16/06/04, Fax No: 01-4169216



भर्खरै !
भर्खरै ! के भयो दुनियामा
भर्खरै ! सोध्नुहोस् हामीलाई
भर्खरै ! हाजिर हुनेछ
जवाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ भर्खरै !

# चितवन टाइग्रेस च्याम्पियन



उत्कृष्ट खेलाडी बनेकी अरुणा शाही स्कुटरसँगै।

काठमाडौं, (नेस)

आधी-आवाधी एनभीए महिला भलिबल प्रतियोगिताको उपाधि चितवन टाइग्रेसले जितेको छ।

मंगलबार त्रिपुरेश्वरको कभर्डहलमा भएको उपाधि भीडन्तमा चितवनले नेपाल एपीएफ क्लबलाई ३-० को सिधा सेटमा हराउँदै उपाधि हात पारेको हो। ३ अमेरिकी खेलाडी र अमेरिकी प्रशिक्षक रहेको चितवनले विभागीय टोलीलाई पुरै दबाबमा राखेको थियो। यद्दपी पहिलो सेटमा एपीएफले कडा चुनौती दिएको थियो। तर विदेशी खेलाडी सम्मिलित चितवनलाई हराउन एपीएफको मेहनत पर्याप्त देखिएन।

पहिलो सेट २५-२० ले जितेको चितवनका लागि पछिको दुई सेट जित्न कुनै कठिनाइ भएन। दोस्रो र तेस्रो सेट क्रमशः २५-१७ र २५-११ ले चितवनले आफ्नो बनाउँदै ६ लाख नगद पुरस्कारको हकदार बन्यो। यस्तै उपविजेतामै सीमित रहेको एपीएफले ३ लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो भएको न्यु डायमन्डले १ लाख ५० हजार रुपियाँ पायो। न्यु डायमन्डले तेस्रो हुन नेपाल पुलिस क्लबलाई २५-१८, २५-२१ र २५-१९ को सिधा सेटमा हराएको थियो।

चितवन टाइग्रेसकी सेटर अरूणा शाही उत्कृष्ट खेलाडी चुनिइन्। उनले नगद ५० हजार र एक थान स्कुटर जितिन्। प्रायः पश्चिमाञ्चलबाट स्पाइकरको भूमिकामा कोर्टमा उत्रिने अरूणाले सेटरको भूमिकालाई प्रमाणितसमेत गरेकी छिन्। योसँगै उनले सेटरको रूपमा राष्ट्रिय टिममा आफ्नो दाबेदारी पनि प्रस्तुत गरेकी छिन्।

# नेपालले म्यानमारबाट चुनौती पाएन

नेपाल समाचारपत्र

काठमाडौं

आईसीसी विश्व टी-२० एसिया क्षेत्र छनोट 'बी' अन्तर्गत पहिलो खेलमा नेपालले म्यानमारबाट कुनै चुनौती पाएन।

मलेसियामा जारी प्रतियोगिताअन्तर्गत बुधबार म्यानमार मात्र २९ रनमा अलआउट हुँदा नेपालले ३० रनको लक्ष्य ३ ओभरमै प्राप्त गऱ्यो। तर यसका लागि नेपालले २ विकेटचाहिँ गुमायो। ओपनर ब्याट्सम्यान प्रदीपसिंह ऐरी शून्यमा पवेलियन फर्केका थिए।

ओपनरमा नयाँ जोडी विनोद भण्डारीसँग प्रदीपलाई परिचय गराए पनि म्यानमारजस्तो कमजोर टोलीविरुद्ध फ्लप बन्यो। यसपछि अनिलकुमार साह ११ रन बनाएर आउट भएका थिए। न्यूनतम लक्ष्य भएको हुँदा बलर करण केसीलाई ब्याटिङमा प्रमोसन गराए। जसमा उनी सफल पनि भए। उनले ८ बलमा १ चौका र १ छक्का प्रहार गरेर १४ रनमा नटआउट रहे। त्यस्तै ओपनर विनोद भने १ रनमै नटआउट रहेका थिए।



यसअघि नेपालका बलरले म्यानमारलाई क्रिकेट खेल्न अझै कडा मेहनत गर्नुपर्ने पाठ सिकाएका थिए। म्यानमारका कप्तान लिन अङले १६ रन बनाउनुबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंक पनि छुन सकेनन्। पुरै टोली १० ओभरमा २९ रनमा पवेलियन फर्केका थिए। सन् २००६ मा म्यानमारले नेपालविरुद्ध १० रन बनाएर अलआउट भएको थियो। १२ वर्षपछि पनि नेपालको बलिङ थेग्न नसकेको म्यानमारका लागि बलरले नेपालका दुई खेलाडीलाई आउट गरेर सफलता भने प्राप्त गरेको छ।

नेपालका अहिलेका चर्चित बलर सन्दीप लामिछानेको बलिङ स्पेल सानदार रह्यो। उनले २ ओभर बलिङ गर्दा ३ रन दिएर ४ विकेट लिएका थिए। उनी म्यान अफ द म्याचसमेत घोषित भए। यस्तै ललित राजवंशीले पनि आफ्नो क्षमता देखाए। उनले ३ ओभरमा २ मेडन फ्याँक्दै ३ रन खर्चेर ३ विकेट हासिल गरेका थिए। अन्यमा ललित भण्डारी र करणले १/१ विकेट प्राप्त गरेका थिए। नेपालले आफ्नो दोस्रो खेल मलेसियासँग खेल्नेछ।



HOME FURNISHERS PVT. LTD.
Tripureshwor, (Way to Thapathali) Kathmandu, Nepal.
Ph.: 4254601
4262240
Mobile: 9851162809

## धरहरा

### सरकारबाट प्रेरित एन्फा



अखिल नेपाल फुटबल संघ (एन्फा) नेतृत्व पनि कुनै राजनीतिक दलभन्दा कमजोर छैन। कार्ययोजना सुनाउन एन्फा पदाधिकारी दलका नेताभन्दा निकै अब्बल छन्। वर्षौंसम्म एन्फामा एकछत्र राज गरेका गणेश थापाका कारण नेपाली फुटबलको लगानी बालुवामा पानी भयो भन्नेहरु अहिले नेतृत्वमा आए पनि नतिजा २० को १९ हुन सक्या छैन।

गत वैशाखमा कर्मा छिरिङ शेर्पा एन्फा अध्यक्ष बने। त्यति मात्रै हो र, उनको पुरै प्यान कार्यसमितिमा चुनियो। तर एन्फाको हालत दुई तिहाइ बहुमत पाएको अहिलेको बामपन्थी सरकारभन्दा कम छैन। सरकारको कार्यशैलीबाट प्रेरित भएर हो क्यार शेर्पा योजना सुनाउन अब्बल छन्, तर परिणाम बालुवामा पानी नै भएको छ। एन्फामा थापा रहेसम्म फुटबलको विकास कुनै पनि हालतमा हुनै नसक्ने दाबी गर्ने शेर्पाले नेतृत्व आए पनि फुटबलले कुनै माखो मार्न सक्या छैन।

बंगलादेशमा जारी बंगबन्धु गोल्डकपमा ताजकिस्तानसँग पराजित नेपाल त्यसअघि बंगलादेशमै सम्पन्न साफ च्याम्पियनसिपमा साफै भएको थियो। एक महिनाअघिको एसियन गेम्समा पनि नेपाल निकै विचरा बन्यो। अहिले भुटानमा चलिरहेको यू-१८ महिला फुटबलमा हालत उस्तै बन्यो। एकपछि अर्को नजिता खस्किरहेको देख्दा शेर्पा र उनको समूह भन्दै होला- 'थापाको छत्रछायाँ अझै बाँकी भएकाले सोचेजस्तो हुन सक्या छैन।'

# पुलिसलाई पाँच स्वर्ण

काठमाडौं, (नेस)

नेपाल पुलिस क्लबले दोस्रो नेपाल स्ट्रङगेस्ट २०१८ मा महिलातर्फको खेल समाप्त हुँदा ५ स्वर्ण जितेको छ।

नेपाल भारोत्तोलन संघका तत्कालीन उपाध्यक्ष सुनीललाल जोशीको स्मृतीमा आयोजना गरिएको भारोत्तोलन प्रतियोगिताअन्तर्गत स्ट्रङगेस्ट महिलामा पुलिसकी तारादेवी पुनले स्वर्ण जितिन्। उनले ७५ केजीमाथिको तौल समूहको सिनियरतर्फ स्नाचमा ७१ केजी र क्लिन एन्ड जर्कमा ९५ केजी गरी कुल १ सय ६६ केजी भार बहन गरेकी थिइन्। दोस्रो स्थानमा रहेकी नेपाली सेनाकी अस्मिता राईले स्नाचमा ५० र क्लिनमा ६२ गरी कुल १ सय १२ केजी भार बहन गरिन्। सोही विधाको जुनियरतर्फ भएको एकल प्रतिस्पर्धामा नेपाल व्यायाम मन्दिरकी विद्या राईले स्नाचमा ४०, क्लिनमा ६२ का साथ कुलमा १ सय २ केजी भारका साथ स्वर्ण हात पारिन्।

यसै गरी पुलिसकी संगीता राईले ४८ केजी तौल समूहको सिनियरतर्फ सेनाकी रिता गुरुङलाई पछि पार्दै स्वर्ण जितिन्। राईले स्नाचमा ५३ केजी र क्लिन एन्ड जर्कमा ६७ केजीका साथ कुलमा १ सय २० केजी भार बहन गरिन्। रीताले स्नाचमा ४५ र क्लिन एन्ड जर्कमा ५३ केजी गरी कुल ९८ केजी भार उचालिन्। यसै समूहको जुनियरतर्फ झापाकी करिना चौधरीले कुल १ सय केजी भार बहन गर्दै स्वर्ण जितिन्।

काठमाडौं जिल्ला भारोत्तोलन संघको आयोजनामा भएको महिलाको ५३ केजी तौलमा पुलिसकी देवीकुमारी चौधरीले स्नाचमा ६५, क्लिनमा ७५ केजी गरी कुलमा १ सय ४० केजी भार उठाउँदै स्वर्ण हासिल गरिन्। दोस्रो स्थानमा रहेकी सेनाकी मनिषा रानाभाटले स्नाचमा ५० तथा क्लिनमा ७० केजी गरी कुल १ सय २० केजी उचालिन्।

५८ केजी तौलमा सिनियरतर्फ सेनाकी कमला श्रेष्ठले स्नाचमा ६५ केजी र क्लिनमा ७५ केजीका साथ कुलमा १ सय ४० केजी उचालेर स्वर्ण जितिन्। ६३ केजीको सिनियरतर्फ सेनाकी सारदा चौधरीले स्वर्ण पाइन्। एकल प्रतिस्पर्धामा उनले स्नाचमा ६० र क्लिनमा ६५ केजी गरी कुल १ सय २५ केजी भार बहन गरिन्।




# डिबालाको ह्याट्रिकमा युभेन्टसको जित

लन्डन, (एजेन्सी)

रातो कार्डका कारण क्रिस्टियानो रोनाल्डो मैदान नउत्रिएको खेलमा पाउलो डिबालाले ह्याट्रिक गर्दा युभेन्टसले च्याम्पियन्स लिगअन्तर्गत खेलमा जित हात पारेको छ।

समूह 'एच' को मंगलबार राति भएको खेलमा युभेन्टसले स्विस टोली योङ ब्वाइजलाई ३-० गोलले हराएको हो। इटालियन सिरी 'ए' च्याम्पियनको जितमा अर्जेन्टिनी खेलाडी डिबालाले ह्याट्रिक गरेका थिए। यसअघि भ्यालेसिन्याविरुद्धको खेलमा रातो कार्ड पाएका रोनाल्डोले प्रतिबन्धका कारण खेलेका थिएनन्।

खेलको पाँचौं मिनेटमा डिबालाले पहिलो गोल गर्दै युभेन्टसलाई अग्रता दिलाए। यसै गरी खेलको ३३औं मिनेटमा डिबालाकै गोलमा युभेन्टसले अग्रता दोब्बर बनायो। पहिलो हाफ २ गोलको अग्रता बनाएको युभेन्टसले दोस्रो हाफमा थप १ गोल गऱ्यो। खेलको ६९औं मिनेटमा डिबालाले ह्याट्रिक पूरा गर्दा युभेन्टसले अग्रता तेब्बर बनाएको थियो। खेलको ७८औं मिनेटमा मोहमद कामारा दोहोरो पहेंलो कार्डको दर्शन गर्दै मैदान छोडेपछि योङ ब्वाइज १० खेलाडीमा सीमित बनेको थियो।

समूह चरणको पहिलो खेलमा भ्यालेन्सियालाई २-० ले हराएको युभेन्टस लगातार दोस्रो जित निकालेर ६ अंक जोड्दै समूहको शीर्ष स्थानमा रहेको छ। योङ ब्वाइजको भने यो दोस्रो हार हो। योङ ब्वाइजले पहिलो खेलमा आफ्नै घरेलु मैदानमा म्यानचेस्टर युनाइटेडसँग २-० को हार व्यहोरेको थियो। यसै समूहको अर्को खेलमा म्यानचेस्टर युनाइटेड र भ्यालेन्सियाले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन्।

## मस्कोमा रियल स्तब्ध

च्याम्पियन्स लिग फुटबलका सर्वाधिक सफल डिफेन्डिङ च्याम्पियन रियल मेड्रिड रसियन क्लब सीएसकेए मस्कोसँग स्तब्ध भएको छ। समूह 'जी' अन्तर्गत मंगलबार राति अवे मैदानमा भएको खेलमा रियल १-० ले पराजित भएको हो।

स्टार खेलाडी गेरेथ बेल, मार्सेलो, इस्कोबिना नै मैदान उत्रिएको रियलले पराजय भोग्नुपरेको थियो। चोटका कारण स्टार खेलाडी गुमाएको रियल खेलको दोस्रो मिनेटमा नै निराश बन्न पुगेको थियो। टोनी क्रुसले दिएको ब्याक पासको फाइदा उठाउँदै मस्कोका निकोला भ्लासिसले निर्णायक गोल गरेका थिए। रियलले खेल अवधिभर गोलका लागि प्रयास गरे पनि सफल हुन सकेन। खेलको ९६औं मिनेटमा इगोर केनफिभले रातो कार्ड पाएपछि मस्को १० खेलाडीमा सीमित बनेको थियो। रियलले समूह चरणको पहिलो खेलमा रोमालाई पराजित गर्दै तीन अंक जोडेको थियो। यसै समूहको अर्को खेलमा रोमाले भिक्टोरिया प्लेजनलाई ५-० को फराकिलो गोलअन्तरले हराउँदै ३ अंक जोडेको छ।

## सिटीको पुनरागमन

इंग्लिस क्लब म्यानचेस्टर सिटीले जर्मन क्लब होफेनहाइमविरुद्ध कठिन जित निकालेर च्याम्पियन्स लिगमा पुनरागमन गरेको छ। च्याम्पियन्स लिगअन्तर्गत समूह 'एफ' को खेलमा सिटीले होफेनहाइमलाई २-१ गोलले हराएको थियो। अवे मैदानमा भएको खेलमा १-० ले पछि परेको अवस्थालाई उल्ट्याउँदै सिटीले जित दर्ता गरेको थियो। पहिलो खेलमा लियोनसँग हारेको सिटीको यो जितसँगै प्रतियोगितामा पुनरागमन भएको छ।

सिटी खेलको पहिलो मिनेटमै पछि परेको थियो। होफेनहाइम इसाक बेलफोडीले गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएका थिए। तर त्यो अग्रता लामो समय टिक्न सकेन। सातौं मिनेटमा सिटीका सर्जियो अग्युरोले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए।

सिटीले पटक-पटक गोलको प्रयास गरे पनि सफल हुन सकेन। जसका कारण विजयी गोलका लागि ८७औं मिनेटसम्म पर्खनुपऱ्यो। सिटीका डेभिड सिल्भाले होफेनहाइमको डिबक्समा डिफेन्डसबाट बल खोसेर सुन्दर गोल गरेपछि सिटीको जित सम्भव भएको थियो। जितसँगै सिटीले तीन अंक जोडेको छ। यसै समूहको अर्को खेलमा साख्तार डोनेत्स्क र लियोनले २-२ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्।

## बेनेफिकाको जित

च्याम्पियन्स लिगअन्तर्गत समूह 'ई' को खेलमा बेनेफिकाले एईके एथेन्सलाई ३-२ ले पराजित समूहमा पहिलो तीन अंक जोडेको छ। यसै समूहको अर्को खेलमा बायर्न म्युनिख र आयाक्सले १-१ गोलको बराबरी खेल्दै समान अंक बाँडेका छन्। यो समूहमा दुई खेलबाट समान ४ अंक जोडे पनि गोल भिन्नताका आधारमा आयाक्स पहिलो र बायर्न दोस्रो स्थानमा रहेका छन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ